NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

**कार्टर सेन्टर : राजनीतिक दलका युवा समूहहरुबीच झडपहरुमा कमी आएको छ तर वाइसिएल र एमाले–युथ फोर्सले आर्थिक प्राप्ति खोज्ने कार्य जारी राखेका छन् ।**

**फेब्रुअरी २८, २०११**

**तत्काल प्रकाशनका लागि**

**एटलान्टामाः डेबोरा ह्याक्स, +१ ४०४–४२०–५१२४**
**काठमाडौंमाः स्यारा लेभिटसोर, +९७७ १ ४४४ ५०५५/१४४६**

**काठमाडौं... ।** आज प्रकाशित एक प्रतिवेदनका अनुसार कार्टर सेन्टरका पर्यवेक्षकहरुले राजनीतिक दलका युवा समूहहरुबीचका झडपहरुमा कमी आएको पाएका छन् । तथापि, एनेकपा माओवादी सम्बद्ध योङ कम्युनिष्ट लिग (वाइसिएल) र केही कम मात्रामा नेकपा-एमालेसम्बद्ध युथ फोर्स[1] आर्थिक प्राप्तितर्फ लक्षित रहिरहेका तथा युवा समूहहरुका गतिविधिले धैरै जिल्लाका सुरक्षा वातावरणमा नकारात्मक असर जारी राखेका छन् ।

“नेपालका राजनीतिक दलका युवा समूहले सकारात्मक भूमिका खेल्ने सम्भावना छ,” कार्टर सेन्टरका प्रजातन्त्र कार्यक्रम सह-निर्देशक डा. डेविड पोट्टी भन्नु हुन्छ । “तथापि, वाइसिएल तथा नेकपा-एमाले युथ फोर्स ठेक्का प्रक्रियाहरुमा हस्तक्षेप, कर संकलन तथा राजनीतिक स्थान, विकास र सार्वजनिक सुरक्षालाई कमजोर बनाउने खालका अन्य गतिविधिहरुमा संलग्न रहेको पाएका छौं ।”

प्रतिवेदनले माओवादीद्वारा वाइसिएलको “अर्धसैनिक कार्यसञ्चालन” अन्त्य गर्न जुन २००८ मा गरिएको सम्झौताको कार्यान्वयनलाई समेत समेटेको छ । सेन्टरले “अर्धसैनिक” शब्दको सर्वसम्मत परिभाषा नभएकाले त्यसको कार्यान्वयन मापन गर्न असहज भएको बताएको छ ।

कार्टर सेन्टरका पर्यवेक्षकहरुद्वारा भ्रमण गरिएका अधिकांश वाइसिएलस्थलहरु सैनिक शैलीको श्रेणी वर्गीकरणमा संगठित भएका देखिएनन् । तथापि, पर्यवेक्षकहरुले कास्कीमा “शीघ्र प्रत्युत्तर बल” को रुपमा लक्षित एक स्थल फेला पारे र त्यहाँका कार्यकर्ताहरु उच्च तहको अनुमतिबिना बाहिर जान नपाउने प्रतीत हुन्थ्यो । पर्यवेक्षकहरुले वाइसिएल कार्यकर्ताहरु निजी तथा सार्वजनिक भवनहरुमा सामूहिक रुपमा बसिरहेको अन्य अवस्था पाए तर त्यस्ता स्थानहरुमा

[1] नेकपा-एमाले युथ फोर्स वाइसिएलको प्रतिकार गर्नका लागि सन् २००८ मा स्थापना गरिएको थियो तर यसका नकारात्मक गतिविधिसम्बन्धी आरोपहरुलाई सम्बोधन गर्ने प्रयासस्वरुप डिसेम्बर २००९ मा दलको प्रत्यक्ष नियन्त्रणमा सारियो । तथापि, यो निर्णयको कार्यान्वयन एकनासले भएको थिएन र कार्टर सेन्टरले धैरै जिल्लाहरुमा एमाले युथ फोर्सका गतिविधिहरुबारे सुनी रहे ।

सैनिक-शैलीको श्रेणी वर्गीकरणको कुनै तथ्य भेटिएनन् । सामूहिक आवासस्थलका आन्तरिक संगठन जेजस्ता भए पनि वाइसिएलको सामूहिक बसोबासले स्थानिय सुरक्षामा चुनौती थप्ने चिन्ता धेरै सरकारी अधिकारी, गैर-माओवादी दलीय प्रतिनिधि तथा नागरिकहरुले व्यक्त गरे ।

समग्रमा, जुन २०१० पछि राजनीतिक दलका युवा समूहहरुले अत्यन्तै कम सार्वजनिक क्रियाकलापहरु गरेका छन् । एनेकपा(माओवादी) तथा एमालेसम्बद्ध युवा समूह सर्वाधिक सक्रिय प्रतीत हुन्छन् भने नेपाली कांग्रेस, मधेशी दलहरु तथा अन्य साना दलका युवा समूहहरुले स्थानिय तहमा थोरै मात्र गतिविधिको आयोजना गरेको देखिन्छ । युवा समूहसदस्यहरु सामुदायिक सेवा तथा विकास निर्माण कार्यजस्ता रचनात्मक कार्यमा संलग्न रहेको बताउँछन् तर त्यस्ता कार्यहरु प्रायःजसो अदृष्य र पुष्टि गर्न असहज छन् । पर्यवेक्षकहरुले मुख्यतः वाइसिएल तथा त्यसभन्दा केही कम नेकपा-एमाले युथ फोर्स संलग्न युवा समूहहरुका कैयौं नराम्रा गतिविधिका बारेमा पनि सुनेका छन् । पूर्वी पहाडमा संघीय लिम्बुवान राज्य परिषद् लिम्बुवान स्वयंसेवकहरु पनि नकारात्मक गतिविधिमा मुछिएका पाइए ।

यो प्रतिवेदन जुन २००९ देखि निर्वाचनपश्चात्को शान्ति तथा संविधान निर्माण प्रक्रियाको पर्यवेक्षण गरिरहेका कार्टर सेन्टरका देशभरिका पर्यवेक्षकहरुले हालै प्राप्त गरेका तथ्यहरुमा आधारित छ । सेन्टरले ३० जिल्लाका राजनीतिक दलका युवा समूह सदस्यहरु, जिल्ला प्रशासन अधिकारी, राजनीतिक दल, नागरिक समाज तथा नागरिकहरुसँग अन्तर्वार्ताका माध्यमबाट जानकारीहरु संकलन गरेको थियो । प्रतिवेदनले राजनीतिक दलका युवा समूहमा को प्रवेश गर्छन्, उनीहरुले के प्राप्त गर्छन् तथा समूहमा प्रवेश गरिसकेपछि उनीहरुका आकांक्षाहरु कस्ता हुन्छन् भन्ने विवेचना गर्दछ । प्रतिवेदनले राजनीतिक दलका युवा समूहहरु संलग्न रहेका गतिविधिहरु तथा ती गतिविधिले मातृ दलहरुद्वारा हस्ताक्षरित शान्ति प्रक्रियाका सम्झौताहरुको पालनालाई समेत सम्बोधन गरेको छ । प्रतिवेदनको अन्त्यमा रहेको अनुसूचिले विभिन्न युवा समूह संगठनहरुले प्रदान गरेका सदस्यता अनुमानहरु तथा सांगठनिक संरचनाजस्ता जानकारी प्रदान गर्दछ ।

नेपालको शान्ति तथा संविधान-निर्माण प्रक्रियासम्बन्धी कार्टर सेन्टरका अघिल्ला प्रतिवेदनहरु http://www.cartercenter.org मा प्राप्त गर्न सकिन्छ ।

####

*"शान्ति स्थापना, रोगविरुद्ध संघर्ष, भरोसाको निर्माण" । लाभरहित उद्देश्यको एक गैरसरकारी संगठन, द कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रवर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकासशील राष्ट्रका किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ । कार्टर सेन्टर सन् १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रवर्द्धन गर्न स्थापित भएको हो । कार्टर सेन्टरबारे अझ जान्न कृपया* www.cartercenter.org *मा हेर्नुहोस् ।*

# नेपालका राजनीतिक दलका युवा समूहहरु

## विषय सूचि


| | | |
|---|---|---|
| अ. | परिचय | १ |
| आ. | कार्यपद्धति | २ |
| इ. | प्राप्त तथ्यहरूको सारांश | ३ |
| ई. | युवा समूहका सदस्यका आवाज | ५ |
| उ. | युवा समूहका गतिविधिहरु | ९ |
| | क. सार्वजनिक गतिविधिका समग्र तहहरू | ९ |
| | ख. गतिविधिहरूबारे युवा समूहहरूद्वारा प्रदान गरिएका विवरणहरू | १० |
| | ग. युवा समूहहरूका बीचमा तनावका श्रोतहरू र अन्य गतिविधिहरू | १२ |
| | घ. “भौतिक शक्ति” को रूपमा युवा समूहहरू | १७ |
| | ङ. युवा समूहहरुप्रतिको सार्वजनिक धारणा | १८ |
| ऊ. | वाइसिएलको “अर्धसैनिक कार्यसञ्चालन” | १९ |
| ए. | निष्कर्ष तथा सुझाव | २६ |

अनुसूचि १: मुख्य शब्दहरुको सूचि २८

अनुसूचि २: राजनीतिक दल तथा पहिचान समूहका युवा समूहहरूको विवरण २९

## अ. परिचय

नेपालका युवाले देशको प्रजातान्त्रिक विकासका निम्ति ऐतिहासिक रूपमा गहन भूमिका खेलेका छन् । तथापि बितेका वर्षहरूमा विशेष गरी एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) सम्बद्ध योङ कम्युनिष्ट लिग (वाइसिएल) को सन् २००६ को पुनःसक्रियता पछि राजनीतिक दलका युवा समूहहरू हिंसात्मक गतिविधिमा संलग्न हुने कार्य बढ्दो छ । सन् २००८ को संविधानसभा निर्वाचनको समयसम्म वाइसिएल जबरजस्ती असुली, धम्की तथा हिंसात्मक गतिविधिमा सरिक थियो । निर्वाचनपश्चात् नेपाल कम्युनिष्ट पार्टी - एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा एमाले) द्वारा वाइसिएल समूहको विरुद्ध युथ फोर्स[२] गठन गरेको देखिन्छ । यस अलावा, वाइसिएल, नेकपा-एमाले युथ फोर्स तथा अन्य दल वा पहिचान समूहका युवा समूहहरू देशभरिका जिल्लाहरूमा राजनीतिक, आर्थिक तथा सुरक्षा वातावरणलाई नकारात्मक असर पुऱ्याउने गतिविधिमा संलग्न रहेका आरोप बारम्बार आएका छन् । स्थानीय तहको नेपाली राजनीति कहिल्यै पूर्णतः शान्त रहेको छैन र निश्चित रुपमा युवाहरूलाई "भौतिक शक्ति"[३] को रूपमा परिचालित गरिएका उदाहरणहरू यसअघि नै विद्यमान छन्, तर सन् २००६ देखि यस्तो प्रवृत्तिमा हुँदै आएको वृद्धिले जिल्लाका प्रशासन अधिकारीहरू, राजनीतिक दलका सदस्य, नागरिक समाज, समुदायका सदस्य, अन्तर्राष्ट्रिय पर्यवेक्षक तथा घरेलु र अन्तर्राष्ट्रिय संचारमाध्यमहरूको ध्यान तानेको छ ।

राजनीतिक दल साथसाथै दलका युवा समूहहरूको आचरणलाई नियन्त्रण गर्नुपर्ने आवश्यकतालाई शान्ति प्रक्रियाका धेरै सम्झौताहरूमा स्वीकारिएको छ । माओवादीहरूले "वाइसिएलको अर्धसैनिक कार्यसंचालन र गतिविधिलाई पूर्णतः अन्त्य गरिनेछ"[४] भनी स्वीकार गरेको जुन २००८ को सम्झौताको दफा ३ युवा समूहहरुसँग सम्बन्धित सबैभन्दा प्रमुखमध्ये एक रहेको छ । एनेकपा(माओवादी) द्वारा गरिएको यस सम्झौताको पालनालाई यसै प्रतिवेदनको "खण्ड ऊ" मा गहन रूपमा उल्लेख गरिएको छ । यस प्रतिबद्धतालाई त्यसपश्चातका सम्झौता तथा माओवादी नेताका वक्तव्यद्वारा संशोधित समयसीमा सहित दोहोऱ्याइएको छ । दलहरूले पनि युवा समूहहरूबीचका हिंसालाई नियन्त्रण गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् ।[५] अन्त्यमा, सबै राजनीतिक दलहरूमाथि लागू हुने राजनीतिक आचरणका सामान्य नियम र कानूनको शासनप्रतिको सम्मानका प्रतिबद्धताहरु मे २००६ को आचारसंहिता, नोभेम्बर २००६ को विस्तृत शान्ति सम्झौताका साथसाथै डिसेम्बर २००७, अप्रिल २००८, जुन २००८ र अप्रिल २००९ मा हस्ताक्षर गरिएका विभिन्न सम्झौताहरूमा समाविष्ट छन् ।

कार्टर सेन्टरले जुन २००९ देखि प्रारम्भ गरेको पर्यवेक्षण नियोगले शुरुदेखि नै स्थानीय तहका राजनीतिक दलका युवा समूहहरूका बारेमा जानकारीहरू संकलन गरिरहेको छ । यो प्रतिवेदन युवा समूहहरूको वर्तमान अवस्थाको सामान्य विवरण प्रस्तुत गर्नुका साथै निम्न मुख्य प्रश्नहरूलाई सम्बोधन गर्ने प्रयासतर्फ लक्षित छ :

- राजनीतिक दलका युवा समूहमा को प्रवेश गर्छन्, उनीहरूले के प्राप्त गर्छन् र उनीहरूको उद्देश्य के हुन्छ ?
- राजनीतिक दलका युवा समूहहरू कुन प्रकारका गतिविधिमा संलग्न हुन्छन् ?

---

[२] नेकपा-एमाले युथ फोर्स सन् २००८ मा वाइसिएलको सामना गर्न स्थापना गरिएको थियो, तर सन् २००९ को डिसेम्बरमा युथ फोर्सका नकारात्मक गतिविधिको आरोपसम्बन्धी चासोहरूलाई सम्बोधन गर्ने प्रयासस्वरूप यसलाई दलको प्रत्यक्ष नियन्त्रणमा सारियो ।

[३] इन्टरनेशनल क्राइसिस ग्रुप (International Crisis Group), क्राइसिस ग्रुप एशिया प्रतिवेदन, अंक १९४, *Nepal's Political Rites of Passage,* २९ सेप्टेम्बर २०१०, पृष्ठ १९ ।

[४] सम्झौता http://www.unmin.org.np/downloads/keydocs/Agreement.to.Ammend.Constitution.2008-06-25.nep.pdf मा उपलब्ध छ ।

[५] उदाहरणका लागि, अप्रिल २००९ मा माओवादी तथा एमालेले बुटवल नगरपालिकामा प्रचण्ड थैवको हत्यापश्चात् युथ फोर्स र वाइसिएलका बीच भएको हिंसात्मक झडप पछि एक द्विपक्षिय सम्झौतामा हस्ताक्षर गरे । कृपया http://www.unmin.org.np/downloads/keydocs/2009-04-13-9.Point.Agreement.UCPNM.UML.ENG.pdf मा उपलब्ध "नेपाल कम्युनिष्ट पार्टी (एमाले) र एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच ९ बुँदे सम्झौता" हेर्नुहोस्, अप्रिल १२, २००९ ।

- युवा समूहहरू आफ्ना मातृ दलले हस्ताक्षर गरेका शान्ति प्रक्रियाका सम्झौताहरूलाई कति हदसम्म पालना गर्छन् ?

प्रतिवेदनको अन्त्यमा रहेको अनुसूचिमा विभिन्न युवा समूहका संगठनहरूद्वारा दिइएको सदस्यताको विवरण अनुमान तथा सांगठनिक संरचनाजस्ता जानकारी समाविष्ट छन् ।

कार्टर सेन्टर नेपालका सबै युवा समूह सदस्यहरू, नेपाली अधिकारीहरू, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजसदस्य, पत्रकार तथा नागरिकहरूलाई यस प्रतिवेदनका लागि उदारतापूर्वक खर्चेको समय र उर्जाका लागि गहिरो धन्यवाद व्यक्त गर्न चाहन्छ ।

**आ. कार्यपद्धति**

यस प्रतिवेदनमा समावेश गरिएका तथ्यहरू कार्टर सेन्टरको नेपालमा जारी शान्ति प्रक्रिया पर्यवेक्षण गर्ने प्रयासको अंशका रूपमा सेन्टरका पर्यवेक्षकहरूले २००९ को जुनदेखि २०११ को जनवरी सम्म संकलन गरेका तथ्यहरूमा आधारित छन् । यस अलावा, सन् २०१० को सेप्टेम्बरदेखि डिसेम्बरसम्म सेन्टरले देशका ३० जिल्लाका राजनीतिक दलसम्बद्ध युवा समूहहरूको विस्तृत जानकारी संकलन गर्न पर्यवेक्षकहरू खटायो ।[६] जनवरी २०११ मा कार्टर सेन्टरका पर्यवेक्षकहरूले एनेकपा(माओवादी) स्थायी समितिको २० डिसेम्बर २०१० को “वाइसिएललाई ब्यारेकमुक्त” गर्ने निर्णयबारे वाइसिएलको ज्ञान र प्रतिकृया बुझ्नका लागि ती मध्ये केही जिल्लाको पुनः भ्रमण गरे ।[७]

यो प्रतिवेदनका लागि कार्टर सेन्टरका पर्यवेक्षकहरूले युवा समूहका विभिन्न सदस्यहरूसँग गरी १०० वटा अन्तर्वार्ताहरू गरे । अन्तर्वार्ता गरिएका अधिकांश व्यक्ति जिल्ला, क्षेत्र वा गा.वि.स. तहमा जिम्मेवारीसहितको पदमा रहेका थिए । पर्यवेक्षकले धेरै सरकारी अधिकारी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, पत्रकार तथा नागरिकसँग समेत अन्तर्वार्ता गरे । हरेक अन्तर्वार्तामा पर्यवेक्षकहरूले युवा समूहको सदस्यता, सांगठनिक संरचना, गतिविधिहरू, तनाव र झडपका स्रोतहरू तथा युवा समूहप्रतिको धारणाको बारेमा जिज्ञासा राखे । केही मामिलाहरूमा सेन्टरले कुरा गरेका व्यक्तिहरूको सुरक्षा तथा गोप्यता कायम राख्नका लागि पहिचान हुने खालका जानकारीहरू खुलाइएको छैन ।

सेन्टरले विद्यार्थी युनियनजस्ता अन्य राजनीतिक रूपमा सक्रिय युवा संगठनहरू अथवा युवा क्लबजस्ता सामान्य युवा संगठनहरूको बारेमा भने जानकारीहरू संकलन गरेन । यस अलावा, यो प्रतिवेदन मुख्य गरी राजनीतिक दलहरूसँग सम्बद्ध युवा समूहहरूप्रति केन्द्रित भए पनि गैरराजनीतिक पहिचान समूहका युवा समूहहरूबारे केही जानकारीहरू पनि समाविष्ट छन् ।

अन्त्यमा, यस प्रतिवेदनमा रहेको नेकपा-एमालेको युवा समूहको सन्दर्भमा एक टिप्पणीः युथ फोर्स वाइसिएलका गतिविधिको प्रतिकारका लागि सन् २००८ मा संविधानसभाको निर्वाचनपछि निर्माण गरिएको थियो । नेकपा-एमालेको सार्वजनिक सूचना विभागका अनुसार नकारात्मक क्रियाकलापप्रतिका चासोहरूको कारण डिसेम्बर २००८ देखि युथ फोर्सका गतिविधिहरू स्थगित गरिएका थिए । स्थगनको निर्णयको कार्यान्वयन कमजोर भए पनि डिसेम्बर २००९ मा युथ फोर्सलाई दलको प्रत्यक्ष नियन्त्रणमा ल्याई भर्खरै नयाँ नाम (युवा संघ नेपाल) दिइएको एमालेको मुख्य युवा समूहमा गाभिएको थियो । तथापि, केन्द्रीय तहका यी निर्णयहरूको बावजुद एमालेका सदस्यहरू, युवा समूहका

[६] पर्यवेक्षकहरूले सन् २०१० को सेप्टेम्बर र डिसेम्बरको बीचमा दुई हिमाली जिल्ला (दार्चुला र दोलखा), १७ पहाडी जिल्ला (बैतडी, भक्तपुर, डडेल्धुरा, डोटी, इलाम, जाजरकोट, कास्की, काठमाडौं, खोटाङ, ललितपुर, लमजुङ, पाल्पा, पर्वत, रोल्पा, रुकुम, सल्यान र सिन्धुली) तथा ११ तराई जिल्ला (बाँके, दाङ, झापा, कैलाली, कन्चनपुर, महोत्तरी, मोरङ, नवलपरासी, रौतहट, सप्तरी र सर्लाही) बाट जानकारीहरू संकलन गरे ।

[७] “माओवादीहरू जनवरी १५ पछि अनमिन चाहन्छन्” (Maoists Want UNMIN After Jan15), द काठमाडौं पोस्ट, डिसेम्बर २१, २०१०: http://www.ekantipur.com/the-kathmandu-post/2010/12/20/top-story/maoists-want-unmin-after-jan-15/216266/

कार्यकर्ता तथा सर्वसाधारणमा युथ फोर्सको अवस्थितिबारे स्पष्ट जानकारी नभएको र धेरै जिल्लामा उनीहरूले युथ फोर्सका गतिविधिहरूबारे कुरा गरेको कार्टर सेन्टरका पर्यवेक्षकहरूले बारम्बार पाए ।[८] सामान्यतः, अन्तर्वार्ता गरिएका व्यक्तिहरूले युवा संघ नेपाललाई रचनात्मकताको जस र युथ फोर्सलाई नकारात्मक गतिविधिको अवजस दिए । यो प्रतिवेदनभरि यसैखालको दृष्टान्त पाइन्छ किनकि कुन गतिविधिका जिम्मेवार कुन संगठन हुन् भन्ने निर्क्योल गर्न कार्टर सेन्टरका पर्यवेक्षकहरूलाई सधैं सम्भव भएन ।

## इ. प्राप्त तथ्यहरूको सारांश

### क. युवा समूह सदस्यहरू

**अन्तर्वार्ता गरिएका नेपाली कांग्रेस तथा नेकपा–एमाले सम्बद्ध युवा समूहका अधिकांश सदस्यहरू दलको युवा समूहमा प्रवेश गर्नुअघि आफ्नै सम्बन्धित राजनीतिक दलसँग आबद्ध थिए ।** तरुण दल तथा एमाले युवा समूहका अधिकांश कार्यकर्ताहरू पहिले विद्यार्थी राजनीतिमा संलग्न भए र पछि आफ्नो राजनीतिक दलको युवा समूहमा प्रवेश गरे । धेरैले आफू राजनीतिक -"सोच" वा "सम्बन्धन" को परिवारका भएको पनि बताए ।

**अन्तर्वार्ता गरिएका अधिकांश वाइसिएल सदस्यहरू पनि वाइसिएल प्रवेश गर्नुअघि माओवादी दलसँग आबद्ध थिए । कार्टर सेन्टरका पर्यवेक्षकहरूले धेरै जिल्लाहरूमा वाइसिएल सदस्यहरू जनमुक्ति सेनाका पूर्व लडाकू रहेका पनि भेटे ।** वाइसिएलका धेरै कार्यकर्ताहरू पनि माओवादी विद्यार्थी संगठनबाट नै प्रवेश गरेका छन् । तथापि, उल्लेख्य रूपमा माथिल्लो पदमा रहेकासहित केही वाइसिएल कार्यकर्ताहरू जनमुक्ति सेनाका पूर्व लडाकूहरू हुन् र उनीहरू दशक लामो द्वन्द्वको अवधिमा सक्रिय थिए । पछि उनीहरूलाई दलले शिविरमा नपठाइ वाइसिएलमा "पठायो" वा उनीहरूले आफैं शिविर छाडे या हटाइए ।

**पहिचानमा आधारित अधिकांश युवा समूह सदस्यहरूले आफ्नो पहिचान समूहका अधिकारहरूको प्रवर्द्धन गर्न समूह प्रवेश गरेको बताए ।** लगभग सबै मधेशी युवा समूहका कार्यकर्ताहरूले उनीहरू मधेशी अधिकारको प्रबर्द्धन गर्न प्रेरित भएका कारणले समूह प्रवेश गरेको बताए । तीमध्ये अधिकांश २००७ को मधेशी आन्दोलनबाट प्रभावित भएका थिए भने केहीले प्रेरणाको रूपमा राजनीतिकर्मीहरूलाई उद्धृत गरे । अन्तर्वार्ता गरिएका अधिकांश लिम्बुवान स्वयंसेवक कार्यकर्ताहरू पहिले एनेकपा(माओवादी), एमाले वा नेपाली कांग्रेससँग सम्बद्ध थिए र "लिम्बुवान राज्यको लागि संघर्ष गर्न" संघीय लिम्बुवान राज्य परिषद्मा प्रवेश गरेका थिए ।

**युवा समूहका धेरै कार्यकर्ताहरूको मनशाय भविष्यमा राजनीति नै गर्ने छ ।** अन्तर्वार्ता गरिएका लगभग सबै वाइसिएल सदस्यहरूले दलले उचित ठानेको कुनै पनि हैसियतमा रही दलमै कार्यरत रहने प्रबल इच्छा व्यक्त गरे । तरुण दल, एमाले युवा संघ नेपाल तथा मधेशी दलका युवा समूहका थुप्रै कार्यकर्ताहरू दलभित्र वा सरकारमा उच्च पदस्थ अधिकारी हुने आशा गर्दछन् । तथापि केही व्यक्तिहरू दलमै पूर्णकालीन काम गर्न नमिल्ने व्यवहारिक बाध्यताप्रति चिन्तित छन् । तरुण दलका केही कार्यकर्ताहरूले नेपाली कांग्रेसमा माथिल्लो हैसियतमा पुग्ने प्रक्रिया लामो र अप्ठ्यारो भएको कारणले दलमै रहिरहनेप्रति चिन्ता व्यक्त गरे ।

### ख. युवा समूहका गतिविधिहरू

**समग्रमा, जुन २०१० देखि कुनै पनि राजनीतिक दलका युवा समूहले आयोजना गरेका सार्वजनिक गतिविधिहरू अत्यन्त कम छन् ।** एनेकपा(माओवादी), एमाले तथा नेपाली कांग्रेसका युवा समूहका केन्द्रीयस्तरका नेताहरूले युवा गतिविधिको

---

[८] उदाहरणका लागि एक पहाडी जिल्लाका युथ फोर्स प्रतिनिधिले युथ फोर्स पूर्ण रूपमा युवा संघ नेपालसँग समायोजित भैसकेको बताइरहँदा छिमेकी जिल्लाका युथ फोर्स प्रतिनिधिले युथ फोर्स पहिलेकै जस्तो बेग्लै अवस्थितिमा रहिरहने बताए । यसअलावा, तराइको एक जिल्लाका एक एमाले नेताले युथ फोर्स युवा संघ नेपालकै एक अङ्ग रहेको बताए भने युवा संघ नेपालका अर्का एक नेताले भने युथ फोर्स आफ्नो गठनभन्दा अलग रहेको बताए ।

मात्रा घटेको स्वीकार गरे । युवा समूहहरूका गतिविधिमा कमी आउनुको मुख्य कारणहरू थिए: १) मातृ दलको केन्द्रीय तहबाट कुनै निर्देशन नआउनु, र २) राष्ट्रिय तहको राजनीतिक गतिरोध ।

**स्थानीय तहमा वाइसिएल सर्वाधिक ठूलो र सक्रिय राजनीतिक युवा समूह प्रतीत हुन्छ ।** त्यसैगरी एमाले युवा संघ नेपाल दोस्रो ठूलो र सक्रिय युवा समूह देखिन्छ । नेपाली कांग्रेस तरुण दलको उपस्थिति सबै जिल्लामा भए पनि प्रायःजसो निष्क्रिय छ । मधेशी राजनीतिक दलहरूले पनि युवा समूह गठन गरेका छन् तर तिनका गतिविधि सीमित छन् । केही साना दल तथा पहिचानमा आधारित समूहले पनि युवा समूहहरू गठन गरेका छन् । तीमध्ये पूर्वाञ्चलको पहाडी क्षेत्रअवस्थित संघीय लिम्बुवान राज्य परिषद् लिम्बुवान स्वयंसेवक अहिलेसम्म सर्वाधिक सक्रिय रहेको छ ।

**युवा समूहका सदस्यहरू सदस्यता अभियान, दलका कार्यक्रमहरूमा सहयोग, विकास कार्य, सामुदायिक सेवा तथा सार्वजनिक सुरक्षालगायतका गतिविधिहरु गरेको उल्लेख गर्छन् ।** कार्टर सेन्टरले तीमध्ये केहीलाई मात्र पुष्टि गर्न सक्यो । प्रायः सबै युवा समूहहरूले सदस्यता अभियान तथा मातृ दलका कार्यक्रमहरूमा सहयोग गर्नेबाहेक सडक निर्माण, सरसफाई, अस्थायी स्वास्थ चौकी, रक्तदान अभियान, वृक्षारोपण, सरसफाईका लागि जनअभियान र तस्करी, व्यापारिक ठगी तथा "असामाजिक तत्व" हरूको नियन्त्रण गर्ने अभियानमा संलग्न रहेको बताएका छन् । तथापि त्यस्ता गतिविधिहरूको पुष्टि गर्न प्रायः असहज भयो ।

**कार्टर सेन्टरका पर्यवेक्षकहरूले युवा समूहका नकारात्मक गतिविधिका समेत थुप्रै विवरण प्राप्त गरेका छन् । आर्थिक प्राप्तिमा लक्षित त्यस्ता गतिविधिहरूमा मुख्यतः वाइसिएल र केही कम मात्रामा नेकपा-एमाले युथ फोर्सको संलग्नता रहेको छ । त्यस्ता गतिविधिले राजनीतिक स्वतन्त्रता, विकास कार्य तथा सार्वजनिक सुरक्षामा प्रत्युत्पादक असर पुऱ्याएका छन् ।** धेरै जिल्लाहरूमा वाइसिएल र केही कम मात्रामा युथ फोर्स ठेक्का प्रक्रियामा हस्तक्षेप, तस्करीमा मिलेमतो, जबरजस्ती चन्दा असुली तथा हिंसात्मक झडपमा संलग्न रहेका छन् । यस अलावा केही जिल्लामा वाइसिएलले राजनीतिक स्थान नियन्त्रणको लागि धम्की र हिंसाको प्रयोग गरेका छन् । अन्त्यमा, पूर्वी पहाडहरूमा संघीय लिम्बुवान राज्य परिषद् लिम्बुवान स्वयंसेवकहरूले ठेक्का प्रक्रियामा हस्तक्षेप गरेको तथा अवैध जंगल फँडानीमा संलग्न रहेको केही विवरणहरु पर्यवेक्षकहरुले जानकारी पाएका छन् ।

**युवा समूहहरूका हिंसा र झडपहरूमा कमी आएको देखिन्छ । तथापि युवा समूहहरू संलग्न भएका लगभग सबै झडपहरूमा वाइसिएल कार्यकर्ताहरूको संलग्नता रहेको र अधिकांश झडप वाइसिएल र एमाले युथ फोर्स कार्यकर्ताबीच भएका छन् ।** युवा समूहहरूबीच हुने तनाव र विवादका अधिकांश प्रत्यक्ष कारकहरू ठेक्का प्रक्रियालाई प्रभावित पार्ने प्रयास, उपभोक्ता समूह वा विद्यालय व्यवस्थापन समिति[९]का छनौट प्रक्रियाहरूमा दवाव दिने प्रयास, सामान्य राजनीतिक तथा व्यक्तिगत विवाद वा विद्यार्थी युनियनबीचका विवादलाई भड्काउने काम र राजनीतिक स्वच्छन्दताको नियन्त्रण र रक्षा गर्ने प्रयास रहेका छन् ।

**अल्पकालको लागि हिंसामा कमी आए पनि युवा समूहहरूलाई "भौतिक शक्ति" को रूपमा प्रयोग गर्ने दीर्घकालीन प्रवृत्तिमा वृद्धि भएको देखिन्छ ।** वाइसिएल र युथ फोर्स सदस्यहरूले आर्जन गरिरहेको आर्थिक उपलब्धिका साथसाथै आक्रामक युवा समूहहरूमा हुने बढी "भौतिक शक्ति" ले अन्य दलहरूलाई पनि यही शैली पछ्याउन प्रेरित गरेका छन् । नेकपा-एमालेको उदाहरणले त्यस्तो शक्तिको स्थापना गरिसकेपछि तिनलाई नियन्त्रण गर्ने चुनौति कति गम्भीर छ भन्ने देखाएको छ ।

ग. <u>वाइसिएलको "अर्धसैनिक कार्यसञ्चालन"</u>

**"अर्धसैनिक" शब्दावलीको साझा परिभाषाप्रति सहमतिको अभावमा वाइसिएलको "अर्धसैनिक कार्यसञ्चालन" को मूल्यांकन गर्न गाह्रो भएको छ ।** एमाले र नेपाली कांग्रेसका प्रतिनिधिहरू सामान्यतः वाइसिएलको "सामूहिक बसोबास" (कार्यकर्ताहरू एउटै स्थानमा सँगै बस्नु) लाई अर्धसैनिक कार्यसञ्चालन भएको तर्क गर्छन् । यस विपरित एनेकपा(

[९] उपभोक्ता समूहहरू जल तथा काठजस्ता स्थानीय स्रोतको व्यवस्थापनका साथै स्थानीय विकास परियोजनाहरूप्रति जिम्मेवार अङ्गहरू हुन् भने विद्यालय व्यवस्थापन समितिहरू विद्यालयको सम्पत्तिको रेखदेख, पाठ्यक्रम निर्धारण तथा निश्चित वर्गका शिक्षकहरुको नियुक्ति तथा व्यवस्थापन गर्ने अङ्गहरू हुन् ।

माओवादी) प्रतिनिधिहरू वाइसिएलको सामूहिक बसोबासले अर्धसैनिक कार्यसञ्चालन नहुने तर यो "मितव्ययी, सिद्धान्तसंगत तथा स्वेच्छिक" मात्र रहेको तर्क गर्छन् ।

**कार्टर सेन्टरले भ्रमण गरेका अधिकांश वाइसिएलस्थल "सैनिक-शैली" मा संगठित देखिएनन् । तथापि पर्यवेक्षकहरूले कास्कीमा "शीघ्र प्रत्यूत्तर बल" (Rapid Response Force) को रूपमा लक्षित एक स्थल भेटे जहाँ अन्तर्वार्ता गरिएका व्यक्तिहरूले संगठनको संरचनाको व्याख्या गर्न सैनिक शब्दावली प्रयोग गरे ।** पर्यवेक्षकहरूले धेरै व्यक्तिहरूसँग कुरा गरे जसले प्लाटुन, ब्रिगेड र कम्पनीहरूको संगठनात्मक संरचनाको वयान गरे, यद्यपि त्यो वर्तमान संरचना थियो वा पुरानो भन्ने स्पष्ट थिएन । अन्तर्वार्ता गरिएका अन्य व्यक्तिहरूले पनि पोखरा क्षेत्रमा हुन सक्ने झडप वा विवादका लागि "शीघ्र प्रत्युत्तर बल" परिचालन गर्ने शिविरको उद्देश्यबारे बताए ।

**कार्टर सेन्टरले वाइसिएलहरू सरकारी भवनमा सामूहिक रूपमा बसिरहेका धेरै उदाहरण पाए भने कतिपय अवस्थामा वाइसिएल निजी भवनहरूमा सामूहिक रूपमा बसिरहेका थिए ।** तीमध्ये कुनै पनि स्थानमा वाइसिएल सैनिक-शैलीमा संगठित भएको वा ती बसोबास दलको निर्देशनमा भएका निश्चित गर्न सकिएन । धेरैजसो अवस्थामा ती दलको निर्देशनमा नभै सहमतिमा भएका देखिन्थे या त परिस्थितिजन्य थिए किनकि पर्यवेक्षकहरूले अन्य जिल्लाबाट स्थानान्तरण भएका र त्यो क्षेत्रमा आफ्नो घर नभएका धेरै वाइसिएल कार्यकर्ताहरूलाई भेटे ।

**पर्यवेक्षकहरूले देशका केही भागमा वाइसिएलले शारीरिक सुगठन वा प्रतिरक्षा तालिम संचालन गरिरहेको छिटपुट विवरणहरू पाए तथापि उनीहरूले वाइसिएलले हतियार प्रयोग गरेको कुनै प्रमाण भेटेनन्, न यसको कुनै विश्वसनीय जानकारी नै पाउन सके ।** पर्यवेक्षकहरूले माओवादीहरूको मे २०१० को विरोध कार्यक्रमपछि देशका केही भागमा आयोजना भएका छिटपुट तालिमका बारेमा मात्र सुनेका छन् । शारीरिक सुगठन वा प्रतिरक्षा तालिमहरूमा कहिलेकाहीं लाठी र खुकुरीको प्रयोग भएको तर हतियारको प्रयोग नभएको जानकारी छ ।

**शब्दावलीको जस्तो प्रयोग भए पनि धेरै सरकारी अधिकारीहरू, गैर-माओवादी दलीय प्रतिनिधि, नागरिक समाज प्रतिनिधि तथा नागरिकहरूले वाइसिएलका सामूहिक बसाइको अवस्थितिबारे चिन्ता व्यक्त गरेका छन् । तथापि, अन्तर्वार्ता गरिएका केही नागरिकहरूले सकारात्मक भाव समेत व्यक्त गरेका छन् ।** चिन्ता व्यक्त गर्नेहरूले सामान्यतः कार्यकर्ताहरूको समूह संलग्न रहेका हिंसा तथा धम्कीका बहुप्रचारित घटनाहरू, विशेष रूपमा अति प्रभावित वा राज्यको उपस्थिति अझै कमजोर रहेका स्थानमा द्वन्द्वको छाप, तथा वाइसिएलका केही जिल्ला नेता र सदस्यहरू जनमुक्ति सेनाका पूर्व लडाकु भएको उदाहरण दिने गरेका छन् ।

### ई. युवा समूह सदस्यका आवाज

युवा समूह[१०]मा को र किन प्रवेश गर्छन्, उनीहरूले दलबाट के प्राप्त गर्छन् र उनीहरूको भविष्यको उद्देश्य के हो भन्ने राम्ररी बुझ्नका लागि कार्टर सेन्टरका पर्यवेक्षकहरूले युवा समूहका सदस्यहरूसँग बेग्लाबेग्लै अन्तर्वार्ताहरू गरे । प्रतिवेदनको यस खण्डले सामान्य प्रतिकृयाहरूको वृहत विवरण प्रस्तुत गर्दछ । अन्तर्वार्ताहरू गरिएका व्यक्ति छनौटमा तल्लो तहका कार्यकताभन्दा माथिल्लो तहका युवा समूह सदस्यहरू बढी देखिने कुरा यहाँ उल्लेख गर्नुपर्ने हुन्छ, किनकि ती व्यक्तिहरू कार्टर सेन्टरका पर्यवेक्षकहरूका लागि सामान्यतः सजिलै उपलब्ध थिए ।

क. तपाईं किन यो युवा समूहमा प्रवेश गर्नुभयो ?

**अन्तर्वार्ता गरिएका अधिकांश तरुण दल तथा एमाले-युवा संघ नेपालका सदस्यहरू पहिले विद्यार्थी राजनीतिमा संलग्न भएपछि राजनीतिक दलका युवा समूहमा प्रवेश गरेका थिए । धेरैले आफू राजनीतिक "विचार" बोकेको वा राजनीति**

[१०]लगभग एक तिहाइ सदस्य महिला रहेको भन्ने राजनीतिक दलका युवा समूहहरूको दावीको बावजुद कार्टर सेन्टरका पर्यवेक्षकहरूले युवा समूह सदस्यहरूसँगको भेटघाटमा अत्यन्तै थोरै मात्र महिलाहरू भेटे । सदस्यहरूले यस्तो प्रवृत्तिका लागि विभिन्न कारणहरू जस्तैः सामाजिक बाध्यता, महिलाहरूको सीमित राजनीतिक चेतना तथा शिक्षा, महिला सदस्यहरू बढी दुर्गम गाउँहरूमा बस्ने हुनाले पर्यवेक्षकहरूसँग भेट्न उपस्थित हुन नसकेको, "सुत्केरी बिदामा रहेको" आदि देखाए ।

**"सम्बद्ध" परिवारको भएको पनि बताए ।**[11] कास्कीका एक तरुण दल प्रतिनिधिले पर्यवेक्षकहरूलाई भने, "म नेपाली कांग्रेसको विद्यार्थी समूहमा थिएँ । मेरा बुवा पनि नेपाली कांग्रेसमा हुनुहुन्थ्यो र म बी. पी. कोइरालाका विचारधाराप्रति मोहित थिएँ । यस पृष्ठभूमिका कारण म तरुण दलमा प्रवेश गरेँ ।" डडेलधुराका तरुण दलका एक प्रतिनिधि आफ्ना बुवा र हजुरबुवा नेपाली कांग्रेसका सदस्य भएको कारणले तरुण दलमा प्रवेश गरेका थिए । उनी सानो उमेरमै राजनीतिप्रति आकर्षित भए र पारिवारिक सम्बन्धका कारणले गर्दा नेपाली कांग्रेस नै तर्कसंगत छनौट रहेको ठहर गरे । यसैबीच, लमजुङका एक एमाले-युवा संघ नेपालका प्रतिनिधिले पर्यवेक्षकहरूलाई बताए, "म एक एमाले परिवारमा जन्मेहुर्केको हुँ । म एमालेको सिद्धान्तप्रति विश्वास गर्छु त्यसैले म सक्षम हुने बित्तिकै एमालेमा प्रवेश गरेँ ।" सल्यानका एक एमाले-युवा संघ नेपालका प्रतिनिधिले आफ्नो बुवा नेपाली कांग्रेसको सक्रिय कार्यकर्ता भएको तर उनी सन् १९९० तिर देखि नै एमाले राजनीतिबाट प्रभावित भएको हुनाले आठौं कक्षामा हुँदा एमाले विद्यार्थी युनियनमा प्रवेश गरेको बताए । पर्यवेक्षकहरूले परिवारका सदस्यहरूको राजनीतिक सम्बन्धनले युवाहरूको राजनीतिमा प्रवेश गर्ने निर्णयलाई प्रभावित पारेको कथनहरू देशभरि सुने ।

**थुप्रै वाइसिएल कार्यकर्ताहरू पनि माओवादी विद्यार्थी युनियनमा प्रवेश गरिसकेपछि युवा समूहमा भित्रिएका छन् । तथापि, उल्लेख्य रूपमा माथिल्लो पदकासहित केही वाइसिएल कार्यकर्ताहरू जनमुक्ति सेनाका पूर्व लडाकुहरू हुन् जो दशक लामो द्वन्द्वकालमा सक्रिय थिए । धेरै वाइसिएल सदस्यहरूले आफ्नो सदस्यताको कारण अन्याय विरुद्ध संघर्षप्रतिको उनीहरूको प्रतिबद्धता भएको बताए ।** दोलखाका एक वाइसिएल प्रतिनिधिले आफू पहिला जनमुक्ति सेनाको लडाकू भएको र माओवादीको लागि संघर्ष जारी राख्न चाहेको बताए । उनले युवाहरू द्वन्द्वको अघिल्लो पंक्तिमा रहेको र विद्रोहका लागि आवश्यक भएको बताए । तराईका एक वाइसिएल प्रतिनिधिले भने, "म माओवादी विद्रोहको उद्गम रोल्पा जिल्लाको हुँ । मेरो ठाउँमा बस्ने मानिसहरू सोझा थिए । राज्यले उनीहरूलाई माओवादीलाई समर्थन गरेको अभियोग लगाउँदथ्यो र मानिसहरू पीडा भोगिरहेका थिए... त्यसैले मैले यस अन्यायको विरुद्ध विद्रोह गर्नका लागि माओवादी दलमा प्रवेश गरेँ... (जब) हाम्रो दलले वाइसिएल गठन गर्ने निर्णय गऱ्यो र मलाई त्यसमा प्रवेश गर्न भनियो... जनमुक्ति सेनाबाट अरुहरूलाई पनि ल्याइयो ।" वाइसिएल बैतडीका दुई युवा कार्यकर्ताहरूले सन् २००१ मा माओवादीमा प्रवेश गरेको बताए र उनीहरूका थुप्रै साथीहरू हाल विभिन्न पदमा रहेर काम गरिरहेको दावी गरेः "द्वन्द्वको अवधिमा हामी सबै समान थियौं, समान काम गर्थ्यौं । अहिले हामी भिन्न समूहमा छौं, हाम्रा केही साथीहरू विद्यार्थी राजनीतिमा छन् भने हामी वाइसिएलमा छौं ।"

**लगभग सबै मधेशी युवा समूहका कार्यकर्ताहरूले आफूहरू मधेशी अधिकारको प्रबर्द्धन गर्न प्रेरित भएको हुनाले प्रवेश गरेको बताए । अधिकांश सनृ २००७ को मधेशी आन्दोलनबाट प्रभावित भएका थिए भने केहीले प्रेरणाका लागि राजनीतिक नेताहरूलाई उद्धृत गरे ।** महोत्तरीका एक मधेशी जनाधिकार फोरम नेपालका युथ फोर्स सदस्यले आफूले मधेशी आन्दोलनको समयमा मधेशी अधिकारहरूलाई प्रबर्द्धित गर्न र भेदभावलाई अन्त्य गर्न सहयोग पुऱ्याउन मजफो प्रवेश गर्ने निर्णय गरेको बताए । नवलपरासीका एक मजफो लोकतान्त्रिक युवा मञ्च प्रतिनिधिले आफूले मधेशी आन्दोलनपछिका केही सभाहरूमा भाग लिएको र मधेशीहरू कसरी सीमान्तकृत भएका छन् भन्ने थाहा पाएको बताए । उनले मजफो लोकतान्त्रिकले जनसभाको समयमा युवा समूहमा नयाँ सदस्यहरू भर्ना गरिरहेको बेला दलसँग सम्पर्क गरेको बताए । रौतहटका एक मजफो नेपाल-युथ फोर्स प्रतिनिधिले रेडियो विज्ञापन तथा माइक उद्घोषणबाट युवा समूहको बारेमा सुनेर "मधेशी महिलाका लागि केही गर्ने इच्छा" का कारण प्रवेश गरेको बताए । रौतहटका अर्का मजफो नेपाल-युथ फोर्स प्रतिनिधिले दलमा प्रवेश गर्नुअघि सक्रिय रूपमा मधेशी मुद्दाहरूमा काम गरिरहेको बताए । उपेन्द्र यादव, बिजय गच्छदारद्वारा नेतृत्व गरिएका राजनीतिक सभाहरूमा सहभागी भइसकेपछि उनले मजफोमा प्रवेश गरे किनकि, "मलाई लाग्यो 'यति थोरै नेताले कसरी सबै थोक गर्न सक्छन्?' उनीहरूलाई मेरो सहयोग चाहिन्छ!"

---

[11] वाइसिएल शक्तिको मुकाविला गर्ने माध्यमका रूपमा युथ फोर्सलाई तीव्र बृद्धि गर्नका लागि एमालेले पनि शंकास्पद पृष्ठभूमि भएका युवाहरूलाई सजिलै भित्र्याएका हल्लाहरू पनि केही जिल्लाहरूमा भएको पर्यवेक्षकहरूले उल्लेख गरे । कार्टर सेन्टरले यी हल्लाहरूलाई पुष्टि वा खण्डन गर्न सकेन । तथापि सेप्टेम्बर २०१० को इन्टरनेशनल क्राइसिस ग्रुपको प्रतिवेदनमा यस्तै भाव उल्लेखित थियो: "आफ्नो युवा समूहको आकार बढाउने प्रयासमा एमालेले अपराधिक तथा हिंसात्मक गतिविधिमा संलग्न रहेका र विगतमा दलसँग औपचारिक रूपमा कम आबद्ध रहेका गुण्डाहरूलाई समेत संलग्न गरायो", इन्टरनेशनल क्राइसिस ग्रुप (International Crisis Group), पृष्ठ १७ ।

**अन्तर्वार्ता गरिएका अधिकांश संघीय लिम्बुवान राज्य परिषद्सम्बद्ध लिम्बुवान स्वयंसेवक कार्यकर्ताहरू विगतमा एनेकपा(माओवादी), नेकपा-एमाले वा नेपाली कांग्रेससँग आबद्ध थिए र पछि "लिम्बुवान राज्यको लागि संघर्ष गर्न" संघीय लिम्बुवान राज्य परिषद्मा प्रवेश गरेका थिए ।** धेरैले संघीय लिम्बुवान राज्य परिषद् एउटै हुँदा नै प्रवेश गरेका थिए र त्यसपछि संघीय लिम्बुवान राज्य परिषद्को एक गुटसँग आबद्ध भए । झापाका एक संघीय लिम्बुवान राज्य परिषद-सञ्जुहाङ[१२] प्रतिनिधिले भने, "म नेपाली कांग्रेसको सदस्य थिएँ । माओवादीहरूले जनयुद्ध शुरु गरेपछि मैले उनीहरूको समर्थन र उनीहरूसँग काम गरेँ, तर सन् २००० मा उनीहरूले आफ्ना ती अति उच्च विचारधारा लागू गर्दैनन् भन्ने निर्क्योलमा म पुगेँ र संघीय लिम्बुवान राज्य परिषद् प्रवेश गरेँ ।" इलामका एक संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्का कार्यकर्ताले भने, "म एमाले युथ फोर्सको सदस्य थिएँ, तर लिम्बुवान स्वयंसेवकमा प्रवेश गर्ने निर्णय गरें किनकि म लिम्बुवान राज्यको आन्दोलनमा सरिक हुन चाहन्थेँ ।" इलामका एक संघीय लिम्बुवान राज्य परिषद्-सञ्जुहाङ प्रतिनिधिले भने, "म पहिले एनेकपा(माओवादी) कार्यकर्ता थिएँ, तर मैले दल छाडेँ । कम्युनिष्ट सिद्धान्तलाई नजिकबाट पढिसकेपछि मैले यो जातिय स्वतन्त्रताको अवधारणासँग नमिल्दो भएको महसुस गरेँ... म लिम्बुवान स्वयंसेवकमा प्रवेश गरेँ किनकि म लिम्बुवान राज्यको लागि संघर्ष गर्नु मेरो पुस्ताको दायित्व भएको ठान्दछु ।"

ख. <u>तपाईंले आफ्नो दलबाट के प्राप्त गर्नुहुन्छ ?</u>

**वाइसिएल कार्यकर्ताहरू "पूर्णकालिक" ले तलब नपाउने बताए । तर उनीहरूले खाना र आवास पाउँछन् । कसैकसैले आधारभूत आवश्यकता, यात्रा वा संचार खर्चहरू पुरा गर्नका लागि दलले केही रकम दिन्छ पनि भने । "अल्पकालिकहरू" ले दलका कार्यक्रमहरूमा बाहेक "पूर्णकालिकहरू" ले पाउनेजस्ता अन्य सुविधाहरू पाउँदैनन् ।** नवलपरासीका एक वाइसिएल प्रतिनिधिले पर्यवेक्षकहरूलाई भने, "म पूर्णकालिक कार्यकर्ता हुँ । मसँग कुनै व्यक्तिगत सम्पत्ति छैन र दलले मेरो हेरविचार गर्छ । म गाउँका जनताहरूसँग जान्छु र उनीहरूले मलाई खान र बस्न दिन्छन् । दलले पनि मलाई यात्रा र संचारको लागि केही रकम दिन्छ ।" कैलालीका एक वाइसिएल प्रतिनिधिले दलले तलब नदिने तर आधारभूत आवश्यकता पूरा गर्नका लागि "सीमित पाकेट खर्च" मात्र दिने बताए । "युद्धको पृष्ठभूमि भएका र घर जान नसक्ने हुनाले" धेरै वाइसिएल कार्यकर्ताहरू पूर्णकालिक भएर काम गर्ने र खाना, आवास, यात्रा तथा सामान्य लुगाको सुविधा पाउने गरेको उनले थपे । अन्तर्वार्ता गरिएका कार्यकर्ताहरूले दलबाट राजनीतिक तालिम पाएको पनि दृढतापूर्वक भने र केहीले शारीरिक तालिम प्राप्त गरेको बताए ।

**यस विपरित युवा संघ नेपाल, तरुण दल र मधेशी दलका युवा समूह कार्यकर्ताहरूले दलबाट आवास वा गोजी खर्च नपाउने बताए । केहीले दलका कार्यक्रम अवधिमा सीमित आर्थिक सहयोग प्राप्त गर्ने बताए भने अन्यले कार्यक्रमहरू संचालन गर्न आफूले व्यक्तिगत चन्दा दिनु पर्ने बताए ।** नेपाली कांग्रेस तथा एमाले युवा समूहका केही सदस्यहरूले दलबाट तालिम पाउने गरेको र कहिलेकाहीं जागिर खोज्न सहयोग पाउने गरेको पनि उल्लेख गरे । पाल्पाका एक एमाले-युवा संघ नेपाल प्रतिनिधिले पर्यवेक्षकहरूसँग भने, "वाइसिएलले सबैथोक पाउँछन्: खाना, बास, तलब आदि । एक किसिमले यो राम्रो हो किनकि उनीहरूले आफ्नो सारा समय दलको निम्ति समर्पित गर्न पाउँछन् र दलका सिद्धान्तको अध्ययन र ज्ञान बढाउन पाउँछन् । म मेरो सम्पूर्ण समय एमालेलाई समर्पण गर्न चाहन्छु तर मैले आय आर्जन पनि गर्नु पर्ने भएकोले म त्यसो गर्न सक्दिनँ ।" नवलपरासीका एक तमलोपा युवा मोर्चा प्रतिनिधिले पर्यवेक्षकहरूलाई भने, "हामी हाम्रो दलबाट न पैसा, न तालिम, केही पाउँदैनौं । संगठनका लागि आवश्यक परेको बेला म आफ्नै खल्तीबाट पैसा खर्च गर्छु ।" नवलपरासी कै एक मजफो लोकतान्त्रिक-युथ फोर्स प्रतिनिधिले बताए, "हामी हाम्रा सार्वजनिक कार्यक्रमहरूमा युवाहरूलाई हाम्रो दलले कुनै पैसा दिँदैन त्यसैले पैसाको आशामा हाम्रो समूहमा प्रवेश नगर्नु भन्छौं ।" यो प्रवृत्तिको एक मात्र सम्भाव्य अपवाद संघीय लिम्बुवान राज्य परिषद्को लिम्बुवान स्वयंसेवक समूह हो । इलामस्थित संघीय लोकतान्त्रिक राष्ट्रिय मोर्चा-सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्का एक

[१२] संघीय लिम्बुवान राज्य परिषद्का तीन मुख्य गुट छन्: कुमार लिङ्देन, सञ्जुहाङ पालुङ्वा र मिसेकहाङ थाम्सुहाङ नेतृत्वका । हरेकमा लिम्बुवान स्वयंसेवक नामका युवा समूहहरू छन् । संगठनको अनुरोधका कारण प्रतिवेदनभरि कुमार लिङ्देन नेतृत्वको संघीय लिम्बुवान राज्य परिषद्लाई "संघीय लोकतान्त्रिक राष्ट्रिय मोर्चा-सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्" भनिएको छ ।

कार्यकर्ताले पर्यवेक्षकहरूलाई भने “दलले लिम्बुवान स्वयंसेवकहरूलाई तलब दिँदैन, पूर्णकालिक भए पनि दिँदैन, तर उनीहरूमध्ये केहीलाई आवास तथा खाना दिन्छ,” । उनले संघीय लिम्बुवान राज्य परिषद्ले वाइसिएलको ढाँचा अनुशरण गर्न खोजिरहेको हुनसक्ने तर्फ संकेत गरे ।

ग. तपाईंका भावी योजना वा आकांक्षा के छन् ?

**लगभग सम्पूर्ण वाइसिएल कार्यकर्ताहरूले दलले यथोचित मानेको कुनै पनि पदमा रहेर दलसँग नै सम्बद्ध भैरहने ठूलो इच्छा व्यक्त गरे । धेरै वाइसिएल सदस्यहरूले द्वन्द्वको अवधिमा माओवादीका लागि जीवन उत्सर्ग गर्ने कार्यकर्ताहरूलाई आफ्ना आदर्श बताए ।** कैलालीका एक वाइसिएल प्रतिनिधिले भने, “मैले मेरो जीवन दलको लागि बाँचेको हुँ र म बाँचुन्जेलसम्म यसै गर्छु । दल हाम्रो लागि जीवन हो । दल छाड्ने मेरो कुनै योजना छैन ।” खोटाङका एक वाइसिएल प्रतिनिधिले पर्यवेक्षकहरूसमक्ष भने, “मसँग राजनीतिबाहेक अन्य कुनै सोच छैन । मैले मेरी श्रीमती र परिवारलाई मबाट धेरै आशा नगर्नु भनेर भनिसकेको छु किनकि दल मेरो प्राथमिमकता हो ।” कास्कीका एक वाइसिएल प्रतिनिधिले वयान गरे, “मेरो जातै कम्युनिष्ट हो, म एक कम्युनिष्ट जातको हुँ । म मेरो अन्तिम श्वाससम्म कम्युनिष्ट पार्टीमा रहनेछु । म नेपाल परिवर्तन नहुन्जेलसम्म विद्रोह जारी राख्नेछु । म मेरो देशलाई अझ बढी समानता र अवसर प्राप्त गर्नका लागि परिवर्तन गर्न चाहन्छु । म कुर्सीको मतलब गर्दिनँ र कुर्सी वा ठूलो नेता बन्नेप्रति मेरो कुनै महत्वाकांक्षा छैन ।” दोलखाका एक वाइसिएल प्रतिनिधिले आफू जीन्दगीभरि राजनीतिक रूपमा सक्रिय रहने तर दलभित्र आफ्नो कुनै विशेष महत्वाकांक्षा नभएको बताए: “म यहाँ यो (माओवादी) कार्यालयमा बस्छु र मेरो वरिपरिका शहीदहरूका तस्वीरले मलाई हेरिरहेको देख्छु । यसले मलाई आन्दोलनमा जुटिरहन प्रेरित गर्छ ।”[१३]

**तरुण दल, एमाले-युवा संघ नेपाल तथा मधेशी दलका युवा समूहका थुप्रै कार्यकर्ताहरूले भविष्यमा राजनीतिक पेशाको अभिलाषा राखेका छन् । अधिकांशतः उनीहरू दल वा सरकारको माथिल्लोस्तरको पदमा जाने आशा राख्छन् ।** दोलखाका एक एमाले-युवा संघ नेपाल प्रतिनिधिले आफ्नो सम्पूर्ण जीवन राजनीतिमा बिताएको र सकेसम्म चाँडो माथिल्लो स्तरमा पुग्न चाहेको बताए र भने, “शारीरिक रूपले यो कार्य सुचारु राख्न असम्भव भएपछि मात्र छाड्छु ।” बाँकेका एक तरुण दलका प्रतिनिधिले राजनीतिमा संलग्नता यथावत राख्ने र ४५ वर्ष पुगेपछि नेपाली कांग्रेसको केन्द्रीय समिति सदस्य हुने तथा तरुण दलबाट “उमेरको हदमा” बिदा लिने बताए । कास्कीका एक एमाले-युवा संघ नेपाल प्रतिनिधिले पर्यवेक्षकहरूसमक्ष भने, “म राजनीति गरिरहन्छु र मेरो दलको केन्द्रीय समितिमा जान चाहन्छु ।” सप्तरीका एक मजफो(नेपाल)-युथ फोर्स प्रतिनिधिले कार्टर सेन्टरका पर्यवेक्षकहरूलाई भने, “म राजनीतिमा रहिरहन चाहन्छु किनकि मेरो लागि राजनीति नै जीवन हो! म चाँडै मातृ दलमा जानेछु र आगामी निर्वाचनमा संसद सदस्यको रूपमा प्रतिस्पर्धा गर्ने आशा गर्छु । म दलको भावी नेता हुने र नेपालकै भावी नेता हुने आशा गर्छु । शायद नेपालको राष्ट्रपति हुने ।”

**राजनीतिलाई नै पेशा बनाउने आकांक्षाका वावजुद तरुण दल, एमाले-युवा संघ नेपाल तथा मधेशी दलका युवा समूहका केही कार्यकर्ताहरूले पूर्णकालीन राजनीतिमा प्रवेश गर्नका लागि आर्थिक अवस्थाले समस्या पार्ने कुरा व्यक्त गरे । तरुण दलका केही कार्यकर्ताले दलमै आवद्ध रहनेप्रति चिन्ता व्यक्त गर्दै नेपाली कांग्रेसमा पदोन्नति हुनका लागि लामो र अप्ठ्यारो प्रक्रियाको बारेमा उल्लेख गरे ।** डडेलधुराका एक तरुण दल प्रतिनिधिले आफू राजनीतिमा रहन चाहेको तर आर्थिक जोखिमको कारण परिवारले समर्थन नगरेको बताए । सर्लाहीका एक नेपाली कांग्रेस प्रतिनिधिले पनि आफू पार्टीमै रहन चाहेको तर स्थानीय तहका नेताहरूले दलभित्र प्रगति गर्न गाह्रो हुने सोच व्यक्त गरे । उनले पदोन्नतिका लागि मान्छेले दलको कडा पद्धतिको अनुशरण गर्नुपर्ने बताए: “म केन्द्रीय नेता बन्न चाहन्छु, तर यो लामो र अप्ठ्यारो प्रक्रिया छ ।” जाजरकोटका एक एमाले-युवा संघ नेपालका कार्यकर्ताले आफू समाजको सेवा गर्न राजनीतिमा लागेको बताए । उनले थप्दै भने राजनीति गर्न “सक्षम” हुन धनी परिवारको हुनु पर्छ तर उनी धनी छैनन् । अन्त्यमा, तमलोपा-युवा मञ्चका एक काठमाडौं प्रतिनिधिले आफू सिभिल इन्जिनियरको तालिम लिँदै गरेको तर पूर्णकालीन हुन

[१३] तथापि यस प्रतिवेदनमा रहेका अन्तर्वार्ताहरूमा उल्लेख नगरिएको भए पनि केही माओवादी प्रतिनिधिहरूले कार्टर सेन्टरका पर्यवेक्षकहरूसमक्ष २००६ पछि भर्ती भएका वाइसिएल कार्यकर्ताको समर्पणका बारेमा चासो व्यक्त गरेका छन् (कृपया यस प्रतिवेदनको **खण्ड उ-ग** र सेप्टेम्बर २०१० को इन्टरनेशनल क्राइसिस ग्रुप को पृष्ठ १७ मा हेर्नुहोस्)

नसके पनि राजनीतिमा प्रतिबद्ध रहिरहन चाहेको बताए: "राजनीतिमा धेरै बुद्धिजीवीहरू लागेका छैनन् । समस्या प्रणाली मै छ । प्रणालीलाई परिवर्तन गर्नका लागि राजनीतिज्ञ बन्नु पर्छ, तर तलब नआउने हुनाले यसलाई व्यवहारिक विकल्प बनाउन सकिँदैन ।"

**संघीय लिम्बुवान राज्य परिषद्का लिम्बुवान स्वयंसेवकहरूलाई उनीहरूको व्यक्तिगत भावी योजनाहरूबारे सोधिँदा अधिकांशले "भविष्य भनेको लिम्बुवान हो" भन्ने दावी गरे ।** इलामका एक संघीय लिम्बुवान राज्य परिषद्-सञ्जुहाङ प्रतिनिधिले भने, "इतिहासले मेरो पुस्ताका युवालाई लिम्बुवान राज्य प्राप्त गर्ने जिम्मेवारी दिएको छ... मेरो समय पुरा भएपछि म उदारतापूर्वक यो जिम्मेवारी अर्को पुस्तालाई सुम्पिनेछु ।" झापाका एक संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् प्रतिनिधिले आफ्नो भविष्य स्वतन्त्र लिम्बुवान राज्य भएको बताए भने इलाम अवस्थित अर्का संघीय लिम्बुवान राज्य परिषद्-सञ्जुहाङ प्रतिनिधिले यस्तो भावना प्रतिध्वनित गरे: "भविष्यका योजनाहरूले भावी लिम्बुवान राज्यसँग मात्र सम्बन्ध राख्दछन् ।"

## उ. युवा समूहका गतिविधिहरू

युवा समूहका गतिविधिहरूलाई सकारात्मक तथा रचनात्मक गतिविधिहरूदेखि नकारात्मक र आक्रामक वा हिंसात्मक गतिविधिसम्मका सिलसिलामा चित्रित गर्न सकिन्छ । केही मामिलामा युवा समूहका सदस्यहरूले गर्वका साथ ठहर गरेका सकारात्मक उपलब्धीहरूलाई जिल्ला प्रशासन, अन्य दल वा समुदायका सदस्यहरूद्वारा नकारात्मक रूपमा लिइन्छन् । "सार्वजनिक सुरक्षा" सँग सम्बन्धित गतिविधिहरू यसका राम्रा उदाहरणहरू हुन् । यस अलावा, पर्यवेक्षकहरूले सरकारी अधिकारीहरू, निजी क्षेत्रका सदस्य, नागरिक समाज प्रतिनिधि, पत्रकार तथा नागरिकहरूले सामान्यत: मातृ दल, युवा समूह, भातृ समूह तथा विद्यार्थी युनियन सदस्यबीचमा फरक छुट्याउन नसकेकाले विशेष गतिविधिमा युवा समूहको सहभागितालाई पुष्टि गर्न जटिल भएको पाएका छन् । यो खण्डले युवा समूहहरूका हालैका गतिविधिहरू, गतिविधिहरुबारे उनीहरुको स्वघोषित विवरण, कार्टर सेन्टरको जानकारीमा भर्खरै आएका युवा समूहहरूबीचका तनाव वा झडप निम्त्याउने अन्य गतिविधिहरू, युवा समूहहरूलाई "भौतिक शक्ति" को रूपमा प्रयोग गर्ने दीर्घकालीन प्रवृत्तिको सम्भाव्यता तथा युवा समूहहरुप्रतिको जनताका धारणाहरुजस्ता समग्र तहहरूलाई समेटेको छ ।

### क. सार्वजनिक गतिविधिका समग्र तहहरू

जुन २०१० देखि राजनीतिक युवा समूहहरूका समग्र सार्वजनिक गतिविधिहरू सीमित छन् । गतिविधिहरूको न्यूनताको वावजुद वाइसिएल सबैभन्दा सक्रिय युवा समूह भएको कार्टर सेन्टरका पर्यवेक्षकहरूले पाएका छन् । नवलपरासी, डडेल्धुरा, सर्लाही, भक्तपुर तथा अन्य जिल्लाका कार्यकर्ताहरूले वाइसिएलले हालै आयोजना गरेका गतिविधिहरू उल्लेख गरे । तथापि, एक जनाले भने: "आम आन्दोलनको बेलामा हामी अघिल्लो श्रेणीमा रहन्छौं ।" एमाले-युवा संघ नेपाल स्थानीय तहमा दोस्रो सर्वाधिक सक्रिय युवा समूहको रूपमा पाइयो । यसले पनि हालैका महिनामा थोरै मात्र सार्वजनिक गतिविधिहरू भएको बतायो ।

तुलनात्मक रूपमा तरुण दल सार्वजनिक रूपमा वाइसिएल वा युवा संघ नेपाल दुवैभन्दा कम सक्रिय छ र केही जिल्लाहरूमा लगभग पूर्णत: निष्कृय देखिन्छ । तरुण दलका अधिकांश नेताहरूले दलको महाधिवेशनपछिका महिनाहरूमा सक्रियता बृद्धि हुने आशा गरेको बताए । धेरै मधेशी राजनीतिक दलहरूले युवा समूहहरू गठन गरेका छन् र तिनलाई मुख्यत: तराईमै केन्द्रित गरेका छन् । तर उनीहरूका गतिविधिहरू पनि सीमित भएको बताइन्छ । मधेशी युवा समूहहरूले अहिलेसम्म गरेको सबैभन्दा उल्लेख्य गतिविधि भने अक्टुबर २०१० मा तराईका धेरै जिल्लाहरूमा गरिएको मतदाता दर्ता कार्यक्रममा अवरोध हो । अन्त्यमा, केही साना दल तथा पहिचानमा आधारित समूहहरूले पनि युवा समूह गठन गरेका छन् । यीमध्ये संघीय लिम्बुवान राज्य परिषद्आबद्ध लिम्बुवान स्वयंसेवकहरू अहिलेसम्म सबैभन्दा बढी सक्रिय छन् । अन्त्यमा, ब्राह्मण र क्षेत्री समाजदेखि राजमो को अखिल नेपाल युवा संघसम्मका युवा समूहहरूले थोरै मात्र सार्वजनिक कार्यक्रमहरू आयोजना गरेको पाइयो । युवा समूहका गतिविधिको

न्यूनताका मुख्य कारणहरू यसरी उल्लेख गरिए: १) मातृ दलको केन्द्रीयस्तरबाट निर्देशनहरू नहुनु, र २) राष्ट्रिय तहमा राजनीतिक गतिरोध ।

ख. गतिविधिहरूबारे युवा समूहहरूद्वारा प्रदान गरिएका विवरणहरू

युवा समूहका सदस्यहरू कार्टर सेन्टरका पर्यवेक्षकहरूसँग उनीहरूको सामुदायिक सेवा तथा अन्य "सकारात्मक कार्य" मा सहभागिताका कुराहरूलाई जोड दिन्छन् । पर्यवेक्षण अवधिमा युवा समूह सदस्यहरूले बताएका खास गतिविधिहरू यस्ता थिए, जस्तैः दल निर्माण एवं सदस्यता वितरण, चेतना अभिवृद्धि, विकास एवं सामुदायिक सेवा, मातृ दलका कार्यक्रमहरू तथा सार्वजनिक सुरक्षा व्यवस्थामा सहयोग । तथापि यी गतिविधिहरू प्रायःजसो स्वघोषित र कम प्रभावकारी देखिन्थे । युवा समूहका सदस्यहरूबाहेक कुनै पनि स्थानीय नागरिकले युवा समूहका "सकारात्मक" गतिविधिबारे जानकारी भएको जनाएनन् । कार्टर सेन्टरका पर्यवेक्षकहरूले पनि गा.वि.स. तहमा युवा समूहका रचनात्मक कार्यको दावीलाई पुष्टि गर्न सकेनन् ।

**लगभग सबै युवा समूहहरूले दल निर्माण तथा सदस्यता अभियानलाई आफ्नो प्राथमिक गतिविधि भएको उल्लेख गरे । मधेशी दलका युवा समूह सदस्यहरूलगायत अन्य धेरैले आफ्नो मातृ दललाई जिल्ला वा गा.वि.स. तहका कार्यक्रममा सहायता प्रदान गर्नु पनि आफ्नो गतिविधि रहेको बताए ।** धेरै जिल्लाका वाइसिएल प्रतिनिधिहरूले युवाहरूलाई कम्युनिष्ट बन्न उत्साहित गर्न र वाइसिएलमा प्रवेश गराउन सदस्यता अभियान चलाएको बताए । सर्लाहीका तरुण दल प्रतिनिधिहरूले सन् २००८ को संविधानसभा निर्वाचनपछि दलले गुमाएका समर्थकहरू फर्काउनका लागि नयाँ सदस्य भर्ना गर्ने प्रयास गरिरहेको बताए । रौतहट, सर्लाही, मोरङ, बाँके र नवलपरासीका मजफो(नेपाल) युवा समूहका कार्यकर्ताहरू तथा स्थानीय नागरिकहरूले दलका कार्यकर्ताहरूले चेतना अभिवृद्धि तथा नयाँ सदस्य भर्ना गर्नका लागि जिल्ला भ्रमण गरेको उल्लेख गरे । देशभरिका सबै युवा समूहका सदस्यहरूले यस्तै प्रतिक्रियाहरू दिए ।[१४] यस अलावा, मातृ दलको कार्यक्रमका लागि सहयोग पनि विशेष गरी मधेशी दलका युवा समूह सदस्यहरुद्वारा उल्लेख गरियो । उदाहरणका लागि, पर्यवेक्षकको महोत्तरी भ्रमणको दैरान मजफो(नेपाल)-युथ फोर्स प्रतिनिधिहरू दलका अध्यक्ष उपेन्द्र यादव तथा एक स्थानीय संविधानसभा सदस्यको भ्रमण व्यवस्थापन गर्न व्यस्त भेटिए ।

**राजनीतिक दलका युवा समूह सदस्यहरूले विकास, सामुदायिक सेवा तथा "चेतना अभिवृद्धि" क्रियाकलापहरूका बारेमा पनि बताए । रक्तदान र वृक्षारोपण कार्यक्रमजस्ता कार्यहरूलाई उनीहरूले स्थानीय समुदायको लागि सकारात्मक योगदानको रूपमा ग्रहण गरेको पाइयो ।** कार्टर सेन्टर यी मध्ये केही विवरणहरूलाई पुष्टि गर्न सक्षम भएको थियो । उदाहरणका लागि रौतहट र काभ्रेपलान्चोकका वाइसिएलले सडक मर्मत तथा बस बिसौनीसँग सम्बन्धित भौतिक निर्माण कार्य गरेको पर्यवेक्षकहरूले पुष्टि गरे । यस अतिरिक्त, कन्चनपुरमा जिल्ला प्रशासन कार्यालयको समन्वय बमोजिम वाइसिएल, युथ फोर्स नेपाल र तरुण दलले बाढी नियन्त्रणमा सहयोग गरेको विश्वसनीय विवरणहरू पाइयो । सल्यानमा एमाले युवा संघ नेपालले एक खाद्य ठेकेदारका गैरकानूनी गतिविधि बन्द गराएर उनलाई प्रहरी समक्ष बुझाएको एक विश्वसनीय घटना थियो । साथै कैलालीमा एमाले युवा संघ नेपालले अञ्चल अस्पतालमा फलफुल वितरण गरेको टोलीले पुष्टि गऱ्यो । अन्त्यमा, सर्लाहीका केही तमलोपा युवा मञ्च सदस्यहरूले दलका अध्यक्ष महन्थ ठाकुरद्वारा उद्घाटन गरिएका अतिथि गृहहरू निर्माणमा सहयोग गरेको र उक्त कार्यलाई समुदायले स्वागत गरेको बताइयो ।

तथापि, युवा समूहहरूले बताएका अधिकांश क्रियाकलापहरूलाई कार्टर सेन्टरका पर्यवेक्षकहरूले पुष्टि गर्न सकेनन् । वाइसिएलले झापा र अन्य जिल्लाहरूमा सरसफाइ अभियान र "सशक्तिकरण कार्यक्रम" हरूबारे उल्लेख गऱ्यो । एमाले-युवा संघ नेपालका प्रतिनिधिहरूले रौतहटमा सीमा पार गर्ने नेपाली नागरिकहरूलाई गर्ने व्यवहारमा सुधार गर्नका लागि एक ज्ञापन पत्र बुझाएको; नवलपरासीमा रोजगारी सीप तालिमहरू संचालन गरेको; र डडेल्धुरामा

[१४] तथापि, सदस्यता अभियानका दावीहरू गा.वि.स. भ्रमणबाट पुष्टि हुन नसकेको कार्टर सेन्टरका पर्यवेक्षकहरूले बताए जसकारण पर्यवेक्षकहरूका लागि त्यस्ता विवरणहरू शंकास्पद थिए । केही टोलीहरूले युवा समूहका सदस्यहरूले अन्य कुनै उल्लेख्य गतिविधिहरू देखाउन नसकेको हुनाले प्रायः "सदस्यता अभियान" भन्ने गरेको बताए ।

वनविनाशका जोखिमहरूबारे "चेतना अभिवृद्धि" अभियानहरू संचालन गरेको[१५] बताए । तरुण दलले खोटाङमा गाउँलेहरूका लागि आँखा जाँच केन्द्रको आयोजना गरेको बताए भने मधेशी दलका युवा समूहहरूले वृक्षारोपण, किटनाशक औषधी छर्कने, सरसफाइ अभियान, स्वास्थ्य केन्द्रहरू तथा मधेशीहरूलाई राज्यका सुरक्षा अंगहरूमा समावेश गर्ने कार्यलाई प्रबर्द्धन गर्ने अभियानहरू चलाएको बताए । संघीय लिम्बुवान राज्य परिषद् लिम्बु स्वयंसेवकले बाढी पीडितलाई सहयोग, सरसफाइ कार्यक्रम, विभिन्न उद्धार कार्यहरू तथा गाउँलेहरूलाई लागूऔषधको प्रयोग र डकैतीहरूबाट मुक्त गराउनेलगायतका सार्वजनिक हितका लागि "सामाजिक कार्य" को पनि उल्लेख गरे । अन्ततः, मातृका यादवनेतृत्वको नेकपा(माओवादी) समर्थित युवा जन सुरक्षा बलले आफ्नो प्राथमिक कार्य गा.वि.स. को वजेट विनियोजनको अनुगमन, विकास कार्यको कार्यान्वयन जाँच तथा भ्रष्टाचारका गतिविधिहरूलाई जिल्ला प्रशासनमा जानकारी गराउनु रहेको बताए ।

**वाइसिएल, नेकपा-एमालेको युथ फोर्स तथा संघीय लिम्बुवान राज्य परिषद्को लिम्बुवान स्वयंसेवकले सार्वजनिक सुरक्षालाई मुख्य क्रियाकलापको रूपमा उल्लेख गरे र तस्करी रोक्नेजस्ता उदाहरणहरू उद्धृत गरे । युवा समूहका सदस्यहरुले सधैं रचनात्मक सन्दर्भमा उल्लेख गरे पनि यथार्थमा यी गतिविधिहरूले मिश्रित वा कतैकतै स्पष्ट नकारात्मक चित्र प्रस्तुत गरे ।** दशैं र तिहारको बिदाको अवधिमा केही जिल्लाका वाइसिएल कार्यकर्ताहरूले केन्द्रीय तहको निर्देशनको हवाला दिँदै जुवा तथा मदिरा सेवन जस्ता "समाजलाई विसंगति" र अपराधिक गतिविधिहरूलाई नियन्त्रण गर्न परिचालित हुने बताए । वाइसिएल प्रतिनिधिहरूले नेपाल-भारत सीमा रहेका धेरै जिल्लाहरूमा तस्करी रोक्न गरिएका प्रयासबारे पनि बताए । उदाहरणका लागि कन्चनपुरका एक अधिकृतका अनुसार तस्करी भै जिल्ला बाहिर लगिन लागेको काठ फिर्ता गर्न र जंगलमा लुकिरहेका अपराधिक समूहहरूलाई नियन्त्रण गर्न वाइसिएलको सहयोग प्रभावकारी थियो । तथापि वाइसिएलको तस्करी रोक्ने विवरणहरू कहींकहीं विवादास्पद थिए वा कार्यकर्ताहरू त्यस खालका प्रयासहरूबाट प्राप्त गर्ने अनुचित फाइदासँग जोडिएका थिए । त्यसै जिल्लाका एनेकपा(माओवादी) का एक प्रतिनिधिले वाइसिएल कार्यकर्ताहरूले तस्करी गरिएका मोवाइल फोनहरूको झिटिगुन्टा समातेर कसरी फाइदा लिए भनेर पर्यवेक्षकहरूलाई बताए । तथापि अन्तर्वार्ता गरिएका अर्का व्यक्तिले वाइसिएलले तस्करी हुन लागेका ती मोवाइल फोनहरूमध्ये दुई तिहाइजति आफूले राखेको र बाँकी एक तिहाइ मात्र पुरस्कारको लागि अधिकारीहरूलाई बुझाएको आरोप लगाए । कैलाली र रौतहटमा अन्तर्वार्ता गरिएका व्यक्तिहरूले तस्करीमा वाइसिएलको साँठगाँठ भएको र सीमा वारपार गर्नका लागि तस्करहरूसँग शुल्क लिने गरेको विश्वसनीय कथनहरूको जानकारी दिए ।

एमालेका युवा संघ नेपाल र युथ फोर्स प्रतिनिधिहरूले तस्करी रोक्नका लागि वृद्धि गरिएको सक्रियता बारेमा पनि बताए । रौतहटमा अन्तर्वार्ता गरिएका धेरै व्यक्तिहरूले एमाले-युवा संघ नेपालले भारतबाट खाद्य, मल वा मेशिनरी जस्ता औजारहरू अवैध रूपमा ल्याइरहेका व्यक्तिहरूलाई समातेर कर तिर्नका लागि भन्सार कार्यालयसम्म पुऱ्याएको बताए । भक्तपुरका एक वरिष्ठ एमाले-युवा संघ नेपालका नेताले गएको वर्ष युवा समूहले सिन्धुपाल्चोकको नेपाल-चीन सीमामा गैरकानूनी रूपमा सामानहरू ओसारपसार गरिरहेका सवारीसाधनलाई समातेको पर्यवेक्षकहरूलाई बताए । तथापि पर्यवेक्षकहरूले यसलाई पुष्टि गर्न सकेनन् । पर्यवेक्षकहरूले एमाले-युथ फोर्सको पनि वाइसिएल जस्तै अवैध जंगल फँडानी तथा काठ तस्करी जस्ता कार्यहरूमा साँठगाँठको आरोपहरू सुने । कैलालीमा एमाले-युथ फोर्सले सीमा पार गर्ने तस्करहरूबाट अत्यन्त व्यवस्थित रूपले शुल्क लिने गरिरहेको पर्यवेक्षकहरूलाई बताइयो ।[१६]

संघीय लिम्बुवान राज्य परिषद् लिम्बु स्वयंसेवकहरूले पनि सार्वजनिक सुरक्षालाई आफ्नो क्रियाकलापको मुख्य केन्द्रबिन्दु भने । झापा र इलाममा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च-सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् प्रतिनिधिहरूले लिम्बुवान स्वयंसेवकको सुरक्षा प्रत्याभूति दिलाउन, अवैध क्रियाकलापको सामना गर्ने तथा लागू औषध, तस्करी, अवैध धन्दाजस्ता "खराब प्रवृत्तिहरू बन्द गर्ने" कार्यमा लक्षित रहेको बताए । झापाका संघीय लिम्बुवान राज्य परिषद्-सञ्जुहाङ प्रतिनिधिले जनरक्षकहरूले दलका सदस्यहरूको सुरक्षाका लागि जिल्लामा "गस्ती" गर्ने बताए पनि

---

[१५] यस दावीलाई अन्य उत्तरदाताहरूले समर्थन गरेका थिएनन् ।

[१६] छिमेकको कन्चनपुरमा एमाले-युथ फोर्सको तस्करीमा संलग्नतासम्बन्धी आरोपको प्रत्युत्तरमा एक एमाले नेताले युथ फोर्स विगतमा सक्रिय रहेको बेला त्यसो भएको हुन सक्ने तर अहिले त्यस्तो नभएको बताए ।

नागरिकहरूले यसलाई पुष्टि गरेनन् । लिम्बुवान स्वयंसेवकहरूले निसाफ निर्णयहरू सुनाउने र उल्लंघनकर्तालाई सजाय दिनेलगायतका गा.वि.स. का विवादहरू समाधान गर्ने कार्यमा पनि संलग्न रहेको बताए ।[१७]

ग. अन्य गतिविधिहरू र युवा समूहहरू बीच तनावका श्रोतहरू

अघिल्लो खण्डले युवा समूहहरूले आफैं वर्णन गरेका क्रियाकलापलाई समेटेको भए पनि कार्टर सेन्टरका पर्यवेक्षकहरूलाई जिल्ला प्रशासन अधिकारीहरू, प्रहरी, राजनीतिक दल, नागरिक समाज, सामुदायिक सदस्य तथा अन्य व्यक्तिहरूद्वारा जानकारी दिइएका धेरै क्रियाकलापहरू कम रचनात्मक थिए र धेरै मामिलामा शान्ति प्रक्रियामा राजनीतिक दलहरूले सहमति गरेका प्रतिबद्धताहरूको स्पष्ट उल्लंघन भएको थियो । यो विशेष गरी वाइसिएलको मामिलामा लागु हुन्थ्यो र केही कम मात्रामा नेकपा-एमाले युथ फोर्समा समेत लागु हुन्थ्यो । जबकि कार्टर सेन्टरका पर्यवेक्षकहरूले तरुण दलका नकारात्मक क्रियाकलापका बारेमा धेरै कम जानकारीहरू सुने[१८], तरुण दल वाइसिएल वा एमाले युथ फोर्स भन्दा धेरै कम आरोपित थियो । तथापि तरुण दल समग्रमा अन्य दुई दलका युवा समूहहरूभन्दा धेरै कम सक्रिय रहेको तथ्यको प्रतिविम्व मात्र हुन सक्छ । सामान्यतः मधेशी युवा समूहहरू पनि ठेक्का प्रक्रियामा हस्तक्षेप वा जबरजस्ती चन्दाका कार्यहरूमा बारम्बार जोडिने गरेका देखिएनन् ।

**वाइसिएल कार्यकर्ताहरू र केही कम मात्रामा एमाले युथ फोर्स तथा संघीय लिम्बुवान राज्य परिषद् लिम्बुवान स्वयंसेवकहरू अनौपचारिक रूपमा आर्थिक प्राप्तिमा केन्द्रित तथा स्थानीय तहमा दलको पकड बलियो बनाउन लागिपरेका देखिन्छन् तर हिंसाको प्रत्यक्ष मात्रामा कमी आएको प्रतीत हुन्छ ।** तल विस्तृत रूपमा समेटिएका त्यस्ता गतिविधिहरूप्रति जिल्ला नेतृत्वले सहिष्णुता देखाएको वा मौन समर्थन गरेको देखिन्छ । तस्करीजन्य गतिविधि, अन्य दल र तिनका समर्थकहरूविरुद्ध धम्की, ठेक्का प्रक्रियामा हस्तक्षेप, जबरजस्ती चन्दा तथा अवैध कर संकलनमा वाइसिएलको संलग्नतालाई भ्रमण गरिएका जिल्लाहरूका गैर माओवादीहरूले बारम्बार उल्लेख गरे । यस अलावा केही मामिलाहरूमा माओवादी प्रतिनिधिहरूले नै सन् २००६ पछि भर्ना गरिएका वाइसिएल कार्यकर्ताहरू राजनीतिक रूपमा समर्पित नभै आर्थिक रूपले प्रेरित भएको गुनासो गरे । यसैबीच, युथ फोर्सको तस्करीजन्य गतिविधि, ठेक्का प्रक्रिया, जबरजस्ती चन्दा तथा कर संकलनमा संलग्नतालाई पनि उल्लेख गरियो । पर्यवेक्षकहरूले संघीय लिम्बुवान राज्य परिषद्का तीन घटकका लिम्बुवान स्वयंसेवकहरू पनि ठेक्का प्रक्रिया, अपहरण तथा अवैध काठ तस्करीका क्रियाकलापहरूमा संलग्न रहेको विवरणहरू सुने ।[१९]

यस अलावा, आफ्नो पर्यवेक्षण प्रयासको प्रारम्भदेखि सेन्टरले मुख्यतः वाइसिएलको संलग्नता भएका र प्रायःजसो वाइसिएल तथा एमाले युथ फोर्स कार्यकर्ताको बीचमा भएकासमेत विभिन्न युवा समूहका स्थानीय तहका झडपहरूको विवरणहरू प्रस्तुत गरेको छ ।[२०] सेन्टरको पर्यवेक्षणको शुरुवातको समयमा झडपहरू बारम्बार भए पनि सन् २०१० को पछिल्लो छ महिनामा युवा समूहबीचका झडपहरू घटेको प्रतीत हुन्छ । झडपका कारणहरूमा मुख्यतः राजनीतिक

---

[१७] यी दावीहरूलाई झापालगायतका केही जिल्लाका स्वतन्त्र स्रोतहरूले पुष्टि गरेका थिए । कृपया कार्टर सेन्टरको, "नेपालको स्थानीय तहमा राजनीतिक द्वन्द्व समाधानको संक्षिप्त विवरण" हेर्नुहोस्, डिसेम्बर ३०, २०१०, पृष्ठ ४-५, http://www.cartercenter.org/resources/pdfs/news/peace_publications/election_reports/nepal-PoliticalDisputeResOverview-123010_nep.pdf मा उपलब्ध ।

[18] कास्की र सिन्धुलीमा पर्यवेक्षकहरूलाई नेपाली कांग्रेस-सम्बद्ध समूहहरूले पनि ठेक्का प्रक्रियाहरूमा हस्तक्षेप गरिरहेको बताइयोः कास्कीमा अन्तर्वार्ता गरिएका धेरै व्यक्तिहरूले "एलजी समूह" भन्ने एक अपराधिक समूहको बारेमा बताए जो नेपाली कांग्रेससँग सम्बद्ध रहेको आरोप थियो । यसलाई वाइसिएलद्वारा ठेक्का प्रक्रियाहरूमा हुने हस्तक्षेपहरूको सामना गर्न र अन्य ठेकेदारहरूका लागि हस्तक्षेप गर्न प्रयोग गरिन्थ्यो । सिन्धुलीका एक नेपाली कांग्रेस प्रतिनिधिले आफ्नो दलले तरुण दल समर्थित समूह सदस्यहरूलाई वाइसिएल कार्यकर्ताका विरुद्ध उपयोग गर्नुको कारण जिल्लामा राजनीतिक स्थान सुरक्षित राख्नको लागि भएको स्वीकार गरे ।

[१९] संघीय लिम्बुवान राज्य परिषद्का हरेक घटकको बेग्लै लिम्बुवान स्वयंसेवक रहेको हुनाले लिम्बुवान स्वयंसेवकहरूको कुरा गर्दा अन्तर्वार्ता गरिएका व्यक्तिहरू कुन गतिविधिमा कुन लिम्बुवान स्वयंसेवक युवा समूह जिम्मेवार थियो भन्ने सामान्यतः छुट्याउन सक्दैनथे ।

[२०] कृपया अगस्ट २६, २००९ मा प्रकाशित कार्टर सेन्टरको "प्रथम अन्तरिम प्रतिवेदन": http://cartercenter.org/resources/pdfs/news/pr/Nepal-first-interim-report-082609-nepali.pdf, र नोभेम्बर २९, २००९ मा प्रकाशित सेन्टरको "दोस्रो अन्तरिम प्रतिवेदन", http://www.cartercenter.org/resources/pdfs/peace/democracy/Carter%20Center%20-%20Press%20Release%20and%20Security%20Report%20_Nepali_29_11_09.pdf हेर्नुहोस् ।

स्थान वा आर्थिक प्राप्तिका लागि प्रतिस्पर्धा रहेका छन् । तनावका अधिकांश प्रत्यक्ष कारकहरूः ठेक्का प्रक्रियालाई प्रभावित पार्ने प्रयास, उपभोक्ता समूह वा व्यवस्थापन समितिका लागि छनौट प्रक्रियामा जोडदार दवाव दिने प्रयास, विद्यार्थी युनियनहरूबीच हुने साना विवाद वा असहमतिलाई उत्तेजित बनाउने कार्य, विवाद समाधानमा संलग्न हुने प्रयास तथा राजनीतिक स्थानलाई नियन्त्रित वा सुरक्षित बनाउने प्रयास ।

**वाइसिएल र केही कम मात्रामा नेकपा-एमाले युथ फोर्स धेरै जिल्लाहरूमा विकास निर्माणसम्बन्धी ठेक्का प्रक्रियाका सम्झौताहरूमा हस्तक्षेप गरिरहेका छन् । त्यस्ता हस्तक्षेपहरूमा सामान्यतः स्थानीय सरकारी अधिकारीहरूलाई दलसमर्थक ठेकेदारहरूका नाममा ठेक्का जारी गर्न लगाउने वा ठेकेदारहरूसँग फाइदाको अंश, सुरक्षा शुल्क वा कार्यकर्ताका लागि रोजगारीका निम्ति सम्पर्क गर्ने दवावमूलक कार्यहरू पर्दछन् । त्यस्ता गतिविधिहरूले वाइसिएल र युथ फोर्स बीचमा तनाव वा झडप निम्त्याउन सक्छन् ।** कार्टर सेन्टरले विगतमा प्रस्तुत गरिसकेको विवरण अनुसार वाइसिएल र केही कम मात्रामा एमाले-युथ फोर्स कार्यकर्ताका साझा क्रियाकलाप ठेक्का प्रक्रियाहरूमा हुने हस्तक्षेप हो । स्थानीय सरोकारवालाहरूले वाइसिएलको हस्तक्षेपलाई अन्य कुनै समूहको भन्दा बढी उद्धृत गर्ने गर्छन् । कैलालीमा वाइसिएल कार्यकर्ताहरूले ठेकेदारहरूलाई बोलकबोल गर्नबाट रोकिरहेको एक घटनाको पर्यवेक्षकहरू प्रत्यक्ष साक्षी थिए । वैतडीमा वाइसिएल कार्यकर्ताहरूले ठेकेदारहरूलाई गर्ने सहायताको बदलामा कुल ठेक्का मूल्यको एकदेखि चार प्रतिशतसम्म चन्दा माग गरेको बताइयो । ठेक्का जारी भएपछि वाइसिएल कार्यकर्ताहरू उक्त पुरस्कारको प्रतिशत, सुरक्षा शुल्क वा रोजगारीका लागि प्रायः ठेकेदारकहाँ जाने गर्दछन् । केही ठेकेदारहरूले उत्पन्न हुने परिणामको भयले रकम तिरेको बताइयो । उदाहरणका लागि, डडेल्धुरामा अन्तर्वार्ता गरिएका एक व्यक्तिले मे २०१० मा वाइसिएलले ठेकेदारहरूलाई गरेको सहयोगको बदलामा कमिशन वा कार्यकर्ताहरूको लागि जागिर मागेको घटनालाई उद्धृत गरे । यसैबीच एउटा पहाडि जिल्लामा एक संरचना विकासको ठेक्का पाएको निर्माण कम्पनीका अधिकृतले पर्यवेक्षकहरूलाई हालैको युथ फोर्स र एमाले-सम्बद्ध व्यक्तिहरूले "हस्तक्षेपमुक्त" वातावरण सुनिश्चित गर्नका लागि कम्पनीसँग अग्रिम शुल्क वा नियमित कमिशन माग गरेको एक घटनाको बारेमा बताए । त्यसपछि युथ फोर्सका कार्यकर्ताहरूले आयोजनाको एक क्षेत्रलाई लक्षित गरी काठ तथा ग्राभेल ओसारपसार गर्ने सवारीहरूबाट रकम मागे ।

ठेक्का प्रक्रियाहरूमाथि प्रभूत्व जमाउने राजनीतिक दलका प्रयासहरू विशेषगरी वाइसिएल र एमाले युथ फोर्स तथा अन्य युवा समूहका कार्यकर्ताहरूबीचको तनाव र झडपका सबैभन्दा साझा कारणहरूमध्ये एक देखिन्छन् । ( पर्यवेक्षकहरूले नेपाली कांग्रेस-सम्बद्ध कार्यकर्ताहरूको संलग्नता भएको पनि एक घटना सुने) । सन् २००९ को शुरुतिर वाइसिएल र एमाले युथ फोर्सबीच मध्य मर्स्याङ्दी जलविद्युत आयोजनामा निर्माण सामग्री तथा मूल्यवान कवाडी सामग्रीहरू ढुवानी गर्ने ठेक्काको प्रतिस्पर्धाको विषयमा लमजुङमा धेरै पटक झडप भयो । पर्यवेक्षकहरूलाई अन्तर्वार्ता गरिएका व्यक्तिहरूले झडप भएको बेलामा दुवै युवा समूहहरूले स्थानीय जनताले चिन्न नसकुन् भनेर अन्य जिल्लाबाट "अज्ञात व्यक्तिहरू" ल्याउने गरेको बताए ।

**वाइसिएललाई जबरजस्ती चन्दा तथा गैरकानूनी कर संकलनका आरोपहरू सरकारी अधिकारी, व्यापारी तथा सर्वसाधारण नागरिकहरूले लगाए पनि त्यस्ता कार्यहरूमा माओवादीको मे २०१० को विरोध कार्यक्रमहरूपछि उल्लेख्य कमी आएको छ । एमाले-युथ फोर्स, लिम्बुवान स्वयंसेवक तथा थरुहट स्वयंसेवकहरू पनि फरक फरक मात्रामा यस्तै कार्यमा संलग्न छन् ।** अन्तर्वार्ता गरिएका धेरै व्यक्तिहरूले वाइसिएल कार्यकर्ताहरूले विशेष गरी सडक मार्गबाट उपभोग्य वस्तु ढुवानीकर्ताहरूलाई लक्षित गरेर स्थापना गरेका कर संकलन चौकीहरूको बारेमा बताए । पर्यवेक्षकहरूले इलाम र कन्चनपुरमा भएका भनिएका त्यस्ता चौकीहरू हाल नभएको पाएका भएता पनि वाइसिएल कार्यकर्ताहरू अझै पनि स्थानीय कार्यालयहरू तथा अन्य अनौपचारिक माध्यमहरूबाट कर संकलन गरिरहेको जानकारी उनीहरूले पाएका छन् । यस अतिरिक्त, माओवादीहरूको मे २०१० को देशव्यापी विरोध कार्यक्रमअघि वाइसिएल कार्यकर्ताहरूले नागरिक, पसले तथा व्यापारीहरूलाई खाद्य सामग्री तथा आवास व्यवस्था मिलाउनेदेखि लगभग ५,००,००० रूपैयासम्मको चन्दाका लागि दवाव दिएका थिए । त्यस समयदेखि चन्दाका मागहरूमा कमी आएको बताइए पनि यो अझै सामान्य नै छ । कैलालीका धेरै स्रोतहरूले पर्यवेक्षकहरूलाई वाइसिएलका दवावपूर्ण अनौपचारिक धम्कीहरूको कारणले व्यक्तिहरूलाई चन्दा दिन बाध्य बनाएको बताए । अन्तर्वार्ता गरिएका एक व्यक्तिले लक्षित गरिएका व्यक्तिहरू बदला लिइने डरले त्यस्ता मागहरूको विरुद्ध बोल्न नसक्ने उल्लेख गर्दै भन्छन्, "सबैलाई थाहा छ यो जारी छ यसमा को जिम्मेवार छ भनेर, तर कुरा गर्नु खतरनाक हुन्छ ।"

भ्रमण गरेका जिल्लाहरूमा युथ फोर्सका कर संकलन कार्यहरूमा सामान्यतः गिरावट आएको देखिन्छ । कन्चनपुरमा पर्यवेक्षकहरूले भारतिय सीमानजिकको एक स्थलको भ्रमण गरे जहाँ पहिले युथ फोर्सको कर संकलन चौकी थियो तर अहिले छैन । तथापि त्यस्ता चौकीहरू अहिले नभए पनि युथ फोर्सका कार्यकर्ताहरूले पनि वाइसिएलले जस्तै सडकमा बसेर नभए पनि अनौपचारिक माध्यमहरूद्वारा कर उठाउन जारी राखेको विवरणहरू पर्यवेक्षकहरूले प्राप्त गरेका छन् । कैलाली र मोरङका व्यापारी समुदायद्वारा उल्लेख गरिएका युथ फोर्सका कार्यकर्ताका जबरजस्ती चन्दाका केही विवरणहरू पनि छन् ।

संघीय लिम्बुवान राज्य परिषद्का तीनै घटकहरूले लिम्बुवान स्वयंसेवक कार्यकर्ताहरूलाई चन्दा संकलन गर्न खटाएको जानकारीमा आएको छ । पछिल्ला प्रतिवेदनहरूमा सेन्टरले संघीय लिम्बुवान राज्य परिषद्का कार्यकर्ताहरूले मुख्य रूपले व्यापारी तथा उपभोग्य सामग्री निर्यातकर्ताहरूबाट रकम माग्ने कुरा उल्लेख गरेको थियो । केही मामिलाहरूमा कार्यकर्ताहरूले आफ्ना मागहरूलाई सशक्त बनाउन धम्कीपूर्ण भाषाको प्रयोग गर्दै भुक्तानी गर्नका लागि समयसीमा तोक्ने गरेका छन् ।[२१] तथापि डिसेम्बर २०१० मा संघीय लिम्बुवान राज्य परिषद्का प्रतिनिधिहरूले पर्यवेक्षकहरूलाई स्वेच्छिक चन्दा मात्र लिने गरेको बताए । इलाममा संघीय लिम्बुवान राज्य परिषद्-सञ्जुहाङ लिम्बुवान स्वयंसेवक प्रतिनिधिले आफ्ना कार्यकर्ताहरू धनी व्यक्तिविशेषबाट चन्दा संकलन गर्नका लागि जिम्मेवार रहेको पर्यवेक्षकहरूलाई बताए जबकि संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् झापाका एक प्रतिनिधिले लिम्बुवानका हरेक नागरिकसँग १० रूपैयाँ र स्वेच्छिक खाद्य माग्ने समूहको योजनाको खुलासा गरे । नोभेम्बरमा पर्यवेक्षकहरूलाई संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् लिम्बुवान स्वयंसेवक प्रतिनिधिहरूले चाँडै नै कार्यकर्ताहरूलाई लिम्बुवान राज्य प्राप्तिको लागि गरिने कार्यक्रमहरूको लागि चन्दा तथा कर संकलनमार्फत ने.रु. ५,००,००,००० उठाउन खटाइने जानकारी दिए । इलामका एक प्रतिनिधिले लिम्बुवान स्वयंसेवकले आगामी महिनाहरूमा मेची राजमार्गमा कर संकलन गर्न थाल्ने बताए ।

अन्त्यमा, थरुहट स्वयंसेवकका कार्यकर्ताहरूले पनि काठ मिल, इँट्टा भट्टा, ठेकेदार तथा उनीहरू सक्रिय भएको ठाउँमा जलस्रोतबाट फाइदा उठाउनेहरूसँग चन्दा संकलन गर्ने गरेको बताइएको छ । थारु स्वयंसेवकहरूले कन्चनपुरमा जिल्ला प्रशासनसँगको सहकार्यमा नदिको स्रोतबाट निकालिएका ढुंगावापत कर उठाउने गरेको दावी गरेका छन् तथापि पर्यवेक्षकहरूले यस दावीलाई पुष्टि गर्न सकेनन् । अन्य मामिलामा उनीहरू विशेष कार्यक्रमको बेलामा स्वेच्छिक कर माग्ने गर्दछन् । उनीहरूले आइएलओ १६९ को व्याख्या गरेपछि अधिकांश व्यक्तिहरू कर तिर्न सहमत हुने गरेको दावी गरेका छन् । करका लागि निश्चित रकम छैन तर यो व्यक्तिको आयश्रोतको अनुपातमा राखिएको बताइएको छ । संकलन गरेको सबै कर थरुहट स्वायत्त राज्य परिषद्लाई जिम्मा लगाइने गरेको बताइन्छ ।

**अन्तर्वार्ता गरिएका उल्लेख्य संख्याका व्यक्तिहरूले वाइसिएलको धम्कीका कार्यहरूबारे पर्यवेक्षकहरूलाई भनेका छन् । यसमा राजनीतिक स्थानमा प्रभूत्व, स्थानीय तहका निर्वाचन तथा नियुक्तिहरूमा हस्तक्षेप उल्लेखनीय छन् । केही मामिलाहरूमा युथ फोर्स वा अन्य दलका कार्यकर्ताहरूले वाइसिएल विरुद्ध दवाव दिने प्रयास गरेका छन् जसले तनाव उत्पन्न गरेका वा झडप निम्त्याएका छन् ।** मार्च २०१० मा गोरखामा दलको कार्यक्रममा सहभागी हुन आएका तरुण दलका केन्द्रीय नेताहरू चढेको एक सवारीलाई वाइसिएलका कार्यकर्ताहरूद्वले ढुंगा र लाठीले आक्रमण गरे ।[२२] कास्कीमा मार्च २०१० मा राजमोको संघीयता विरोधी सभाको दौरानमा माओवादी, वाइसिएल कार्यकर्ता तथा राजमो-अखिल नेपाल युवा संघबीच झडप भयो । ट्रेड युनियन सदस्यहरू तथा वाइसिएल कार्यकर्ताले एउटा मुख्य दोबाटो पार गर्ने लागेको बेला आठ जना राजमो कार्यकर्ताहरूमाथि आक्रमण गरी घाइते बनाएको बताए ।[२३] रुकुममा

---

[२१] संघीय लिम्बुवान राज्य परिषद्का चन्दा माग तथा कर संकलनबारे थप जानकारी तथा उदाहरणहरू कार्टर सेन्टरको अगस्ट २००९ र नोभेम्बर २००९ का प्रतिवेदनहरूमा समाविष्ट थिए ।

[२२] तरुण दलले उक्त कार्यक्रम बन्दको उल्लंघन गरेको आरोपमा वाइसिएलले केही अघि आक्रमण गरेका तरुण दलका जिल्लास्तरीय नेताको पक्षमा ऐक्यबद्धता प्रर्दशन गर्न आयोजना गरेको थियो ।

[२३] राजमोका एक प्रतिनिधिले माओवादीलाई धेरै अघि नै आफूले सभा आयोजना गर्ने बारे जानकारी गराइसकेको र माओवादीले त्यसपछि राजमोसँग भिडन्त गर्ने बहानामा त्यसै दिन सभा गर्ने निर्णय गरेको दावी गरे । एनेकपा(माओवादी) का एक प्रतिनिधिले केन्द्रीय तहबाट ढिला गरी आएको निर्देशनका कारण माओवादी सभा भएको र आक्रमणका लागि राजमो कार्यकर्ताहरू जिम्मेवार रहेको दावी गरे ।

पर्यवेक्षकहरूलाई वाइसिएल कार्यकर्ताको एक समूहले एमालेको एक गा.वि.स. स्तरीय बैठकमा अवरोध पुऱ्याइएको बताइयो जसमा बैठकको समाचार संकलन गर्न गएका एक पत्रकारमाथि आक्रमण भयो र वाइसिएल तथा एमाले कार्यकर्ताबीच झडप उत्पन्न भयो । साथै २००९ को अन्त्य तथा २०१० को शुरुतिर माओवादीहरूको विरोध कार्यक्रमहरूको अवधिमा पर्यवेक्षकहरूले वाइसिएल कार्यकर्ताहरू संलग्न रहेका झडपका विभिन्न घटनाहरूको उल्लेख गरे । उदाहरणका लागि अक्टुबर २००९ मा चितवनमा तरुण दलसँग भएको झडप ।

धेरै स्थलहरूमा पर्यवेक्षकहरूले वाइसिएल कार्यकर्ताले विद्यालय व्यवस्थापन समितिको निर्वाचन परिणामलाई उल्ट्याउन खोजेको घटनाहरूका विवरण दिएका छन् । सल्यानमा वाइसिएल र माओवादी कार्यकर्ताहरूले २०१० को मध्यतिर विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा माओवादी समर्थक उम्मेदवारको पराजयपछि नेपाली कांग्रेसका एक सदस्यलाई आक्रमण गरे । जुन महिनामा गोरखामा भएको विद्यालय व्यवस्थापन समितिको निर्वाचनपछि ५० भन्दा बढी वाइसिएल कार्यकर्ताहरूले नेपाली कांग्रेसका १० समर्थकहरूलाई आक्रमण गरेको बताइयो जसले प्रतिशोध र उत्तेजना निम्त्यायो । स्थानीय नागरिकहरूले दलहरूले यस मुद्दाको समाधान गर्न गरेको सम्झौता पनि एक दिनभन्दा बढी नटिकेको प्रति चिन्ता जाहेर गरे । कास्कीमा अगष्ट महिनामा निर्वाचन परिणाम आफ्नो पक्षमा नआउने देखेपछि दर्जनौं वाइसिएल कार्यकर्ताहरूले विद्यालय व्यवस्थापन समिति निर्वाचनमा भाग लिइरहेका नागरिकहरूलाई आक्रमण गरेको प्रत्यक्षदर्शीहरूले पर्यवेक्षकहरूलाई बताए ।[२४]

अन्त्यमा, दुई जिल्लामा वाइसिएल नेतृत्वको कारणले कार्यकर्ताहरू आक्रामक भएको पाइएको छ, तथापि यी प्रकरण अपवादजन्य देखिन्छन् । रामेछाप र सिन्धुलीमा राजन दाहालको नेतृत्वको वाइसिएल अन्य दल र तिनका समर्थकमाथि थुप्रै सांघातिक आक्रमणहरूको जिम्मेवार थियो । दाहाललाई २०१० को दशैंको केही अघि मे २००९ मा रामेछापमा एमाले प्रतिनिधिलाई आक्रमण गरेको आरोपमा गिरफ्तार गरिएको थियो । अन्तर्वार्ता गरिएका सबै पक्षका व्यक्तिहरूले उनको गिरफ्तारीपछि राजनीतिक दल तथा युवा समूहहरूबीचको सम्बन्धमा सुधार आएको बताए ।

अन्तर्वार्ता गरिएका व्यक्तिहरूले वाइसिएलले जस्तै युथ फोर्सले अन्य दल र तिनका समर्थकलाई धम्क्याएका तथा राजनीतिक स्थान नियन्त्रण गर्न खोजेका घटनाहरू विरलै उल्लेख गरे । पर्यवेक्षकले सल्यानको एक घटनामात्र सुने जहाँ एमाले-युथ फोर्सले उपभोक्ता समूहहरूमा प्रभाव पार्न खोजिरहेका थिए । नेकपा-एमाले युथ फोर्सले आफ्ना कार्यमध्ये मुख्य वाइसिएलको प्रतिकार गर्नुलाई ठान्ने भए पनि राजनीतिक स्थानका लागि झडपहरू भएका छन् । उदाहरणका लागि माओवादीको मे २०१० को विरोध कार्यक्रमको समयमा युथ फोर्सका कार्यकर्ताहरू धनकुटालगायतका जिल्लामा माओवादीको आमहडताललाई उल्लंघन गर्ने पसलेहरूलाई वाइसिएलका कार्यकर्ताको हैरानीबाट जोगाउन खटाइएका थिए । यसले गर्दा केही स्थानमा वाइसिएल र युथ फोर्स कार्यकर्ताबीचमा हिंसात्मक झडप समेत भए । अझ भर्खरै एमाले-युथ फोर्सका इलाम र झापाका प्रतिनिधिहरूले वाइसिएलका हड्ताल तथा चन्दा अभियानजस्ता गतिविधिविरुद्ध एमाले-युथ फोर्सको भूमिका बारे खुला रूपमा बोले ।

**युवा समूहका कार्यकर्ताहरूले आफूलाई व्यक्तिगत विवादहरूमा घुसाएको वा विवादकर्ताहरूको तर्फबाट हस्तक्षेप गर्न अनुरोध गर्ने गरेको केही घटनाहरूबारे पर्यवेक्षकहरूले उल्लेख गरेका छन् । यस्ता क्रियाकलापले युवा समूहहरूको लागि राजनीतिक र आर्थिक दुवै फाइदा हुन सक्छन् तर उनीहरुको संलग्नताले हिंसालाई बढावा दिने जोखिम पनि हुन्छ ।** दोलखामा अन्तर्वार्ता गरिएका व्यक्तिहरूले पर्यवेक्षकहरूलाई राजनीतिक दलको संलग्नताका (युवा समूह, विद्यार्थी युनियन वा अन्य राजनीतिक दलका सदस्यहरू) कारणले धेरै विवादहरूमा राजनीतिकरण भएको बताए । अन्तर्वार्ता गरिएका एक जनाले भने, “राजनीतिक दलहरूको व्यक्तिगत विवादमा मध्यस्थता गर्ने निहित स्वार्थ हुन्छ” । अर्काले थपे, “यसले बढ्ता सामाजिक विखण्डन निम्त्याउँदछ र गाउँहरु प्रहरीका लागि झन् कठिन बनाइ दिन्छ ।” सल्यानमा एक प्रहरी अधिकारीले एकजना ठेकेदारले श्रमिकलाई सहमति गरिएको ज्याला दिन नसकेपछि भुक्तानी नपाएका

---

अन्तर्वार्ता गरिएका गैरदलीय व्यक्तिहरूले झडप माओवादी कै प्रयास स्वरूप भएको र उनीहरूले संघीयताविरोधी गतिविधिहरू कहीं पनि सह्य नहुने सन्देश दिन चाहेको मान्यता राखे ।

[२४] तत्कालै माओवादीहरूले आफ्ना उम्मेदवार नियुक्त गरेर एफएम रेडियो मार्फत विद्यालय व्यवस्थापन समिति एनेकपा (माओवादी) को अध्यक्षतामा गठन भएको घोषणा गरे । अर्को पक्षले घटनाको बारेमा सोधेपछि कास्कीका एक एनेकपा (माओवादी) प्रतिनिधिले आफ्ना पार्टि कार्यकर्ताहरू व्यवस्थापन “कब्जामा लिन संलग्न रहेको” स्वीकार गरे ।

कामदारहरूले माओवादीसमक्ष गुनासो गरे र वाइसिएल कार्यकर्ताहरूले ठेकेदारलाई कुटपिट गर्नुअघि बाँधेर बजारभरि घिसारेको बताए । नागरिकहरूले कुटपिट गर्ने व्यक्तिलाई पहिचान गरेको बताइए पनि दलको संरक्षणका कारण उनी पक्राउ परेका छैनन् । कपिलवस्तुमा नागरिक समाजका प्रतिनिधिहरूले स्थानीय मुस्लिम समुदायका समूहले विद्यालय निर्माण गर्नका लागि एउटा जग्गा कब्जा गरिदिन माओवादीहरूलाई अनुरोध गरेको बताए ।

संघीय लिम्बुवान राज्य परिषद्का तीनै घटकका प्रतिनिधिले पनि विवाद समाधानमा लिम्बुवान स्वयंसेवकले खेल्ने गरेको भूमिकाको जोडतोडले व्याख्या गर्दै समूहले निर्णय जारी गर्ने तथा दोषीहरूलाई सजाय दिने काम गर्ने गरेको बताए । संघीय लिम्बुवान राज्य परिषद्-सञ्जुहाङले आफ्नो "न्याय तथा सञ्चालन समिति" विघटन गरेको भए पनि लिम्बुवान स्वयंसेवकहरू "सामाजिक न्याय" प्रदान गर्नका लागि अझै पनि द्वन्द्व समाधानमा संलग्न रहेको बतायो ।[२५]

इलाममा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् लिम्बु स्वयंसेवकका एक प्रतिनिधिले लिम्बुवान स्वयंसेवकले प्रहरीले कार्य गर्न नसकेको ठाउँमा हस्तक्षेप गरेर निर्णय दिने र कहिलेकाहीं कुटपिट गरेर तथा थुनेर दोषीलाई सजाय दिने गरेको बताए । छिमेकको झापामा मञ्च-सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् लिम्बुवान स्वयंसेवकका एक प्रतिनिधिले त्यस्ता हस्तक्षेपहरू सर्वसाधारणलाई "न्याय प्रदान गर्ने" उद्देश्यले प्रहरीको सहयोगमा गरिने उल्लेख गरे, तथापि प्रहरीले त्यस्तो सहकार्य भएको कुरालाई अस्वीकार गर्‍यो । संघीय लिम्बुवान राज्य परिषद्-मिसेकहाङ लिम्बुवान स्वयंसेवकका एक प्रतिनिधिले विवाद समाधान युवा समूहको मुख्य कार्य रहेको र दोषीहरूलाई शारीरिक सजाय, कैद अथवा प्रहरीको जिम्मा लगाइने पर्यवेक्षकहरूलाई बताए ।[२६] संघीय लिम्बुवान राज्य परिषद् लिम्बुवान स्वयंसेवकहरूको विवाद समाधान गतिविधिमा संलग्नताले केही मानवअधिकारकर्मीमाझ चासो जगाएको छ । उनीहरूको बुझाइमा यो विवादकर्ताहरूका लागि हानिकारक हुन सक्छ । एक अधिकारकर्मीले हालै एक लिम्बु महिलाले आफ्ना श्रीमान् विरुद्ध एक सशक्त मुद्दा दायर गरिन् भन्ने बताए । तर उनका श्रीमान्ले एक लिम्बुवान स्वयंसेवकलाई बोलाएर उनलाई मुद्दा फिर्ता लिन र "अनौपचारिक" रूपमा कुरा मिलाउन "दवाव" दिन लगाए ।

युवा समूहहरुको विवाद समाधान गर्ने प्रयासका अलावा पर्यवेक्षकहरूले व्यक्तिगत विवाद, सामान्य राजनीतिक विवाद वा विद्यार्थी युनियनहरूबीचका विवादले युवा समूहहरूको ध्यान खिच्ने र गम्भीर झडपतर्फ लैजाने प्रवृत्ति भएको पनि उल्लेख गरेका छन् । सुर्खेतमा वाइसिएल र एमाले वा एमाले युथ फोर्सबीचका श्रृंखलाबद्ध राजनीतिक झडपहरूको परिणाममा दुई वाइसिएल कार्यकर्ताको मृत्यु भयो । घटनाका कारकहरू राजनीतिक नभएको बताइए पनि तिनले जिल्लामा माओवादी र एमालेको सम्बन्ध कमजोर बनाए । म्याग्दीमा पनि सन् २००९ को शुरुतिर भएको वाइसिएल र एमाले युथ फोर्स बीचको सामान्य झडपपछि कर्फ्यु लाग्यो । द्वन्द्वको स्रोत एमालेका एक जिल्ला प्रतिनिधिले स्थानीय बैठकमा माओवादी संविधानसभा सदस्यविरुद्ध गरेको एक टिप्पणी भएको बताइयो ।

यस अलावा, मुख्यतः निर्वाचन वा कर्मचारी छनौटका विषयमा विद्यार्थी युनियनहरूबीच उत्पन्न हुने गरेका झडपहरूले ठूलो रूप लिने र युवा समूहहरूलाई विवादमा तान्ने गरेका छन् । उदाहरणका लागि अप्रिल २००९ मा एक स्थानीय क्याम्पसमा ५ जना तल्लो तहका कर्मचारीहरूको भर्नाको विषयलाई लिएर अक्टुबर २००९ मा वाइसिएल र एमाले युथ फोर्सका बीच भोजपुरमा झडप भयो । एनेकपा(माओवादी) तथा नेपाली कांग्रेसका विद्यार्थी समूहहरूले निर्वाचनमा राजनीतिक पक्षपात भएको दावी गर्दै छनौट भएका सबै एमाले समर्थक भएको आरोप लगाए । आरोपहरूलाई सम्बोधन नगरी ५ महिना बितेपछि एनेकपा(माओवादी) को विद्यार्थी समूहले एमाले-सम्बद्ध मानिएका क्याम्पस प्रमुखलाई आक्रमण गर्‍यो । यो कार्यले एक एमाले युथ फोर्स कार्यकर्ता र तीन एमालेपक्षीय विद्यार्थी युनियन

---

[२५] न्याय तथा संचालन समितिहरू माओवादीको द्वन्द्वकालीन जनअदालतको ढाँचामा बनेको प्रतीत हुन्छ । सञ्जुहाङ लिम्बुवान स्वयंसेवकका झापाका एक प्रतिनिधिले पर्यवेक्षकहरूलाई "अत्यधिक प्रभावकारी" न्याय तथा सञ्चालन समितिलाई उनीहरूले समानान्तर न्याय प्रणाली संचालन गरिरहेको आलोचनाका कारण डेढ वर्षअघि विघटन गरेको बताए ।

[२६] एउटा नागरिक समाज समूहले संघीय लिम्बुवान राज्य परिषद्का कार्यकर्ताहरूले बलात्कार तथा हत्याजस्ता "जघन्य अपराध" मा संलग्न व्यक्तिहरूलाई प्रहरी समक्ष बुझाएको दावी गर्‍यो । तथापि अन्तर्वार्ता गरिएका प्रहरी प्रतिनिधिहरू संघीय लिम्बुवान राज्य परिषद्को कुनै पनि घटकले अपराधीहरूलाई कानूनी अधिकारीहरूसमक्ष बुझाएको घटनाहरूप्रति बेखवर थिए । यसैबीच, अन्य तीन जना नागरिकसमाज प्रतिनिधिहरूले लिम्बुवान स्वयंसेवक नभए पनि कुनै अन्य युवा समूहले तस्करहरूलाई प्रहरी समक्ष बुझाएको सुनेको दावी गरे । उनीहरूले तस्कर तथा युवा समूहका कार्यकर्ताहरू बीच यथोचित "कमिशन" मा सहमति हुन नसक्दा मात्र यस्तो हुने तर्क गरे ।

सदस्यहरूलाई वाइसिएलका जिल्ला प्रतिनिधिहरूलाई आक्रमण गर्न उत्तेजित गऱ्यो । तत्पश्चात् प्रमुख जिल्लाअधिकारीले फेरि हुन सक्ने आक्रमणबाट जोगाउन जिल्लामा कर्फ्यु घोषणा गरे र द्वन्द्वसमाधानका लागि सर्वदलीय बैठक बोलाइयो ।

घ. "भौतिक शक्ति" को रूपमा युवा समूहहरू

पर्यवेक्षकहरूले दुई विरोधाभाषपूर्ण प्रवृत्तिहरू देखेका छन्: पहिलो, छोटो समयमा युवा समूहका हिंसा तथा झडपहरू कम भएको देखिएको छ, तर दोस्रो, विभिन्न दलहरूद्वारा गठन गरिएका "युवा बल" हरू र पूर्वी पहाडका लिम्बुवान स्वयंसेवकहरूले नेपालमा युवा समूहहरूको बढ्दो आक्रामकताको प्रवृत्तिलाई संकेत गर्छन् । यसअघि उल्लेख गरिएजस्तै नेपालका युवाहरूलाई विगतमा पनि यस्तै कार्यका लागि प्रयोग गरिएको थियो । तथापि, गएका केही वर्षहरूमा विशेष गरी वाइसिएलको "भौतिक शक्ति" र एनेकपा(माओवादी) का लागि आर्थिक आर्जनमा रहेको भूमिकाले अन्य दललाई पनि उस्तै खाले संगठनहरू खडा गर्न दवाव दिएका छन् ।[२७]

नेकपा-एमालेले सन् २००८ को संविधानसभामा भएको पराजयपछि युथ फोर्सको निर्माण गऱ्यो । त्यसपछि युथ फोर्सका नकारात्मक गतिविधिको आरोपका कारण यसलाई न्यून गर्ने प्रयास अंशतः मात्र सफल हुनुले त्यस्ता शक्तिहरू निर्माण गरेपछि नियन्त्रण गर्न असहज हुने गम्भीर उदाहरण प्रस्तुत गर्दछ । नेपाली कांग्रेसमा तरुण दलका अध्यक्ष महेन्द्र यादवले उल्लेखनिय रूपमा वाइसिएल तथा अन्य युवा समूहहरूको आक्रामक क्रियाकलापको प्रत्यूत्तरका लागि सक्रिय पहल गर्न जिल्ला तहका प्रतिनिधिहरूबाट दवाव आइरहेको कार्टर सेन्टरलाई बताए । उनले २००८ को उत्तरार्धतिर दोलखाका सैयौं नेपाली कांग्रेस कार्यकर्ताहरूले युथ फोर्स[२८] जस्तै खालको "तरुण दस्ता" गठन गर्ने माग राख्दै जुलुस गरेको उदाहरण दिए । छिमेकको सिन्धुपाल्चोकमा सन् २००९ मा "तरुण दस्ता" गठन गर्ने तरुण दलको प्रयासलाई पनि नेपाली कांग्रेसको केन्द्रीय नेतृत्वले रद्द गरिदिएको पर्यवेक्षकहरूलाई बताइयो । कैलालीमा तरुण दलका एक प्रतिनिधिले कार्टर सेन्टरका पर्यवेक्षकहरूलाई वाइसिएलका आक्रमणहरूको प्रतिकार गर्नका लागि दलसँग "बढी स्वतन्त्रता" को माग गरेको बताए । राष्ट्रिय तहमा "युवा शक्ति" को संगठन निर्माण गर्ने बारेमा धेरै बहसहरू पनि भएका छन् तर हालसम्म नेपाली कांग्रेस यो कदम चाल्न उदासीन छ ।

यस अलावा, मजफो नेपाल, तमलोपा[२९] तथा सपा नेपाल गरी तीन मधेशी दलले पनि खुला रुपमा "युवा शक्ति" को गठन गरिरहेका वा गर्ने प्रक्रियामा छन् । विशेषतः दलको शक्ति प्रदर्शन गर्न विद्यमान यी युवा शक्तिहरु साना समूह झैं प्रतीत हुन्छन् । केही मधेशी युवा शक्ति सदस्यहरु शारीरिक सुगठन तालिममा सहभागी भएका छन् तर कुनै पनि स्थानमा खुला रुपले सुरक्षा समस्या खडा गरेका छैनन् । पर्यवेक्षकहरुले मधेशी युवा शक्ति कार्यकर्ताहरु जबरजस्ती, हिंसा वा अन्य समूहहरुसँग झडपमा मुछिएको कुनै जानकारी पाएका छैनन् ।

अन्ततः लिम्बुवान स्वयंसेवकका धेरै प्रतिनिधिले लिम्बुवान स्वयंसेवकको निर्देशन संरचनालाई माओवादी जनमुक्ति सेनासँग तुलना गरे । मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् इलामका लिम्बुवान स्वयंसेवक प्रतिनिधिले पर्यवेक्षकलाई लिम्बुवान स्वयंसेवक समूहको "नियमित" (तुरुन्त परिचालन गर्नसकिने जनमुक्ति सेना जस्तै "मुक्ति सेना") सदस्य बन्नुअघि कुनै पनि कार्यकर्ताले जनमुक्ति सेनाको ढाँचाको लिम्बुवान स्वयंसेवकको नागरिक कार्यक्षेत्र (field-civil command) काम गर्नुपर्ने बताए । उनको भनाईमा लिम्बुवान स्वयंसेवक बल "मुक्ति सेना" जनमुक्ति सेनाजस्तै हो र यसलाई तुरुन्त परिचालन गर्न सकिन्छ । इलामका अर्का लिम्बुवान स्वयंसेवक कार्यकर्ताले लिम्बुवान स्वयंसेवकहरू "आवश्यकता अनुसार" उपलब्ध हुनका लागि दुई घरमा सामूहिक रुपले ५० वा ६० जना सँगै बस्ने

[२७] यो भाव नेकपा-एमालेका वरिष्ठ नेताहरूसँगका वार्ताका क्रममा कार्टर सेन्टरसमक्ष व्यक्त गरिएको थियो र सेप्टेम्बर २०१० को इन्टरनेशनल क्राइसिस ग्रुप, पृष्ठ १३, पादटिप्पणी ९४ र पृष्ठ २४, पादटिप्पणी १८६ तथा १८७ मा उल्लेखित छ ।
[२८] कृपया हेर्नुहोस्, "राजनीतिक युवा" (Political Youth), नेपाली टाइम्स, सेप्टेम्बर १२, २००८, http://www.nepalitimes.com.np/issue/2008/09/12/FromtheNepaliPress/15209
[२९] तमलोपा युवा शक्तिबारेको जानकारी डिसेम्बर २०१० मा दल विभाजित हुनु अगावै संकलन गरिएको थियो ।

गरेको पर्यवेक्षकहरूलाई बताए । झापामा अन्तर्वार्ता गरिएका एक दल-असम्बद्ध व्यक्तिले लिम्बुवान स्वयंसेवकहरूलाई आवश्यकता अनुसार "एक घण्टाभित्रमा" परिचालन गर्न सकिने "तीव्र प्रत्युत्तर" गर्ने खालको दल भएको बताए ।[३०]

ङ. युवा समूहहरुप्रतिको सार्वजनिक धारणा

यसअघि उल्लेख गरिएजस्तै, नागरिकहरुले प्रायःजसो राजनीतिक दलका कार्यकर्ताहरुमध्ये को युवा समूहका सदस्य हुन् र को होइनन् भन्ने छुट्याउन असक्षम रहेको पर्यवेक्षकहरुले पाए । नागरिकहरुमा सामान्यत युवा समूहहरुप्रतिको सीमित जानकारी छ । उनीहरुका धारणाहरु प्रत्यक्ष वा संचारमाध्यमहरुको माध्यमबाट निर्मित हुन्छन् । अन्तर्वार्ता गरिएका अधिकांश व्यक्तिहरु वाइसिएलको बारेमा जानकार थिए, केही व्यक्ति एमाले-युथ फोर्सको बारेमा जानकार थिए भने अन्यलाई तरुण दलको अवस्थितिको बारेमा थाहा थियो । पूर्वी पहाडमा केही व्यक्तिहरु संघीय लिम्बुवान राज्य परिषद् लिम्बुवान स्वयंसेवकहरुको बारेमा जानकार थिए ।[३१]

युवा समूहका गतिविधिहरु न्यून रहेका मध्य तथा पूर्वी तराईका जिल्लाहरुमा युवा समूहहरुप्रतिको सामान्य धारणाहरु मुख्यतः तटस्थ छन् । रौतहटका एक पत्रकारले अन्तर्वार्ता गरिएका धेरै व्यक्तिहरुको भावना कैद गर्ने गरी भनेः "उनीहरुप्रतिको मेरो धारणा न सकारात्मक न नकारात्मक नै छ किनकि यो समयमा उनीहरु केही काम गरिरहेका देखिँदैनन् ।" तथापि, युवा समूहहरु बढी सक्रिय भएका स्थानहरुमा उनीहरुप्रतिको धारणा प्रायजसो निराशाजनक वा आलोचनात्मक छ । मध्यपश्चिम क्षेत्रमा युवा समूहहरुप्रतिका धारणा "अदृश्य र महत्वहिन" देखि "नकारात्मक र ध्वंशात्मक आचरणमा संलग्न" सम्मका थिए । लमजुङमा एक महिलाले भनिन्, "युवा समूहहरु राम्रा छैनन् । उनीहरु झगडाका कारक मात्र हुन् । साना समस्याहरु पनि उनीहरुकै कारणले ठूला हुन्छन् । सबै युवा समूहहरु खराब छन् ।"

युवा समूहका गतिविधिहरुप्रतिका सकारात्मक टिप्पणी धेरै कम थिए । युवा समूहहरुको बारेमा जानकार अन्तर्वार्ता गरिएका व्यक्तिहरुमध्ये अधिकांशले उनीहरुलाई हिंसा, धम्की, जबरजस्ती चन्दा, तस्करी तथा प्रहरीसँग गाँसिएका मामिला, ठेक्का प्रक्रिया र व्यक्तिगत विवादहरुमा हस्तक्षेपलगायतका नकारात्मक कार्यसँग जोडे । अन्तर्वार्ता गरिएका केही व्यक्तिहरुले युवा समूहहरु मुख्य रुपमा आर्थिक फाइदामा केन्द्रित भएको धारणा राखे । बाँकेका एक नागरिक समाज प्रतिनिधिले युवा समूहहरु आम्दानी गर्न सकिने सम्भावना भएको समयमा मात्र सक्रिय हुने बताए । एमाले-युथ फोर्स तथा संघीय लिम्बुवान राज्य परिषद्आबद्ध लिम्बुवान स्वयंसेवकहरु पनि यस्तै कार्यमा संलग्न रहे पनि मातृ दल वा व्यक्तिगत फाइदाका लागि प्रायजसो पैसा कमाउने कार्यमा अग्रसर रहेको उदाहरण भने वाइसिएलकै दिइन्छ ।

युवा समूहहरुबारे जानकारी राख्ने व्यक्तिहरुबीचमा उल्लेख्य रुपमा सार्वजनिक अविश्वासका साथै डर समेत देखिन्छ, विशेष गरी वाइसिएलप्रति । केही जिल्लाहरुमा स्थानीय तहमा घटेका वा संचारमा आएका नकारात्मक घटनाहरुलाई हेर्दा यो मनासिब प्रतीत हुन्छ भने केही मामिलामा द्वन्द्वको अवशेष जस्तो देखिन्छ ।

अन्य राजनीतिक दलका युवा समूहहरुका गतिविधिहरुप्रति वाइसिएलको नकारात्मक असर परेको समेत व्यापक धारणा छ । अन्तर्वार्ता गरिएका धेरै व्यक्तिहरुले युवा समूहका सदस्यहरुलाई "आक्रामक" वा "हिंसात्मक" भनी व्यख्या गरे । केहीको मान्यतामा युवा समूहका सदस्यहरु "अपराधी" हुन् र उनीहरु अपराधिक समूहहरुद्वारा भर्ती गरिएका छन् ।

[३०] डिसेम्बर २०१० को झापा भ्रमणको दौरानमा पर्यवेक्षकहरूलाई संघीय राष्ट्रिय लोकतान्त्रिक मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् तथा संघीय लिम्बुवान राज्य परिषद्-सञ्जुहाङ प्रतिनिधिहरूले जिल्लामा लिम्बुवान स्वयंसेवकहरूको कुनै पनि सामुदायिक घर नरहेको बताएका थिए । तथापि आवश्यकता अनुसार सैयौं कार्यकर्ताहरूलाई मोटरसाइकल तथा बसमा तत्काल परिचालन गर्न सकिने दावी गरेका थिए ।

[३१] युवा समूहहरूको बारेमा नागरिकहरूको जानकारी जिल्ला सदरमुकामबाहिर अत्यन्तै सीमित थियो । माओवादीको सशक्त पकड रहिरहेका जिल्लाहरूमा समेत वाइसिएलप्रतिको जानकारी प्राय कम थियो । रोल्पाकी एक महिलालाई वाइसिएलको अवस्थितिबारे थाहा थियो किनकि उनीहरू संगठनको नाम र लोगो भएको ट्रयाकसुट लगाउँथे, तर उनीहरू के गर्थे भन्ने थाहा थिएन । जाजरकोटमा अन्तर्वार्ता गरिएकामध्ये आधा नागरिकहरू "युवा समूह" शब्दावलीबारे जान्दैनथे तर सोधिँदाखेरि "वाइसिएल" र एमाले युथफोर्स" लाई मात्र चिन्दथे । एक जना व्यक्तिले मात्र "तरुण दल" भन्ने सुनेका थिए । अत्यन्तै कम नागरिकहरूले मात्र युवा समूहका गतिविधिको उदाहरण दिन सके, सकारात्मक होस् वा नकारात्मक ।

अन्तर्वार्ता गरिएका अधिकांशले युवा समूहहरुले "युवाहरुलाई गलत दिशातर्फ लगिरहेका" वा "युवाहरुलाई उनीहरुले बाँच्नको लागि काम गर्नु पर्दैन" भन्ने चिन्तन दिइरहेको धारणा व्यक्त गरे । उदाहरणको लागि, तराईको एक जिल्लामा पहिले अपराधिक समूहहरुसँग संलग्न रहेका युवाहरुले आर्थिक उपलब्धिलाई बढी सुरक्षित बनाउनको लागि युवा समूहहरुमा प्रवेश गरेको व्यापक थियो । मोरङमा अन्तर्वार्ता गरिएका विभिन्न व्यक्तिहरुको धारणामा मजफो नेपाल-युवा मञ्चसम्बद्ध कार्यकर्ताहरु "आपराधिक साँठगाँठ" भएका हुने र युवा समूहमा अपराधीहरुलाई भर्ना गराउने गरेको मान्यता रहेको पाइयो ।

### ऊ. वाइसिएलको "अर्धसैनिक कार्यसंचालन"

शान्ति प्रक्रियामा प्रतिबद्धता व्यक्त गरिए अनुसारको वृहत्तर कानूनी शासनको माध्यमबाट युवा समूहका सामान्य गतिविधिहरूको पर्यवेक्षण गर्नुको अलावा कार्टर सेन्टरका पर्यवेक्षकहरूले आफूलाई मुख्यतः माओवादीहरूको वाइसिएलको कार्यसञ्चालन सम्बन्धी जुन २००८ को सहमतिको पालनाको स्थितिमा पनि केन्द्रित गरे । सहमतिमा उल्लेख छः

> "नेकपा (माओवादी) को योङ कम्युनिष्ट लिग (वाइसिएल) को अर्धसैनिक कार्यशैली र क्रियाकलाप पूर्ण रुपमा समाप्त गरी त्यसको नियन्त्रणमा रहेका सबै सार्वजनिक, सरकारी तथा निजी भवन र जग्गा १५ दिनभित्र खाली गरी सम्बन्धित व्यक्ति वा संस्थालाई फिर्ता गरिनेछ । अब उप्रान्त वाइसिएलको व्यवहार प्रचलित नियमकानून बमोजिम हुनेछ भनी नेकपा(माओवादी) का तर्फबाट सबै राजनीतिक दललाई पूर्ण रुपमा आश्वस्त गरिएको छ । यसको कार्यान्वयन भए नभएको सुपरिवेक्षण-अनुगमनको लागि स्थानीय प्रशासनको पहलमा सात दिनभित्र राजनीतिक दल, मानवअधिकारवादी र स्थानीय प्रशासनका प्रतिनिधि सम्मिलित अनुगमन समिति गठन गरिनेछ ।"[३२]

**कार्टर सेन्टरका पर्यवेक्षकहरूबाट प्राप्त तथ्यहरूले "अर्धसैनिक" शब्दावलीको स्पष्ट सर्वसम्मत परिभाषा नभएको संकेत गर्दछन् जसकारण माओवादीद्वारा सम्झौता पालना भएनभएको मूल्यांकन गर्न असहज भएको छ ।** "अर्धसैनिक" शब्दावलीको सर्वमान्य परिभाषाको अभावका कारण माओवादी र गैर-माओवादी दलहरूको बुझाईमा अर्धसैनिक कार्यसञ्चालनमा के पर्दछन् भन्नेमा उल्लेख्य विरोधाभाष छ र दुवैतर्फका वक्तव्यहरूले उनीहरूका बेग्लै व्याख्यामा आधारित आत्मपरक मापदण्ड स्थापित गरेका छन् । गैर-माओवादी दलहरूले समूहमा बसिरहेका वाइसिएल कार्यकर्ताहरूको सैनिक बलजस्तै तत्काल परिचालित हुन सक्ने क्षमता औंल्याउँदै कुनै पनि किसिमको सामूहिक बसोबासले अर्धसैनिक कार्यसञ्चालन निर्माण गर्छ भन्ने दावी गर्न खोज्छन् । माओवादी प्रतिनिधिहरू भने सामुहिक बसोबास दलको सिद्धान्तअनुरूप भएको र यो स्वेच्छिक तथा मितव्ययी व्यवस्था भएको तर्क गर्छन् ।[३३] एनेकपा(माओवादी) नेताहरू अर्धसैनिक कार्यसञ्चालनलाई कार्यकर्ताहरू ब्यारेकमा बस्ने र हतियारसहित सैनिक शैलीको तालिम सञ्चालन गर्नमा सीमित रहेको परिभाषा गर्न खोज्छन् । तथापि, "ब्यारेक" मा अवस्थित र सामूहिक रूपमा बसोबास गर्ने वाइसिएलको बीचमा फरक छुट्याउने विषय राजनीतिक दलहरूको बीचमा अन्यौल र विवादको श्रोतको रुपमा रहेको छ ।

**यस अतिरिक्त, वाइसिएल कार्यकर्ताहरू अझै "अर्धसैनिक संरचना" मा बसिरहेका छन् वा छैनन् भन्नेमा माओवादी र वाइसिएल प्रतिनिधिहरूबीचमा केही मात्रामा अन्यौल देखिन्छ ।** डिसेम्बर २०१० मा कार्टर सेन्टरसँगको एक अन्तर्वार्तामा वाइसिएल अध्यक्ष गणेशमान पुनले वाइसिएलमा कुनै पनि "अर्धसैनिक संरचना" नरहेको र "ठूलो संख्यामा" सँगै

---

[३२] "संविधान संशोधन गर्न र शान्ति प्रक्रियालाई अघि बढाउन राजनीतिक दलहरूबीच भएको सहमति" जुन २५, २००८, http://www.unmin.org.np/downloads/keydocs/Agreement.to.Ammend.Constitution.2008-06-25.nep.pdf मा उपलब्ध । अनुगमन समिति कहिल्यै गठन नभएको देखिन्छ ।

[३३] एक अन्तर्वार्तामा वाइसिएल अध्यक्ष गणेशमान पुनले उल्लेख गरे, "(वाइसिएल) सामुहिक-शैलीको बसोबासलाई सैनिक संरचनाको शैलीमा गलत अर्थ लगाइएको हुन सक्छ । हामी हाम्रा साझा सिद्धान्त, कार्यशैलीका कारणले सँगै बस्छौं र त्यो भन्दा बढी हामी मितव्ययी हुन सँगै बस्छौं ।" "हामी गाउँ जान्छौं र जनतासँग बस्छौं र काम गर्छौं: वाइसिएल प्रमुख" ("We Will Go To the Village and Live and Work With the People: YCL Chief,") , बाट उद्धृत, रिपब्लिका, जनवरी २, २००९: http://www.myrepublica.com/~myrepub/portal/index.php?action=news_details&news_id=783

बसेको भन्ने समाचारहरू सम्भवतः उत्साहित कार्यकर्ताहरूको "ध्वाँस" को परिणाम रहेको बताएका थिए । तथापि, डिसेम्बर २० को माओवादी स्थायी समितिको बैठकले देशभरि बाँकी रहेका वाइसिएलका सबै व्यारेकहरूलाई भंग गर्ने निर्णयको घोषणा गरेबाट वाइसिएलको अर्धसैनिक संरचना विद्यमान रहेको स्वीकार गरेको प्रतीत हुन्छ ।[३४] यद्यपि सोही समय तिनै वरिष्ठ माओवादी नेताहरूले भंग गर्नुपर्ने कुनै व्यारेक नरहेको दावी गरेका थिए । डिसेम्बर २८ मा वाइसिएलका एक वरिष्ठ प्रतिनिधि कुल प्रसाद के.सी.ले माओवादीको स्थायी समितिका निर्णय "दलका नेताहरूबीचको गलत बुझाईको परिणाम रहेको... भंग गर्नु पर्ने कुनै पनि वाइसिएल क्याम्प छैनन्" भन्दै सामूहिक रूपमा बस्नु वाइसिएल कार्यकर्ताहरूको अधिकार रहेको बताएका थिए ।[३५]

स्थायी समितिको निर्णयपछि अन्तर्वार्ता गरिएका अधिकांश वाइसिएल प्रतिनिधिहरू त्यस निर्णयप्रति जानकार रहेको पर्यवेक्षकहरूले पाए, तर त्यसपछि उनीहरूले केही निर्देशन पाएका छैनन् । बिराटनगरका एक वाइसिएल प्रतिनिधिले जिल्ला समिति उक्त निर्णयप्रति जानकार रहेको तर दलबाट औपचारिक पत्र प्राप्त नगरुन्जेल जिल्लामा उक्त निर्णय कार्यान्वयन नहुने बताए । अपितु, तिनै वाइसिएल प्रतिनिधिका अनुसार धेरै स्थानमा शिविरमुक्त जनमुक्ति सेना र विद्यार्थीहरू वाइसिएलसँगै बसिरहेका छन् र उनीहरूलाई विकल्प नदिउन्जेलसम्म दलले उनीहरूलाई हटाउन असजिलो हुने देखिन्छ । यस अलावा, केही मामिलाहरूमा वाइसिएल प्रतिनिधिहरूले दलको निर्णय उनीहरूमा लागू नभएको मान्दछन् । क्षेत्रपाटीस्थित एक वाइसिएल प्रतिनिधिले भने, "यो क्याम्प होइन, हामी मात्र समाजवादी प्रणालीमा जस्तै सामूहिक आवासको अभ्यास मात्र गर्दैछौं जुन हाम्रो अन्तिम लक्ष्य हो ।" उनले थपे, "हामीले द्वन्द्वको बेला सबैथोक त्याग गऱ्यौं । हामीसँग केही बाँकी छैन । हाम्रो जागिर पनि छैन त्यसैले मितव्ययिताको लागि हामी समूहमै बस्नु पर्छ ।" कास्कीका एक वाइसिएल प्रतिनिधिले दलको नेतृत्वको लागि यो निर्णय अन्जानमा भएको बताए र यो अन्य दललाई खुशी पार्न मात्र लिइएको निर्णय भएको बताए । र गोरखामा माओवादी दलका प्रतिनिधिहरूले पर्यवेक्षकहरुलाई, "भङ्ग गर्नुपर्ने कुनै ब्यारेकहरू छैनन् ।" मात्र भने ।

## माओवादीको सम्झौता पालनाप्रति कार्टर सेन्टरका तथ्यहरू

**कार्टर सेन्टरले भ्रमण गरेका अधिकांश वाइसिएलस्थलहरू सैनिक शैलीको मर्यादाक्रममा संगठित भएको देखिएनन् । तथापि, पर्यवेक्षकहरूले कास्कीको एक आश्रयस्थल भने "शीघ्र प्रत्युत्तर बल" को रूपमा कार्य गर्न लक्षित पाए जहाँ अन्तर्वार्ता गरिएका केही व्यक्तिहरूले संगठनको संरचनालाई वर्णन गर्न सैनिक शब्दावलीको प्रयोग गरे ।**[३६]
कास्कीमा पर्यवेक्षकहरूले दुई सरकारी स्वामित्वका (राष्ट्रिय निर्माण कम्पनी नेपाल तथा टिम्बर कर्पोरेशन नेपाल) जग्गामा अवस्थित स्थानीय रूपमा "वाइसिएल क्याम्प" भनेर चिनिने एउटा ठूलो स्थल भेटे । पर्यवेक्षकहरूले जनवरी २०११ मा उक्त स्थल भ्रमण गर्दा त्यहाँ वाइसिएल कार्यकर्ता तथा अखिल नेपाल ट्रेड युनियन संघका सदस्यहरूलगायत ५० देखि १५०[३७] एनेकपा(माओवादी) कार्यकर्ताहरू स्थायी रूपमा बसोबास गरिरहेको अनुमान गरे । क्याम्प अगाडिको

---

३४ "माओवादीहरू १५ जनवरीपछि अनमिन चाहन्छन्", द काठमाडौं पोस्ट, डिसेम्बर २१, २०१० बाट उद्धृत ।

३५ "अध्यक्ष भन्छन्, वाइसिएलको कुनै अर्धसैनिक संरचना छैन", द हिमालयन टाइम्स, डिसेम्बर २८, २०१०: http://thehimalayantimes.com/fullNews.php?headline=YCL+has+no+paramilitary+structure%26sbquo;+says+in-charge&NewsID=270744

36 पर्यवेक्षकहरूले कास्कीको जस्तै विवरणहरू पाएको अर्को जिल्ला उदयपुर मात्र थियो जहाँ वाइसिएललाई "प्लाटुन" र "बटालियन" भएको सांकेतिक "अर्धसैनिक" संरचनामा पुनः संगठित गरिँदै थियो । तथापि स्थानीय पत्रकार तथा नागरिक समाजसदस्यहरूले वाइसिएल सामूहिक रूपमा नबसिरहेको र अर्धसैनिक संरचनामा कार्य नगरिरहेको (तर जिल्लामा माओवादीका गतिविधिहरू त्रासपूर्ण रहेको) बताए ।

37 माओवादी दलका प्रतिनिधिहरूद्वारा दिइएको त्यस स्थलमा बस्ने वाइसिएल तथा माओवादी दलका कार्यकर्ताहरूको संख्याको अनुमान सामान्य थिए: एनेकपा(माओवादी) का एक जिल्ला प्रतिनिधिले त्यस स्थलमा ५ देखि ७ कार्यकर्ता बस्ने बताए भने माओवादी ट्रेड युनियनका एक प्रतिनिधिले २० देखि २५ सम्मको अनुमान गरे । त्यसैगरी त्यहीं बस्ने एक वाइसिएल प्रतिनिधिले ४० देखि ४५ को अनुमान लगाए । वाइसिएल जिल्ला प्रमुख तथा त्यहीं बस्ने अर्का वाइसिएल केन्द्रीय समिति सदस्यले कुनै तथ्यांक दिन मानेनन् । माओवादीबाहेकका व्यक्तिहरूले प्रदान गरेका अनुमानहरू बढी थिए: एमालेसम्बद्ध एक ट्रेड युनियन प्रतिनिधिले लगभग १५० को अनुमान गरे, एक स्थानिय पत्रकारले २०० को जबकी त्यस स्थल नजिकैका स्थानिय पसलेहरूले २०० देखि ३०० जनासम्मको अनुमान गरे । सबैभन्दा बढीको अनुमान माओवादी कार्यकर्ताहरूले प्रदान गरेका थिए, उनीहरूले त्यस स्थलमा "एक हजार" जति बस्ने गरेको जानकारी

साइनबोर्डमा उक्त क्षेत्र माओवादी ट्रेड युनियनको कार्यालय र संघ सम्बद्ध श्रमिकहरूको क्याम्प रहेको उल्लेखित भए पनि वाइसिएलका पूर्णकालिकहरू त्यहाँ बस्छन्, काम गर्छन् र तीमध्ये केही क्याम्पको विभिन्न निर्णयात्मक पदमा कार्यरत छन् । त्यस स्थानमा बस्ने माओवादी कार्यकर्ताहरूले स्पष्ट रूपमा उक्त क्याम्पको उद्देश्य पोखरा क्षेत्रमा हुने कुनै झडप वा विवादको लागि "शीघ्र प्रत्युत्तर बल" को रूपमा कार्य गर्नु रहेको बताए । त्यसै स्थानमा बस्ने एक माओवादी प्रतिनिधिका अनुसार क्याम्पका सदस्यहरूलाई अप्ठ्यारोमा परेका दलका कार्यकर्ताहरूलाई "उद्धार" गर्न खटाउने गरिएको छ ।

अक्टुबर २०१० मा उक्त क्याम्पमा पहुँच भएका धेरै व्यक्तिहरूसँग अन्तर्वार्ता गरिएको थियो । उनीहरूले पर्यवेक्षकहरूलाई क्याम्प सैनिक संरचनामा संगठित रहेको बताएका थिए । पर्यवेक्षकहरू उक्त दावीलाई पुष्टि गर्न असक्षम रहे[३८] पनि अन्तर्वार्ता गरिएका व्यक्तिहरूले क्याम्पलाई "सेक्सन", "प्लाटुन" र "कम्पनी"मा विभाजित गरिएकोसहित क्याम्पको संगठनबारे विस्तृत रूपमा कुरा गरे । केही छलफलपछि उनीहरूले सबैभन्दा सानो एकाईलाई सेक्सन भनिएको र तीन सेक्सन मिलेर एक प्लाटुन बनेको निश्चित गरे । एक प्लाटुनमा लगभग ४० कार्यकर्ता छन् । उनीहरूका अनुसार नेतृत्व समितिले क्याम्पको अनुगमन गर्छ र अनुमति बिना क्याम्प छाड्नेहरूलाई सजाय दिनेसहित अन्य नियमहरू लागू गराउँछ ।

क्याम्प अहिले पनि यही संरचनामा छ वा उत्तरदाताले पुरानो संरचनाको कुरा गरेका हुन् भन्ने अस्पष्ट छ ।[३९] तथापि, उक्त स्थलमा बस्ने धेरै व्यक्तिहरूले तल्लो तहका कार्यकर्ताले व्यक्तिगत कामका लागि क्याम्प बाहिर जानु परेमा माथिल्लो अधिकारीबाट अनुमति लिनै पर्ने बताए । एक वाइसिएल प्रतिनिधिका अनुसार यदि अनुमति नदिइएमा कार्यकर्ताले माथिल्लो स्तरका कुनै व्यक्तिसँग अनुरोध गरेर क्याम्प बाहिर जाने अनुमति लिन सक्छन् । अपितु, उक्त स्थानमा बाहिरी मान्छे जान बन्देज छ र प्रवेश गर्न चाहने कार्यकर्तासहित सबै बाहिरी मान्छेहरूले भित्र जानको लागि अनुमति लिनु पर्दछ । पर्यवेक्षकहरूले आगन्तुक वा अन्य कार्यकर्तालाई सजिलै ठाउँ पुग्ने गरि त्यहाँ एउटा ठूलो कक्ष र अन्य कोठाहरू रहेको उल्लेख गरेका छन् ।

उच्च तहका माओवादी तथा वाइसिएलका प्रतिनिधिहरूले उक्त क्षेत्र अर्ध सैनिक क्याम्प भएको वा सैनिक संरचना भएको कुराको खण्डन गरे । त्यहाँस्थित एक वाइसिएल संयोजकले उक्त क्षेत्रभित्र पूर्णकालीन सदस्यहरू बस्ने गरेको तर उक्त क्षेत्र "क्याम्प" भएको आरोप गलत भएको र त्यस्ता आरोपहरू "हामीलाई अर्धसैनिक समूह भन्ने र वाइसिएलको नाम बदानाम गराउने" हरूले लगाउने गरेको बताए । वाइसिएलका कास्की जिल्ला अध्यक्षले पनि पोखरामा रहेको वाइसिएलस्थलमा सैनिक संरचना रहेको कुरालाई कडा रूपले खण्डन गरे: "मलाई अध्यक्ष भनिन्छ, कमान्डर हैन । यदि सैनिक संरचना भएको भए मलाई कमाण्डर भनिन्थ्यो ।" बरु उनले उक्त स्थललाई "आश्रयस्थल" भन्न रुचाए जहाँ केही माओवादी कार्यकर्ताहरू दलको आदर्शको मान्यतामा रहेर खर्च कटौती गर्ने माध्यमका रूपमा बस्ने गर्छन्: "हामी जीवन यापनको खर्च घटाउनका लागि मात्र विभिन्न ठाउँहरूमा समूहमा बस्छौं... कम्युनिष्टहरूको सिद्धान्त नै समूहमा रहनु हो । सामूहिक बसोबासलाई सैनिक संरचनासँग जोडिनु हुँदैन । हामीसँग हतियार वा विष्फोटक पदार्थ छैनन् । मान्छेहरू क्याम्पसका छात्रावासहरुमा पनि समूहमा बस्छन् । के त्यो पनि ब्यारेक हो ?"

---

दिए । पर्यवेक्षकहरू यो अनुमानले त्यस स्थलको क्षमतालाई प्रतिविम्वित गरेको ठान्छन् र दलका कार्यक्रमहरूमा अन्य जिल्लाबाट कार्यकता ल्याइँदा संख्या त्यति पुगेको हुनसक्ने सम्भावना देखिन्छ । स्थानीय पसलेहरूले गएका महिनाहरूमा त्यस संख्यामा कमी आएको उल्लेख गरेका छन् ।

[३८] अन्य दलका सदस्य र त्यसै स्थलमा बस्ने दलका अधिकारीहरुसहित त्यहाँका बासिन्दाहरूले क्याम्पको संरचनाबारे विरोधाभाषपूर्ण अभिव्यक्तिहरू दिएकाले पर्यवेक्षकहरूले यसलाई पुष्टि गर्न सकेनन् ।

[३९] उदाहरणका लागि, यो जानकारी दिने व्यक्तिहरू एउटा प्लाटुनभित्र कति संख्या हुन्छ भन्नेमा केही अनिश्चित देखिन्थे । एनेकपा-माओवादीका जिल्ला नेताहरूले त्यस स्थानमा एकताका वाइसिएल क्याम्प रहेको र विस्तृत शान्ति सम्झौताअघि त्यो सैनिक संरचनामा रहेको स्वीकार गरे । तर संविधानसभा निर्वाचनअघि नै कार्यकर्ताहरूलाई निर्वाचन अभियानका लागि गाउँहरूमा पठाएपछि उक्त संरचना भङ्ग गरिएको दावी गरे । अन्तर्वार्ता गरिएका अन्य व्यक्तिहरूले दलको कार्यक्रमका बेला वाइसिएल अझ औपचारिक निर्देशन संरचनामा देखिन सक्ने बताए ।

उनले त्यहाँ धेरै कार्यकर्ताहरू बस्छन् भन्ने भ्रम भएको भन्दै उक्त स्थलमा २००० सम्म कार्यकर्ताहरू अटाउने भएकाले विशेष कार्यक्रमहरू आयोजना गर्नका लागि प्रयोग गरिने तर आबासका लागि हैन भन्ने स्पष्ट पारे ।

**कार्टर सेन्टरले वाइसिएल सरकारी भवनहरूमा सामूहिक रूपमा बस्ने गरेका धेरै उदाहरणहरू पाए भने कतिपय स्थानहरूमा उनीहरू निजी भवनहरूमा सामूहिक रूपमा बसिरहेका पाए ।** पर्यवेक्षकहरूले वाइसिएल सरकारी भवनहरूमा कम्तीमा दुई जिल्लामा सन् २००६ देखि सामूहिक रूपमा बसोबास गरिरहेको भए पनि उनीहरू सैनिक मर्यादाक्रममा संगठित भएको नदेखिएको बताएका छन् । उदाहरणका लागि नवलपरासीमा वाइसिएल कार्यकर्ता, माओवादी पूर्णकालीन तथा भातृ समूह सदस्यहरू सडक विभागको स्वामित्वको एक भवनमा बसिरहेका छन् । उक्त भवनमा १५ देखि २० कार्यकर्ताहरू स्थायी रूपमा बस्ने गरेको र स्थानीय क्षेत्रमा दलका कार्यक्रमहरू भएको समयमा अस्थायी रूपमा त्यहाँ बस्नेहरूको संख्या सयौं पुग्ने बताइएको छ । उक्त क्षेत्र दलको "सम्पर्क केन्द्र" को रूपमा प्रयोग गरिएको छ जसले तालिमहरू आयोजना गर्ने र जानकारीहरूको प्रचारप्रसार गर्ने काम गर्छ । सेप्टेम्बर २०१० सम्म प्रशासनद्वारा माओवादीहरूलाई उक्त क्षेत्रबाट हटाउन कुनै पहल नभएको बताइएको छ ।[४०]

अन्य धेरै मामिलाहरूमा पनि पर्यवेक्षकहरूले वाइसिएल कार्यकर्ताहरू निजी भवनहरूमा सामूहिक रूपमा बसेका फेला पारे तर तीमध्ये कुनै पनि दलको आदेशमा भएको र त्यहाँ बटालिएन, प्लाटुन वा कम्पनी जस्ता सैनिक संरचना भएको देखिएन । कार्टर सेन्टरले प्रायजसो यी व्यवस्थाहरू माओवादीहरूद्वारा वाइसिएलमाथि लादिएको नभए पनि स्वीकृत गरिएको वा वाइसिएलहरूलाई अन्य जिल्लाबाट स्थानान्तरण गरिएकाले उक्त क्षेत्रमा बस्ने ठाउँ नभएको परिस्थितिजन्य कारणले भएको पाए । उदाहरणहरू यस्ता छन्:

- कन्चनपुरमा पर्यवेक्षकहरूले वाइसिएल भित्तेलेखन गरिएको एक गोदाममा ४० देखि ५०[४१] वाइसिएल कार्यकर्ताहरू बसिरहेको अनुमान गरे;
- पाल्पाको एक स्थानमा १५ वाइसिएल कार्यकर्ता एकै ठाउँ बस्छन् जहाँ पहिले २०० देखि ३०० वाइसिएल बस्ने गर्थे;
- पर्वतको एक पुरानो सिनेमा हलमा कम्तीमा १० वाइसिएल कार्यकर्ता एक वर्षअघिदेखि बसिरहेका छन्;
- कैलालीमा वाइसिएल कार्यकर्ता तथा शिविरमुक्त जनमुक्ति सेनाहरू[४२] धेरै ठाउँहरूमा सामूहिक बसोबास गर्छन्;
- डोटीमा वाइसिएल कार्यकर्ताहरू विभिन्न स्थानहरूमा सामूहिक बसोबास गर्छन् र उनीहरू कोठा र खानाको बदलामा सहकारी खेती गर्ने गरेको बताइन्छ । केही स्थानहरूमा ३ वा ४ जना कार्यकर्ताहरू एकैठाउँमा बस्छन् भने अन्य स्थानमा १० देखि १२ जनासम्म बस्छन् । र,
- कैलाली, खोटाङ, कन्चनपुर, रोल्पा र सल्यानजस्ता जिल्लाहरूमा पर्यवेक्षकहरूले वाइसिएल कार्यकर्ताहरू माओवादी वा वाइसिएलका कार्यालयहरूमा बस्ने गरेको देखे र सुने ।

**कार्टर सेन्टरले काठमाडौं र वरिपरि पनि वाइसिएलहरू "सामूहिक" रूपमा बस्ने गरेको धेरै उदाहरणहरू पाए ।** काठमाडौंमा वाइसिएलको गतिविधिमा स्थानीय संचारमाध्यम, प्रहरी तथा राजनीतिक दल सबैको ध्यान केन्द्रित रहेको परिवेशमा वाइसिएल सामूहिक रूपमा बसिरहेको भनिएका आरोपहरूको अनुसन्धान गर्न अक्टुबर २०१० तथा जनवरी २०११ मा कार्टर सेन्टरका पर्यवेक्षकहरूले २२ स्थलहरूको भ्रमण गरे । भ्रमण गरिएका २२ स्थानहरूमध्ये गोंगवु, सानो

[४०] गएको वर्ष लमजुङ, बाग्लुङ र म्याग्दी भ्रमण गरेका पर्यवेक्षकहरूले नेपाल खाद्य संस्थाका भवनहरूलाई माओवादीले कब्जा गरेको र सन् २००६ मा वाइसिएल क्याम्पमा परिणत गरेको उल्लेख गरे । लमजुङ र बाग्लुङमा थोरै संख्यामा वाइसिएलहरू अझै त्यहीं बस्छन् र त्यो ठाउँ एनेकपा-माओवादीको पार्टी कार्यालयको रूपमा समेत प्रयोग गरिएको छ । म्याग्दीका प्रमुख जिल्ला अधिकारीद्वारा उक्त जग्गालाई प्रतिबन्धित क्षेत्र घोषणा गरिएको थियो र अप्रिल २०१० मा उक्त जग्गा खाली थियो ।

[४१] बासिन्दाहरूको संख्याको अनुमान भवनका आकार तथा भित्री बनोट र जिल्ला सदरमुकाम तथा गा.वि.स.हरूमा गरिएका विभिन्न अन्तर्वार्ताका आधारमा गरिएका हुन् तर ती संख्यालाई पूर्ण रूपमा पुष्टि गर्न सकिएन । सूचिकृत गरिएका सबै अनुमानहरूका लागि यो लागू हुन्छ ।

[४२] यसले सन् २०१० मा कम उमेरको वा ढिलो भर्ना भएको प्रमाणित भै शिविरबाट निष्काशित जनमुक्ति सेनालाई बुझिन्छ ।

भन्याङ, जोरपाटी, कपन, बाफल, क्षेत्रपाटी, किर्तिपुर र झौखेल गरि ८ स्थानहरूमा वाइसिएल र अन्य माओवादी प्रतिनिधिहरू सामूहिक रूपमा बसिरहेका छन् । केही स्थानका सामूहिक बसोबास स्थलमा माओवादी वा वाइसिएल कार्यकर्ताका कार्यालयहरू पनि थिए ।[४३] पर्यवेक्षकहरूलाई सधैं वाइसिएल र माओवादी कार्यकर्ता छुट्याउन सम्भव भएन । केही मामिलामा माओवादी कार्यकर्ताहरूका साथसाथ भातृ समूहका कार्यकर्ताहरू पनि एउटै आवासमा बसिरहेको देखियो । सबै स्थलहरू निजी स्वामित्वका भएको पनि देखियो जो मुख्यतः घर वा परित्यक्त औद्योगिक स्थानहरु थिए । तथापि विस्तृत विवरण प्राप्त गर्न सकिएन ।[४४]

- गोंगवुको एक घरमा १० देखि १५ सम्म कार्यकर्ताहरू सँग बस्छन् र त्यहीं पार्टी कार्यालय पनि छ,
- सानो भन्याङमा १५ देखि २० जना कार्यकर्ताहरू सँगै बस्छन् र एउटा कोठामा वाइसिएलको काठमाडौं जिल्ला कार्यालय छ,
- जोरपाटीमा ६ देखि ७ जना वाइसिएल कार्यकर्ता सँगै बस्छन् । पहिलो तलालाई भने वाइसिएल कार्यालयको लागि प्रयोग गरिएको छ;
- कपनमा वाइसिएल कार्यकर्ता तथा विद्यार्थी र ट्रेड युनियन समूहसहित पुगनपुग १५ जना एकैठाउँमा बस्छन् । पहिलो तलामा माओवादीद्वारा संचालित मासु पसल छ । एक वाइसिएल प्रतिनिधिको भनाइअनुसार उक्त भवनमा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएलगत्तै २०० जति कार्यकर्ताहरू बस्ने गर्थे र त्यत्तिकै कार्यकर्ताहरू मे २०१० को विरोध कार्यक्रमहरूको दौरान पनि बस्थे,
- बाफलको एक घरमा १५/१६ जना कार्यकर्ताहरू वाइसिएलको कार्यालय भएकै भवनमा बस्छन्,
- क्षेत्रपाटीको एक घरमा वाइसिएलको कार्यालयसँगै ८ देखि १० कार्यकर्ताहरू बस्छन् । त्यस स्थानमा माओवादीको मे २०१० को विरोध कार्यक्रमको समयमा ७०/८० कार्यकर्ताहरूलाई राखिएको जनाइयो,
- किर्तिपुरमा वाइसिएल प्रमुख, उनको परिवार र अन्य दुई वाइसिएल कार्यकर्ता सँगै बस्छन् । वाइसिएलको कार्यालय पनि त्यहीं छ । माओवादीसँग सम्बद्धता भएको नदेखिएका अन्य आठ परिवारहरू पनि त्यहीं बस्ने गरेको बताइएको छ, र,
- झौखेलमा केही कार्यकर्ताहरू सहकारी खेती गर्ने गरी एक घरमा सँगै बस्छन् ।

हरेक स्थलमा बसोबास गर्ने कार्यकर्ताहरूको अनुमानित संख्या कार्टर सेन्टरका पर्यवेक्षकहरूले पाएको र जनाएको भन्दा स्थानीय स्रोतले जनाएको प्रायः धेरै बढी थियो । उदाहरणको लागि, सानो भन्याङका एक स्रोतव्यक्तिले त्यहाँ १२५ जति कार्यकर्ताहरू बसिरहेको ठहर गरे तर पर्यवेक्षकहरूले त्यहाँ १५ देखि ३० कार्यकर्तामात्र पाए । पर्यवेक्षकहरूले वाइसिएल कार्यकर्ताहरू बसोबास गरिरहेका केही स्थलहरूमा अझ बढी व्यक्तिहरू अटाउने भए पनि माओवादीको मे २०१० को विरोधजस्ता कार्यक्रमहरुको समयमा अस्थायी रूपले कार्यकर्ताहरूको संख्या बढ्ने गरेको पाए । पर्यवेक्षकहरूले अधिकांश सामूहिक बसोबास स्थलहरू रणनीतिक स्थानहरूमा रहेको जनाएका छन् । ती स्थानहरू विशेषतः मुख्य सडक र बस बिसौनीहरूको छेउमा छन् । एक प्रहरीको भनाइमा त्यसले माओवादीहरूलाई "उपत्यकाबाहिरबाट आउने समर्थकहरूलाई सजिलै भेट्न र कार्यक्रमहरूका लागि कार्यकर्तालाई मुख्य गौंडाहरूमा तुरुन्तै परिचालन गर्न" सजिलो बनाउँछन् ।

[४३] यस अलावा, बालकुमारीस्थित "खन्ना गार्मेन्ट" मा पर्यवेक्षकहरूले लगभग २५-३० जना माओवादीहरू सामूहिक रूपमा बसिरहेको पाए तर त्यहाँ वाइसिएल कार्यकर्ताहरू भए नभएको ठम्याउन सकेनन् किनभने त्यहाँ भएका मान्छे र अरुहरूले ती भवनहरू वाइसिएलको नभै ट्रेड युनियन तथा अन्य भातृ समूहहरूको आवास रहेको दावी गरे । तथापि केही स्थानीय व्यक्तिहरूले त्यहाँ वाइसिएल भएको बताए । मे २०१० को विरोध कार्यक्रमको अवधिमा त्यो स्थलमा २०० जति कार्यकर्ता राखिएको तर अहिले त्यहाँ कोही नभएको बताइयो । भ्रमण गरिएका अन्य चार ठाउँमा दलका कार्यालय थिए तर ति सामूहिक आवासस्थल जस्तो देखिएनन् । र भ्रमण गरिएका बाँकी नौ स्थानहरू बन्द थिए र त्यहाँ कुनै माओवादी कार्यकर्ता थिएनन् ।

[४४] ती स्थानका वाइसिएल-प्रमुखहरूका अनुसार माओवादी कार्यकर्ताहरू कुनै पनि स्वामित्व भित्र हकवालाको अनुमति वा कम्तीमा हकवालाको जानकारीबिना बसेका थिएनन् । अन्तर्वार्ता गरिएका लगभग सबै माओवादी प्रतिनिधिहरूले घरधनीलाई भाडा तिरेको दावी गर्दै दलले उनीहरूलाई आंशिक वा पूर्ण आर्थिक सहयोग दिने गरेको बताए ।

**केही पर्यवेक्षकहरूले वाइसिएलको सामूहिक बसाइका स्थलहरु माओवादी पार्टीले स्वेच्छापूर्वक खाली गरेका विवरण प्राप्त गरे ।** धेरै स्थानहरूमा वाइसिएल कार्यकर्ताहरूद्वारा कब्जा गरिएका सामूहिक घरहरू खाली गराइएको पर्यवेक्षकहरूलाई भनियो । केही मामिलामा यसमा दलका नेताको निर्देशनले काम गरेको बताइयो । सप्तरीमा पर्यवेक्षकहरूलाई माओवादी प्रतिनिधिहरूले केही वाइसिएल कार्यकर्ताहरू "दुई या तीन ठाउँमा" सामूहिक रूपले बस्ने गरेका तर एक वर्षअघि केन्द्रीय समितिको निर्देशनको परिणामस्वरूप त्यो बन्द भएको बताए । भक्तपुरमा एक वाइसिएल कार्यकर्ताले पर्यवेक्षकहरूलाई दललाई एक वर्षअघि सामूहिक बसोबासको अभ्यास त्याग्न निर्देशित गरिएको बताए । उनले भने, "चार वर्षअघि वाइसिएल कार्यालयमा लगभग १०० कार्यकर्ता थिए, तर आज सबै आफ्नो घरमा बस्छन् ।" काठमाडौंमा वाइसिएल सामूहिक रूपमा बस्ने भनिएको तर पर्यवेक्षकहरूले त्यस्तो नदेखेका केही स्थानमा माओवादी प्रतिनिधि तथा अन्य व्यक्तिहरूले एकताका त्यहाँ दलका कार्यकर्तालाई राख्ने गरिएको उल्लेख गरे । उदाहरणका लागि नयाँ वानेश्वरका धेरै स्थानहरू वाइसिएल तथा अन्य दलका कार्यकर्ताहरूद्वारा खाली गरिसकिएको पर्यवेक्षकहरूलाई बताइयो ।

**देशका केही भागमा कार्टर सेन्टरले वाइसिएलको "शारीरिक प्रतिरक्षा" तालिमका बारे सुने, तर वाइसिएलले हतियार प्रयोग गरेको विश्वसनीय जानकारी छैन ।** पर्यवेक्षकहरूले वाइसिएलले शारीरिक सुगठन वा आत्मरक्षा तालिमका विविध विवरणहरू सुने तथापि वाइसिएलले त्यस्ता तालिमहरूमा हतियारको प्रयोग गरेको कुनै प्रमाण उनीहरूले पाएनन् र सुनेनन् । कास्कीको क्याम्पमा वार्ता गरिएका व्यक्तिहरूले कार्यकर्ताहरूलाई कहिलेकाहीं लाठी र खुकुरीको साथमा "शारीरिक प्रतिरक्षा तालिम" मा सहभागी हुन भनिएकोबारे पर्यवेक्षकहरूलाई बताए । तथापि, वाइसिएल क्याम्प संयोजकको भनाइमा त्यस्ता तालिमबारेको गलत बुझाईलाई साम्य गर्न वर्तमानमा माओवादी कार्यकर्ताहरूलाई क्याम्पको क्षेत्रबाहिरका सार्वजनिक रंगशाला वा व्यायामशालामा व्यक्तिगत रूपमा नियमित शारीरिक तालिम गर्न प्रेरित गरिएको छ । रौतहट र पर्वतजस्ता अन्य जिल्लाहरूमा पर्यवेक्षकहरूले माओवादीको मे २०१० को देशव्यापी विरोध कार्यक्रमहरूपछि छिटपुट रूपमा मात्र तालिम संचालन गरेका केही घटनाहरूबारे सुने ।[४५] अधिकांश जिल्लाहरूमा दलका अधिकारीहरूले शारीरिक तालिम समय समयमा वाइसिएल र अन्य दलका कार्यकर्ताहरूको लागि आयोजना गरिन्छ र उनीहरूले सैनिक तालिम नगरिएकोमा जोड दिए ।

**शब्दावलीको जस्तो प्रयोग भएको भए पनि धेरै सरकारी अधिकारीहरू, गैर-माओवादी दल प्रतिनिधिहरू, नागरिक समाज प्रतिनिधिहरू तथा नागरिकहरूले वाइसिएलका सामूहिक आवासस्थलहरूप्रति चिन्ता व्यक्त गरेका छन् । तथापि अन्तर्वार्ता गरिएका केही नागरिकहरूले सकारात्मक भावना पनि व्यक्त गरेका छन् ।** चिन्ता व्यक्त गर्नेहरूले सामान्यतः बहुप्रचारित हिंसा र जबरजस्तीका घटनाहरूको उदाहरण दिन्छन् जसमा कार्यकर्ताहरूको सामूहिक संलग्नता, मुख्यतः अतिप्रभावित वा राज्यको उपस्थित कमजोर रहेका क्षेत्रहरूमा द्वन्द्वको छाप अझै रहेको र वाइसिएलका केही जिल्ला नेताहरू पूर्व जनमुक्ति सेनाका लडाकू रहेका कथनहरू मुख्य छन् । अन्तर्वार्ता गरिएका खोटाङका एक व्यक्तिले जिल्लामा वाइसिएल अन्य ठाउँमा जस्तो आक्रामक नभए पनि दिक्तेल बजारस्थित सामूहिक आवासहरूले नागरिकहरूलाई मानसिकरूपमा त्रसित पारिरहेका छन् । अर्का उत्तरदाताले वाइसिएलले बिहानीपख सार्वजनिक ठाउँमा गर्ने गरेको मार्शल आर्ट अभ्यासले विशेष गरी द्वन्द्व-प्रभावित परिवारहरूबीचमा केही चिन्ता रहेको बताए । इलाममा अन्तर्वार्ता गरिएका एक व्यक्तिले वाइसिएललाई द्वन्द्वको समयका जनमुक्ति सेनासँग दाँज्दै भनेः "वाइसिएलले यहाँ अवरोध गर्छन् तर यो उनीहरूको दल दश वर्षको विद्रोहबाट आएको कारणले हो । उनीहरूलाई कसरी लडाइँ गर्ने र

[४५] अप्रिल २०१० मा वाइसिएल र माओवादी कार्यकर्ताहरू व्यापक प्रचारबाजी गरिएका शारीरिक तालिमहरूमा सहभागी थिए । त्यस समयमा पर्यवेक्षकहरूले सैनिक-शैलीका कुनै तालिमहरू देखेनन् तर अधिकांश तालिमहरूमा लाठीको प्रयोग भएको पाए र ती तालिमहरू मुख्यतः शक्तिप्रदर्शनको लागि भएको देखियो । ती मध्ये केही तालिमहरूलाई सरकारी अधिकारीहरूद्वारा अर्धसैनिक क्रियाकलापको रूपमा चित्रित गरिएको थियोः "Nepal Army Put on High Alert," द हिमालयन टाइम्स, अप्रिल २२, २०१०,

http://thehimalayantimes.com/fullNews.php?headline=Nepali+Army+put+on+high+alert&NewsID=240575 उपलब्ध । तथापि तालिमस्थलको भ्रमण गरेका पर्यवेक्षकहरूले आफूले देखेको र राष्ट्रिय संचारमाध्यमले दिएको विवरणमा फरक पाए । उदाहरणको लागि, एक संचारमाध्यमले सुनसरीमा ५०० माओवादी कार्यकर्ताहरूलाई हतियारसाथ तालिम दिइराखिएको बताइरहँदा त्यसै स्थानको भ्रमण गरेका पर्यवेक्षकहरूले १०० कार्यकर्ता मात्र देखे र हतियारको प्रयोग भएको सुनेनन् ।

द्वन्द्व जन्माउने भन्ने मात्र थाहा छ... (र) कुनै पनि घटनामा धेरै चाँडै परिचालित हुन सक्छन् ।" कन्चनपुरमा नागरिक समाज तथा प्रहरीले वाइसिएलको जबरजस्तीप्रति चासो व्यक्त गरे । नागरिकहरूले वाइसिएल सामूहिक रूपमा बस्ने गरेकाले ठूलो संख्यामा कार्यकर्ताहरू तत्काल भेला पार्न सक्ने पर्यवेक्षकहरूलाई बताए ।

तथापि केही नागरिकहरूले वाइसिएलका सामूहिक आवासक्षेत्रका बारेमा सकारात्मक भावना पनि व्यक्त गरे । अन्तर्वार्ता गरिएका वाइसिएल-अवस्थित घर वा क्षेत्रनजिक बसेका वा पसलहरू संचालन गरिरहेका धेरै व्यक्तिहरूले कुनै त्रास महसुस गरेका थिएनन्, बरु उनीहरूले वाइसिएल कार्यकर्ताहरूले सुरक्षा अवस्थामा सुधार ल्याएको र समाजलाई सकारात्मक योगदान दिएको ठहर गरे । कास्कीको वाइसिएल क्याम्प नजिकका एक पसलेले २० देखि २५ जनासम्मको वाइसिएल कार्यकर्ताहरूको समूह कहिलेकाहीं क्याम्पबाट बाहिर आउने र मदिरा तथा लागूऔषध दुर्व्यसन रोक्ने कार्य गरेको बताए । पाल्पाकी एक महिलाले उक्त क्षेत्रमा वाइसिएलको सामूहिक आवासको स्थापना भएपछि आफूले अझ सुरक्षित महसुस गरेको बताइन् । कपनका दुई पसलेहरूले उक्त क्षेत्रमा वाइसिएलको उपस्थितिले लागूऔषध दुर्व्यसनजस्ता अपराधिक गतिविधिलाई निरुत्साहित गरेको र वाइसिएल कार्यकर्ताहरूले कहिलेकाहीं फोहर हटाउने अभियान संचालन गर्ने गरेको बताए । बाफलका एक नागरिकले आफूले वाइसिएलको नकारात्मक गतिविधिमा संलग्नताको बारेमा सुनेका कारण उनीहरूप्रति नकारात्मक धारणा भएको तर अहिले उनीहरू "खराब छैनन्" र आवश्यकता परेमा समाजलाई सहयोग गर्न तत्पर छन् भन्ने लागेको बताए ।

## ए. निष्कर्ष तथा सुझाव

यो प्रतिवेदन राजनीतिक दलका युवा समूहहरुका तीन पक्षमा केन्द्रित छः उनीहरुका सदस्यता, उनीहरुका गतिविधि तथा मातृ दलले हस्ताक्षर गरेका शान्ति प्रक्रिया सम्झौताहरुको उनीहरुद्वारा पालन । समग्रमा, कार्टर सेन्टरका पर्यवेक्षकहरुले राजनीतिक दलका युवा समूहहरुबीचका झडपहरुमा कमी आएको भए तापनि मुख्यतः वाइसिएल र केही कम मात्रामा एमाले युथ फोर्सका गतिविधिहरु आर्थिक आय आर्जनतर्फ केन्द्रित रहेको पाएका छन् । देशको अधिकांश भागमा अझै पनि वाइसिएल सर्वाधिक ठूलो, सुसंगठित र सक्रिय युवा समूहको रुपमा रहेको छ र यसका गतिविधि केही जिल्लाका सुरक्षा मामिलामा गम्भीर चुनौती बनेका छन् । वाइसिएलका थोरै भए पनि व्यापक प्रचारित हिंसाका घटनाहरु, द्वन्द्वको छाप, वाइसिएलका केही जिल्ला नेता तथा सदस्य जनमुक्ति सेनाका पुर्व लडाकु हुनु र सामुदायिक बसोबास अझै विद्यमान रहनुले नागरिकहरु त्रसित छन् ।

युवा समूह सदस्यहरुका उद्देश्य सकारात्मक भएको, केही व्यक्तिगत अन्तर्वार्ताहरुमा सराहनिय भावनाहरु व्यक्त गरिएको र स्थानीय तहमा थोरै रचनात्मक कार्यहरु गरेको भए पनि वर्तमानमा राजनीतिक दलका युवा समूहहरुको सबैभन्दा ठुलो छाप उनीहरुका नकारात्मक गतिविधिको परिणामले दिने देखिन्छ जसले राजनीतिक स्थान, विकास तथा सार्वजनिक सुरक्षालाई कमजोर बनाउन सक्छ । यी गतिविधिहरुमा ठेक्का प्रक्रियामा हस्तक्षेप, तस्करीमा साँठगाँठ, जबरजस्ती चन्दा माग्ने कार्य, गैरकानूनी कर असुली, उपभोक्ता समूह तथा व्यवस्थापन समितिहरुमा गरिने नियुक्तिलाई प्रभावित पार्ने प्रयास र "विवाद समाधान" को प्रयाससमेत पर्दछन् ।

वाइसिएलकै ढाँचाका "युवा शक्ति" हरुको स्थापनाद्वारा युवा समूहहरु थप आक्रामकतातर्फ बढ्दै जानु पनि चासोको विषय बनेको छ । उत्तेजित वा गैरकानूनी आचरणका धेरै आरोपहरुका कारण एमालेले युथ फोर्सलाई नियन्त्रण गर्न प्रयास गरिरहेकै बेला नेपाली कांग्रेसका कार्यकर्ताहरु अझ आक्रामक तरुण दलको पक्षमा छन्, तीन मधेशी दलले "युवा शक्ति" गठन गरेका छन् भने संघीय लिम्बुवान राज्य परिषद् लिम्बुवान स्वयंसेवकले आफ्नो निर्देशन संरचनामा सैनिक शैलीको अलंकारको अनुशरण गरेको छ । यीमध्ये धेरै "युवा शक्तिहरु" नयाँ र नामका मात्र "शक्ति" भए पनि युवा समूहलाई भौतिक शक्तिको रुपमा लिने प्रवृत्ति नेपालको भविष्यको लागि चिन्ताको विषय हो । माओवादी लडाकूहरुसँग सम्बन्धित विषयहरुलाई राष्ट्रिय तहमा व्यापक केन्द्रित गरिएको बेला राजनीतिक दलका युवा समूहहरुको विस्तृत समीक्षा तथा उनीहरुलाई नेपालको राजनीति तथा समाजमा रचनात्मक रुपले संलग्न गराउने योजनाले बराबर महत्व राख्दछन् ।

भविष्यका कार्यहरुका लागि उपयोगी छलफलका विषयहरु प्रदान गर्ने आशाका साथ सहकार्य र सम्मानको भावनामा निम्न सुझावहरु प्रस्तुत गरिएको छः

**युवा समूह सदस्यहरुलाई सामुदायिक सेवामा संलग्न हुन प्रोत्साहित गर्न राजनीतिक दलहरुले केन्द्रीय तहबाट निर्देशहरु जारी गर्नु पर्छ ।** धेरै देशहरुमा युवा समूहहरुले जनताको हित गर्ने खालका परियोजनाको योजना बनाउने तथा कार्यान्वयन गर्ने अपेक्षा गरिन्छ । दलहरुले युवा समूहहरुलाई सामुदायिक सेवा तथा नागरिक शिक्षाका लागि अझ बढी पहलकदमी गर्न प्रोत्साहित गर्ने निर्देशहरु जारी गर्नु पर्दछ । त्यस्ता संलग्नताहरुले दल तथा तिनका युवा संगठनहरुको छवि अझ सकारात्मक बनाउँछन् र युवा समूह सदस्यहरुलाई भविष्यमा जनताको अझ राम्रो सेवा गर्नका लागि अनुभव तथा सीप प्रदान गर्छन् ।

**नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय तथा अन्यहरुले युवाहरुलाई समाजमा रचनात्मक कार्य गर्ने अवसर प्रदान गर्ने योजनाको थालनी गर्नुपर्दछ र उनीहरुका आकांक्षालाई भविष्यको सफल राजनेता बनाउनेतर्फ मार्गदर्शित गर्नुपर्छ ।** युवा समूहका सदस्यहरुसँग गरिएका विभिन्न अन्तर्वार्ताहरुमा व्यक्त गरिएका सकारात्मक भावहरुले सामुदायिक विकासका प्रयासमा सहभागी हुने इच्छाका साथसाथ भावी राजनेता हुने अभिलाषातर्फ समेत संकेत गर्छन् । समुदाय तथा राजनीतिक सीप (जस्तै संचार सीप, निर्वाचन क्षेत्र विकास, आर्थिक लेखाजोखा आदि) विकासमा सकारात्मक योगदान पुऱ्याउने तर्फ विचार गरिनु पर्छ र युवा समूहहरुका सार्वजनिक गतिविधिहरु कम भएको समयमा उनीहरुलाई सक्रिय राख्ने स्रोतहरु प्रदान गरिनु पर्छ ।

**सबै राजनीतिक दलहरुलाई आफ्ना युवा समूहका गतिविधि तथा वक्तव्यहरुप्रति पूर्ण जवाफदेही बनाइनुपर्छ ।** राजनीतिक दलका युवा समूहहरुको संस्कार परिवर्तन गर्न तथा उनीहरुका नकारात्मक गतिवधिको लागि जवाफदेही बनाउन मातृ दलहरु युवा समूहका गतिविधिहरुप्रति जिम्मेवार बनाइनुपर्छ ।

**मुख्यतः माओवादी र अन्य राजनीतिक दलहरुले राजनीतिक गतिविधिलाई निषेध गर्ने तथा राजनीतिक उपलब्धीहरुलाई असर पार्ने कार्यमा युवा समूहहरुको प्रयोग गर्न बन्द गर्नुपर्छ ।** अन्य दलहरुलाई सार्वजनिक वा आन्तरिक कार्यक्रमहरु गर्नबाट रोक्ने तथा उपभोक्ता समूह र विद्यालय समितिहरुमा जबरजस्ती नियुक्तिको प्रयास गर्नेजस्ता वाइसिएलका गतिवविधिहरु विशेष चासोका विषय हुन् । त्यस्ता गतिविधिहरुले एनेकपा(माओवादी) को बहुदलिय लोकतन्त्रप्रतिको प्रतिबद्धतामाथि प्रश्न जन्माउनुका साथै सुरक्षा तथा स्थानीय विकासमा नकारात्मक प्रभाव पार्दछन् ।

**गैरकानूनी तवरले आर्थिक फाइदा लिइरहेका युवा समूह सदस्यहरुविरुद्ध राजनीतिक दलहरुले कडा कदम चाल्नु पर्छ र ती व्यक्तिहरु कानूनको दायरामा आएको सुनिश्चित गर्नुपर्छ ।** वाइसिएल तथा एमाले-युथ फोर्सका ठेक्का प्रक्रियामा हस्तक्षेप र तस्करीमा साँठगाँठका विषयहरु विशेष चिन्ताका विषय हुन् । वाइसिएल, एमाले-युथ फोर्स, संघीय लिम्बुवान राज्य परिषद् लिम्बुवान स्वयंसेवक, थारु स्वयंसेवक तथा अन्य युवा समूहहरुले जबरजस्ती चन्दा मागका साथै सरकारी अधिकारीहरु, व्यापारी तथा नागरिकहरुबाट कर संकलन गर्ने काम बन्द गर्नुपर्छ । त्यस्ता कार्यहरुले सुरक्षा वातावरणमा चुनौती उत्पन्न गर्छन् र सार्वजनिक तथा निजी आर्थिक र विकास गतिविधिहरुलाई हतोत्साहित गर्छन् ।

**राजनीतिक दलहरुले "युवा शक्ति" स्थापना गर्ने वा सैनिक-शैलीको अलंकार प्रयोग गर्न बन्द गर्नुपर्छ ।** वाइसिएलका ढाँचाका "युवा शक्तिहरुको" स्थापना गरी युवा समूहहरुलाई "भौतिक" रुपमा उपयोग गर्ने प्रवृत्तिले सुरक्षा वातावरणलाई दीर्घकालीन रुपमा कमजोर बनाउने चुनौति हुन्छ । युवा शक्तिहरुको गठन र केही मामिलामा सैनिक-शैलीको अलंकारको प्रयोगले युवा समूहहरुप्रति जनताको अविश्वासलाई बढावा दिन्छ । एमाले युथ फोर्सलाई सुधार गर्ने प्रयासले एक पटक त्यस्ता समूहहरु गठन गरेर र दलद्वारा वैधानिकता दिइसकेपछि भङ्ग गर्न हुने कठिनाइ सिद्ध गर्दछ ।

**वाइसिएलको अर्धसैनिक कार्यसञ्चालन भनेको के हो भन्ने बारे राजनीतिक दलहरुले साझा मान्यता स्थापित गर्नुपर्दछ ।** अर्धसैनिक कार्यसञ्चालन भनेको के हो भन्ने बारेमा हाल माओवादी तथा गैर-माओवादी दलका प्रतिनिधिहरुका अलग मान्यताहरु छन् जसकारण वाइसिएलको अर्धसैनिक कार्यसञ्चालन अन्त्य गर्ने जुन २००८ को सम्झौताका

भावनाहरुको माओवादीद्वारा भएको पालनाको मापन गर्न कठिन भएको छ । अर्धसैनिक कार्यसञ्चालन भनेको के हो भन्ने बारेमा सहमतिमा पुग्नु र उक्त सहमतिका भावनाहरुको माओवादीद्वारा भएको अनुपालन मापन गर्न मापदण्डसहितको कार्ययोजना स्थापित गर्नु राजनीतिक दलहरुको लागि अपरिहार्य छ ।

**राजनीतिक दलहरुले माओवादीद्वारा वाइसिएलको अर्धसैनिक कार्यसञ्चालन अन्त्य गर्ने प्रतिबद्धताको पालना मापन गर्न एक अनुगमन समिति स्थापना गर्नु पर्छ ।** वाइसिएलको अर्धसैनिक कार्यसञ्चालनको परिभाषामा सहमति तथा तत्पश्चात्को कार्ययोजना निश्चित गरेपछि राजनीतिक दलहरुले माओवादीको पालनालाई मूल्यांकन गर्न जुन २००८ को सहमतिको अधीनमा रही राजनीतिक दलका प्रतिनिधि, मानवअधिकारकर्मीहरु तथा स्थानीय प्रशासन सम्मिलित एक अनुगमन समिति स्थापना गर्नुपर्छ ।

**अनुसूचि १ः मुख्य शब्दहरुको सूचि**

| | |
|---|---|
| नेकपा(मा) | नेपाल कम्युनिष्ट पार्टी (माओवादी)-मातृका यादव |
| नेकपा-एमाले | नेपाल कम्युनिष्ट पार्टी-एकीकृत मार्क्सवादी लेनिनवादी |
| आइएलओ १६९ | अन्तर्राष्ट्रिय श्रम संगठन अनुबन्ध १६९, आदिवासी जाति तथा जनताको अनुबन्ध १९८९ |
| मजफो | मधेशी जनाधिकार फोरम |
| मजफो(लोकतान्त्रिक)-युवा मञ्च | मधेशी जनाधिकार फोरम (लोकतान्त्रिक)-युवा मञ्च |
| मजफो(नेपाल)-युवा मञ्च र युथ फोर्स | मधेशी जनाधिकार फोरम (नेपाल)-युवा मञ्च र युथ फोर्स |
| राजमो | राष्ट्रिय जनमोर्चा |
| राप्रपा | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| तमलोपा | तराई मधेश लोकतान्त्रिक पार्टी |
| वाइसिएल | योङ कम्युनिष्ट लिग |

## अनुसूचि २ः राजनीतिक दल तथा पहिचान समूहका युवा समूहहरूको विवरण

### १. योङ कम्युनिष्ट लिग (वाइसिएल)-एनेकपा(माओवादी)

<u>राजनीतिक दल सम्बद्धता</u>
एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) - एनेकपा(माओवादी)

<u>संगठन आफैंद्वारा दिइएको सदस्यता विवरणः</u>
सदस्यताको आधारमा योङ कम्युष्टि लिग (वाइसिएल) सबैभन्दा ठूलो युवा समूह प्रतीत हुन्छ । वाइसिएल अध्यक्ष गणेशमान पुनको अनुमानमा वाइसिएलको समग्र सदस्यता “लगभग १०,००,००० जतिको” रहेको छ ।[४६] एनेकपा (माओवादी) तथा वाइसिएलका जिल्ला तहका प्रतिनिधिहरूले दिएको अपुष्ट जानकारी अनुसार कैलाली र कास्की जस्ता माओवादीहरू बढी सक्रिय रहेको बढी जनसंख्या भएका जिल्लामा सापेक्षित सामान्य सदस्यता १०,००० वा बढी छन् । हरेक जिल्लामा केही सदस्यहरू सक्रिय सदस्य छन् जसलाई दलले तुरुन्त परिचालन गर्न सक्छ । तिनीहरूलाई प्रायजसो “पूर्णकालिक” भनिन्छ । एनेकपा(माओवादी) र वाइसिएलका जिल्ला प्रतिनिधिहरूको अनुमानमा सक्रिय सदस्यहरूको संख्या हरेक जिल्लामा १०० देखि १५०० सम्म छ; न्यून जनसंख्या भएका र दलको पकड नभएको मानिएका जिल्लाहरूमा सक्रिय सदस्यहरूको संख्या १०० भन्दा कम थियो ।

<u>सांगठनिक संरचनाः</u>
सामान्यतः वाइसिएल सबैभन्दा स्पष्ट र सुपरिचित सांगठनिक संरचना भएको देखिन्छ । वाइसिएलको सांगठनिक संरचनामा एनेकपा(माओवादी) को संरचना प्रतिविम्वित हुन्छः निर्देशनहरू वाइसिएलको केन्द्रीय तहबाट विभिन्न समितिका तहहरूमार्फत तल्लो तहमा आउँछन्: अञ्चल (माओवादी-प्रस्तावित स्वायत्त राज्यको आधारमा), जिल्ला, निर्वाचन क्षेत्र, क्षेत्र, गा.वि.स. तथा वडासम्म । वाइसिएलका गतिविधिहरू एनेकपा(माओवादी) को नेतृत्वतहद्वारा पनि निर्देशित हुन्छन् र समान तहको युवा घटकसँग सहकार्य गर्दछन् । जस्तैः जिल्लातहको एनेकपा(माओवादी) नेतृत्वले जिल्लातहको वाइसिएल नेतृत्वसँग सहकार्य गर्छ । दल र युवा घटकबीचको सहकार्य सामान्यतः सशक्त छः वाइसिएल जिल्ला इन्चार्ज दलको जिल्ला समितिका सदस्य पनि हुन्छन् र स्थानीय तहमा वाइसिएल तथा माओवादी दलका कार्यालयहरू प्राय एकसाथ हुन्छन् ।

### २. युवा संघ नेपाल र युथ फोर्स – नेकपा-एमाले

<u>राजनीतिक दल सम्बद्धता</u>
नेपाल कम्युनिष्ट पार्टी - एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा-एमाले)

<u>संगठन आफैंद्वारा दिइएको सदस्यता विवरणः</u>
आफ्नो एकाई युथ फोर्ससहित नेकपा-एमाले युवा संघ सदस्यताको आधारमा नेपालको स्थानीय तहमा दोस्रो ठूलो युवा समूह प्रतीत हुन्छ । दलको भनाईमा एमाले युवा समूहको अपुष्ट अनुमानित सदस्यता ५,००,००० थियो । जिल्लाहरूको हकमा कास्कीमा ५,००० सम्म साधारण सदस्य भएको अनुमान थियो भने कैलालीमा ७,००० । तर अधिकांश जिल्लातहका सदस्यताहरू ५०० र २,००० को बीचमा रहेको अन्दाज गरियो ।

<u>सांगठनिक संरचनाः</u>
युवा संघ नेपालको सांगठनिक संरचनाले सुस्पष्ट श्रेणी वर्गीकरणसहित मातृ दल नेकपा-एमालेलाई प्रतिविम्वित गर्छ । निर्देशनहरू युवा संघ नेपालको केन्द्रीय तहबाट क्षेत्रीय, अञ्चलस्तरीय, जिल्लास्तरीय, इलाकास्तरीय, निर्वाचनक्षेत्रीय

---

[४६] यस अनुसूचिमा भएका सम्पूर्ण सदस्यताका अनुमानहरू कार्टर सेन्टरद्वारा पुष्टि गरिएको छैन । सूचिकृत गरिएका संख्याहरू युवा समूहका नेताहरूद्वारा प्रदान गरिएका हुन् र त्यस कारण धेरै मामिलामा बढाइचढाइ गरिएका हुन सक्छन् ।

तथा गा.वि.स. तह हुँदै तल्लो तहमा आउँछन् । नेकपा-एमाले र यूवा संघ नेपालले स्थानीय तहमा आयोजना गरिने गतिविधिहरूमा निकट सहकार्य गरेको देखिन्छ ।

अन्य टिप्पणी:
युथ फोर्सको निर्माण सन् २००८ को संविधानसभाको निर्वाचनपछि वाइसिएलका गतिविधिको प्रतिकार गर्न गरिएको थियो । नेकपा-एमाले सार्वजनिक सूचना विभागका अनुसार, नकारात्मक गतिविधिप्रतिका चासोहरुको कारण सन् २००८ को डिसेम्बर मा युथ फोर्सका सबै गतिविधिहरुलाई स्थगित गरिएको थियो । यसको कार्यान्वयन कमजोर थियो तथापि सन् २००९ मा युथ फोर्सलाई दलको प्रत्यक्ष नियन्त्रणमा ल्याई एमालेको भर्खरै "युवा संघ नेपाल" नाम राखिएको मुख्य युवा समूहमा गाभियो । केन्द्रीयस्तरका यी निर्णयहरुको बावजुद एमाले दलका सदस्य, युवा समूहका कार्यकर्ता तथा सर्वसाधारणमा युथफोर्सको अवस्थितिबारे स्पष्ट बुझाई नभएको र धेरै जिल्लामा युथ फोर्सका गतिविधिहरु उद्धृत गरिएको कार्टर सेन्टरका पर्यवेक्षकहरुले पाएका छन् । सामान्यतः उत्तरदाताहरुले सकारात्मक कार्यको जस युवा संघ नेपाललाई र नकारात्मक कार्यको अपजस युथ फोर्सलाई दिन खोजेको पाइयो ।

### ३. तरुण दल–नेपाली कांग्रेस

राजनीतिक दल सम्बद्धता
नेपाली कांग्रेस

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरण:
तरुण दल वाइसिएल र एमाले-प्ररायु संघ-युथ फोर्स दुवैभन्दा सानो र निक्कै कम सक्रिय छ । तरुण दलको केन्द्रीय नेतृत्वको अनुमानमा यसको युवा समूहमा लगभग १२०,००० सदस्य छन् । नेपाली कांग्रेसका जिल्ला प्रतिनिधिहरूले दिएका जिल्ला सदस्यहरूको अपुष्ट संख्या सामान्यतः कम थिए, औसतमा केही सयको हाराहारी । रौतहट र कन्चनपुरजस्ता केही जिल्लामा सदस्यता संख्या केही हजारसम्म र बाँके तथा पर्वतजस्ता जिल्लामा त्योभन्दा केही बढी थिए । तरुण दलको केन्द्रीय नेतृत्वले गा.वि.स. तहमा युवा समूहको सशक्त उपस्थिति नरहेको कार्टर सेन्टरलाई बतायो र दोलखा, महोत्तरी तथा सल्यानलगायतका धेरै जिल्लाहरूमा तरुण दलको उपस्थिति न्यून वा जिल्ला सदरमुकामबाहिर हुँदै नभएको पर्यवेक्षकले उल्लेख गरे ।

सांगठनिक संरचना:
तरुण दलका विविध सदस्यता तहहरू छन्: नवनियुक्त सदस्यले पूर्ण सदस्यता प्राप्त गर्नुअघि छ महिनासम्म दलको कार्य गर्नुपर्छ । दुई वर्षको राम्रो कार्यपश्चात् तरुण दलको समितिले पूर्ण सदस्यलाई सक्रिय सदस्यताका लागि सिफारिश गर्छ । तरुण दलको निर्देशन संरचनामा वाइसिएल वा एमाले युवा संघभन्दा कम तहहरू छन् जसमा निर्देशनहरू केन्द्रीय तहबाट जिल्ला, गा.वि.स. र वडा समितिहरू हुँदै आउँछन् ।

अन्य टिप्पणी:
तरुण दल देशको सबैभन्दा पुरानो युवा समूह भएको बताइन्छ । सेप्टेम्बर २०१० मा भएको नेपाली कांग्रेसको साधारणसभाबाट सदस्यताको लागि योग्यता र आन्तरिक सिफारिश मापदण्ड परिमार्जित गरिएको थियो । दलका सदस्यहरूले तरुण दल वा मुख्य दल नेपाली कांग्रेसमा वरिष्ठ पदमा पदोन्नति हुने योग्यता प्राप्त गर्न गर्नुपर्नु कार्यको न्यूनतम अवधिलाई घटाउनको लागि मतदान गरेका थिए । (उक्त आवश्यकतालाई चार वर्षबाट दुई वर्षमा झारिएको थियो ) । यो निर्णयले जिल्ला तहका तरुण दलका कार्यकर्ताहरूलाई हर्षित बनायो र उनीहरूले यो पाइलालाई दलमा युवाको भूमिकाको उठान गर्ने प्रयास भएको ठान्छन् ।

### ४. युथ फोरम र युथ फोर्स–मधेशी जनाधिकार फोरम नेपाल(मजफो–नेपाल)

राजनीतिक दल सम्बद्धता:
मजफो नेपाल-मधेशी जनाधिकार फोरम नेपाल

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरण:
मजफो नेपालको युवा मञ्चले प्रदान गरेको सदस्यता संख्याको अपुष्ट अनुमान जिल्लापिच्छे उल्लेख्य रूपमा फरक पाइयो जसमा रौतहटमा केही सयको सदस्य संख्यादेखि मोरङ र सर्लाहीमा १०,००० भन्दा बढी थिए । यी आंकडामा रहेको असमानताले मजफो नेपालले तराईका विभिन्न जिल्लामा अन्य मधेशी दलको तुलनामा प्राप्त गरेको समर्थनलाई प्रतिविम्वित गर्छ । यद्यपि उच्च संख्याहरु विश्वसनीय देखिँदैनन् ।

सांगठनिक संरचना:
मजफो नेपाल-युथ फोर्सको निर्देशन संरचना वाइसिएल र एमाले-युथ फोर्सको जस्तै छ जसमा केन्द्रीय, जिल्लास्तरीय, निर्वाचन क्षेत्रीय र वडा समितिहरू सबै केन्द्रीय तहको निर्देशनमा निर्भर रहन्छन् ।

अन्य टिप्पणी:
मजफो नेपाल-युथ फोर्सको अलावा दलले अप्रिल २०१०[४७] मा बारामा मजफो नेपाल "तरुण दस्ता" (युवा शक्ति) स्थापना गऱ्यो । मजफो नेपाल युथ फोर्सको सदस्यता संख्याहरू कम भएको बताइन्छ जसमा कुनै पनि जिल्लामा बढीमा केही सय सदस्यहरू मात्र छन् । मजफो नेपाल युथ फोर्समा प्रवेश गर्नका लागि शारीरिक सुयोग्यता मुख्य मापदण्ड रहेको बताइन्छ । मजफो नेपाल-युथ फोर्स र मजफो नेपाल तरुण दस्ताबीचको श्रमको विभाजन यसप्रकारको देखिन्छ: मजफो नेपाल-युथ फोर्स सामाजिक कार्य तथा विकासका कार्यक्रमहरूप्रति जिम्मेवार छन् भने तरुण दस्ता दलका कार्यकर्ताहरूको प्रतिरक्षा र सुरक्षाप्रति जिम्मेवार छन् । बारा र सर्लाहीमा तरुण दस्ताको गठन भएको र रौतहट तथा मोरङमा उक्त कार्य जारी रहेको मजफो नेपालका प्रतिनिधिहरूले बताए । मजफो नेपाल तरुण दस्तालाई लाठी तथा खुकुरीको साथमा प्रतिरक्षा तालिम दिइएको र जुलुसहरूमा दलका सदस्यहरूको सुरक्षाको लागि खटाइएको बताइन्छ ।

## ५. युथ फोरम – मधेशी जनाधिकार फोरम (मजफो) लोकतान्त्रिक

राजनीतिक दल सम्बद्धता:
मधेशी जनाधिकार फोरम लोकतान्त्रिक (मजफो-लोकतान्त्रिक)

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरण:
मजफो लोकतान्त्रिक युवा मञ्च मजफो नेपालसम्बद्ध समकक्षीभन्दा सानो रहेको बताइन्छ । पर्यवेक्षकहरूलाई बताइए जस्तै सन् २००९ मा भएको मधेशी जनाधिकार फोरमको फुटपछि मध्य तराईका जिल्लाहरूमा अधिकांश युवाहरूलाई मजफो नेपाल ले नै राखेपछि मधेशी जनाधिकार फोरम (लोकतान्त्रिक) ले आफ्नो नयाँ युवा समूहको गठन गर्नु पऱ्यो । मजफो लोकतान्त्रिक-युथ फोर्सका बाँकेस्थित एक प्रतिनिधीको अनुमानमा उक्त समूहमा लगभग २००-२५० सदस्यहरू थिए । मध्य तराईका जिल्लाहरूबाट पाइएको आंकडा उस्तै खाले थियो जहाँ रौतहट र सर्लाहीमा केही सयभन्दा बढी सदस्य थिएनन् । नवलपरासीका एक मजफो लोकतान्त्रिक प्रतिनिधिले त्यहाँको युवा समूह "निक्कै ठूलो" भएको भने पनि संख्या भने बताएनन् ।

सांगठनिक संरचना:
मजफो(लोकतान्त्रिक)-युथ फोर्सको निर्देशन संरचना अन्य युवासमूहको जस्तै छ जसमा केन्द्रीय, जिल्लास्तरीय र वडास्तरीय समितिहरूले केन्द्रीय तहका निर्देशनहरूको पालना गर्छन् ।

[४७] कृपया हेर्नुहोस्, "मजफोले रक्षा दल गठन गर्ने", *ekantipur.com*, २२ मे २०१०, http://www.ekantipur.com/2010/05/13/headlines/MJF-to-form-defence-squad/314252/

## ६. युवा मोर्चा र युथ फोर्स–तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)

राजनीतिक दल सम्बद्धताः
तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)[४८]

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरणः
तमलोपासँग सानो युवा समूह रहेको देखिन्छ । मध्य तराईमा तमलोपा युवा फ्रन्टको उपस्थिति असमान छ । अनुमानित सदस्यता संख्या रौतहटमा सर्वाधिक थियो जहाँ तमलोपा प्रतिनिधिहरूले सैयौं सदस्यहरू रहेको दावी गरे । नवलपरासी र सर्लाहीका तमलोपा-युवा फ्रन्ट प्रतिनिधिहरूले सदस्यताको कुनै अनुमानित संख्या दिएनन् ।

सांगठनिक संरचनाः
तमलोपा-युवा फ्रन्टको निर्देशन संरचना मजफो नपाल र मजफो लोकतान्त्रिककै युवा समूहको जस्तो छ जसमा केन्द्रीय, जिल्लास्तरीय र वडास्तरीय समितिहरूले केन्द्रीय तहका निर्देशनहरूको पालना गर्छन् ।

अन्य टिप्पणीः
तमलोपाका नेता महन्थ ठाकुरको गृह जिल्ला सर्लाही बाहेकका जिल्लामा तमलोपा-युवा फ्रन्टको उल्लेखनीय उपस्थिति जिल्ला तहभन्दा बढी देखिएन । रौतहटका तमलोपा-युवा फ्रन्टका एक प्रतिनिधिले उक्त फ्रन्ट अझै नयाँ समूह रहेको र आफ्नो सांगठनिक क्षमता विकास गरिरहेको पर्यवेक्षकहरूलाई बताए । मजफो नेपाल जस्तै तमलोपा पनि दलको लागि सुरक्षा प्रदान गर्नका लागि युवा दस्ताको स्थापना प्रक्रियामा रहेको हुन सक्छ । सर्लाहीका एक तमलोपा-युवा फ्रन्ट प्रतिनिधिले २०१० को अन्त्यसम्ममा आफ्नो युथ फोर्सको स्थापना गर्न ३०० जना सदस्य बनाउने (१०० गा.वि.स. तथा नगरपालिकाबाट दुई देखि चारजनासम्म गरी) अपेक्षा गरेको पर्यवेक्षकहरूलाई बताए । अन्य जिल्लाका तमलोपा प्रतिनिधिहरूले युवा दस्ता गठन गर्ने योजनाबारे केही उल्लेख गरेनन् ।

## ७. युवा जनसुरक्षा बल–नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

राजनीतिक दल सम्बद्धता
नेपाल कम्युनिष्ट पार्टी (माओवादी) - नेकपा(माओवादी)

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरणः
मातृका यादवको नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी(माओवादी) सम्बद्ध युवा जनसुरक्षा बल तुलनात्मक रूपमा सानो युवा समूह हो । तराईका जिल्लाहरूमा यसको सीमित उपस्थिति छ । महोत्तरीका नेकपा(माओवादी) प्रतिनिधिले जिल्लामा लगभग ३५० कार्यकर्ताहरू रहेको अन्दाज गरे ।

## ८. राष्ट्रिय प्रजातान्त्रिक युवक संगठन–राष्ट्रिय प्रजातन्त्र पार्टी

राजनीतिक दल सम्बद्धता
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरणः
राष्ट्रिय प्रजातान्त्रिक युवक संगठन नयाँ र तुलनात्मक रूपमा सानो देखिन्छ । दोलखाका राप्रपा सदस्यहरूले १५० जिल्ला सदस्यहरू भएको अनुमान गरेका थिए भने अन्य स्थानमा पर्यवेक्षकहरूले सदस्यताको कुनै अनुमान प्राप्त गर्न

[४८] यो खण्ड आधारित रहेको अनुसन्धान डिसेम्बर २०१० मा भएको तमलोपाको औपचारिक विभाजनपूर्व गरिएको थियो । कृपया हेर्नुहोस्, "तमलोपा विभाजित, यादवले तमलोपा-नेपालको नेतृत्व गर्ने", रिपब्लिका, ३१ डिसेम्बर २०१०, http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=26657

सकेनन् । राप्रपा को राष्ट्रिय प्रजातान्त्रिक युवक संगठन सार्वजनिक रूपमा सक्रिय देखिँदैन र दोलखा र कास्कीका दल प्रतिनिधिहरुले युवा समूहले हाल कुनै गतिविधि संचालन नगरेको पर्यवेक्षकहरुलाई बताए ।

### ९. अखिल नेपाल युवा संगठन–राष्ट्रिय जनमोर्चा नेपाल

राजनीतिक दल सम्बद्धता
राष्ट्रिय जनमोर्चा (राजमो)

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरण:
अखिल नेपाल युवा संगठन सार्वजनिक रूपमा सक्रिय देखिँदैन । पर्यवेक्षकहरूले यसका सदस्यहरूको अनुमान प्राप्त गर्न सकेनन् ।

सांगठनिक संरचना:
राजमो अखिल नेपाल युवा संगठनको केन्द्रीय समिति छ जसले जिल्ला समितिहरूलाई निर्देशन दिने गर्दछ ।

### १०. लिम्बुवान स्वयंसेवक–संघीय लिम्बुवान राज्य परिषद्

राजनीतिक सम्बद्धता:
संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च र गैर राजनीतिक दल समूहहरू

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरण:
मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषदका कुमार लिङ्देन, सन्जुहाङ पालुङ्वा र मिसेकहाङ थाम्सुहाङ नेतृत्वका तीनै गुटहरूसँग युवा समूहहरू छन् जो लिम्बुवान स्वयंसेवक (LV) भनेर चिनिन्छन् । संयुक्त लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध कुमार लिङ्देन नेतृत्वको संघीय लिम्बुवान राज्य परिषद्सँग सबैभन्दा बढी लिम्बु स्वयंसेवक भएको देखिन्छ । उक्त समूहमा पूर्वाञ्चल क्षेत्रको अरुण नदी पूर्वका प्रस्तावित नौ लिम्बुवान जिल्लामा छरिएर रहेका १७००० कार्यकर्ताहरू भएको अपुष्ट अनुमान छ । सन्जुहाङ नेतृत्वको परिषद् लिम्बुवान स्वयंसेवक भएको दोस्रो ठूलो समूह हो जसमा प्रस्तावित लिम्बुवान राज्यभरि १४,००० कार्यकर्ता रहेको अपुष्ट अनुमान छ । मिसेकहाङ नेतृत्वको गुट तीनमध्ये सबैभन्दा सानो भए पनि सदस्य संख्या बढाएर हज्जारौं रहेको अनुमान गर्दछन् ।

सांगठनिक संरचना:
तीनै गुटका संघीय लिम्बुवान राज्य परिषद्सम्बद्ध लिम्बुवान स्वयंसेवक प्रतिनिधिहरूले आफ्नो निर्देशन संरचनाबारे सैनिक शब्दावलीमा व्याख्या गरे । झापाका एक मिसेकहाङ नेतृत्वको परिषद् प्रतिनिधिले हरेक लिम्बुवान स्वयंसेवक समूहको श्रेणी विवरण यस्तो व्याख्या गरेः नौ लिम्बुवान जिल्लाका लागि एक केन्द्रीय कमान्डर जिम्मेवार हुन्छन्, सहकमान्डरहरू दुई वा तीन जिल्लाका लागि जिम्मेवार हुन्छन् भने जिल्लातहका कमाण्डरहरू जिल्लाभित्रका विभिन्न समितिहरूको रेखदेख गर्न जिम्मेवार हुन्छन् ।

लिम्बुवान स्वयंसेवकका विभिन्न प्रतिनिधिहरूले लिम्बुवान स्वयंसेवकको निर्देशन संरचनालाई माओवादीको जनमुक्ति सेनासँग तुलना गरे । संघीय लिम्बुवान राज्य परिषद्अन्तर्गतको लिम्बु स्वयंसेवकका एक इलाम प्रतिनिधिले संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध लिम्बुवान स्वयंसेवा दलको "नियमित" सदस्य बन्नका लागि कुनै पनि कार्यकर्ताले जनमुक्ति सेनाको ढाँचामा रहेको लिम्बुवान स्वयंसेवकको सामाजिक कमाण्डमा काम गरेको हुनुपर्ने पर्यवेक्षकहरूलाई बताए । उनको भनाईमा लिम्बुवान स्वयंसेवक बल "मुक्ति सेना" जनमुक्ति सेनाजस्तै हो र यसलाई तुरुन्त परिचालन गर्न सकिन्छ । इलामका अर्का लिम्बुवान स्वयंसेवक कार्यकर्ताले लिम्बुवान स्वयंसेवकहरू "आवश्यकता अनुसार" उपलब्ध हुनका लागि दुई घरमा ५० वा ६० जना सँगै बस्ने गरेको पर्यवेक्षकहरूलाई बताए ।

अन्य टिप्पणी:
झापामा अन्तर्वार्ता गरिएका एक दल-असम्बद्ध व्यक्तिले लिम्बुवान स्वयंसेवकहरूलाई "शीघ्र परिचालन" गर्ने खालको दल भएको बताए जसलाई आवश्यकता परेमा "एक घण्टाभित्रमा" परिचालन गर्न सकिन्छ । संघीय लिम्बुवान राज्य परिषद्-सन्जुहाङसम्बद्ध झापाका एक लिम्बुवान स्वयंसेवक प्रतिनिधिले पर्यवेक्षकहरूलाई अधिकांश लिम्बुवान

स्वयंसेवकहरू "लिम्बुवान मिलिशिया" कै अङ्ग भएको बताए जुन कार्य पूर्णकालिक लिम्बुवान स्वयंसेवक बन्नको लागि पूर्वावश्यक हुन्छ । उनको भनाईमा उक्त समूहले आफूलाई भावी लिम्बुवान "सुरक्षा बल" को रूपमा हेर्ने गर्छ तर उनले कार्यकर्ता तालिम "अहिंसात्मक" भएको र "शान्ति तथा सुरक्षा" सुनिश्चित गर्ने कार्यमा लागेकोमा जोड दिए ।

### ११. संघीय स्वयंसेवक ("थारु स्वयंसेवक" पनि भनिएको) – थरुहट स्वायत्त राज्य परिषद्

राजनीतिक दल सम्बद्धता:
लक्ष्मण थारु नेतृत्वको संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टी ।
यसअलावा, राजनीतिक दल नभए पनि थरुहट स्वायत्त राज्य परिषद्ले पनि थारु स्वयंसेवकको व्यवस्थापन गर्ने गर्दछ ।

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरण:
यसको वर्तमान सदस्यताको विस्तृत अनुमान हासिल गर्न नसकिए पनि थरुहट सेनाको गठन भएदेखि ५०० भन्दा उल्लेख्य रूपले बढी कार्यकर्ता रहेको अनुमान गर्न सकिँदैन । उल्लेख्य थारु जनसंख्या भएको कन्चनपुर जिल्लामा हालै गरिएको भ्रमणको दौरान एक थरुहट स्वयंसेवक प्रतिनिधिले २०० भन्दा बढी जिल्ला सदस्यहरू नभएको अनुमान गरे । थरुहट स्वयंसेवक सदस्यहरू पूर्णकालिक कार्यकर्ता रहेको पर्यवेक्षकहरूले पाएनन् बरु मान्छेहरूले आफ्नो फुर्सदको समयमा थरुहट स्वायत्त राज्य परिषद् तथा संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टीलाई सहयोग गर्ने गरेको पाइयो ।

सांगठनिक संरचना:
थारु स्वयंसेवक २००९ को अगष्टमा गठित थरुहट सेनाको[४९] पुनर्गठित पदावली हो । यो संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टीको संघीय स्वयंसेवकमा सम्मिलित १३ पहिचान समूहका युवा समूहमध्येको एक हो । थारु स्वायत्त राज्य परिषद् तथा संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टी दुवैले थारु युवा समूहको संचालन एक साथ गर्ने गरेको र दुवै समूहका गतिविधिको लागि कार्यकर्ता परिचालन गर्ने गरेको बताइन्छ । थारु स्वायत्त राज्य परिषद्ले स्थानीय तहका कार्यक्रमहरूको आधारमा थारु स्वयंसेवक कार्यकर्ताहरूलाई निर्देशन दिने गर्छ भने संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टीले केन्द्रीय तहका कार्यक्रमहरूका लागि कार्यकर्ताहरूको परिचालन गर्ने गर्छ । कैलालीका एक पूर्व जनमुक्ति सेनासदस्य तथा पूर्व लिम्बुवान स्वयंसेवक कमाण्डर संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टीको तर्फबाट थरुहट स्वयंसेवक कार्यकर्ताहरूको लागि थारु स्वायत्त राज्य परिषद्सँग सहकार्य गर्छन् । थारुहट स्वयंसेवकले बेला बेलामा हुने केन्द्रीय तहका बैठकहरूमार्फत अर्को संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टी-सम्बद्ध युवा समूहसँग सहकार्य गर्ने गरेको बताइन्छ । स्वयंसेवकहरू संघीय लोकतान्त्रिक राष्ट्रिय पार्टीका नेताहरूद्वारा हुने जिल्ला भ्रमणमा सुरक्षा प्रदान गर्न जिम्मेवार हुन्छन् । कन्चनपुरमा थारु स्वयंसेवकका कार्यकर्ताहरूले हालै थारु स्वायत्त राज्य परिषद्बाट आफ्नो आधारक्षेत्र निर्वाचन क्षेत्रको तहसम्म पुऱ्याउने निर्देशन प्राप्त गरेका छन् । वर्तमानमा उनीहरू संगठन विस्तार योजनाअन्तर्गत कार्य गर्न कन्चनपुरका हरेक निर्वाचन क्षेत्रमा समिति गठन गर्ने कार्य गरिरहेका छन् ।

अन्य टिप्पणी:
थारु स्वयंसेवकले चौधरी युवा क्लबहरूमार्फत[५०] राम्रो सञ्जाल निर्माण गरेका छन् । उनीहरूले यसलाई जिल्लाभरि हुने कार्यक्रमहरूमा ठूलो संख्यामा युवाहरूलाई परिचालन गर्न र आवश्यकता अनुसार सरकारलाई दवाव दिनका लागि मुख्य शक्तिको रूपमा हेरेका छन् । कन्चनपुरमा सन् २००९ मा भएको थारु आन्दोलनमा ठूलो संख्यामा जनता परिचालन गर्न उनीहरूलाई यसैले सम्भव बनाएको थियो ।

### १२. युवा मोर्चा – क्षेत्री समाज

राजनीतिक दल सम्बद्धता:
नभएको

---

[४९] पर्यवेक्षकहरूद्वारा अन्तर्वार्ता गरिएका एक थारु स्वयंसेवक कार्यकताले भने, "हामीले संगठनको नाम परिवर्तन गर्नुको एक कारण थरुहट सेनाप्रतिको नकारात्मक धारणालाई न्यून गर्नका लागि थियो ।"

[५०] चौधरी युवा क्लबहरू धेरै थारु गाउँहरूमा सक्रिय रहेका दीर्घकालीन सहकारीहरू हुन् । उनीहरूले ऋण र वचतका अवसरहरू प्रदान गर्नुका साथै सडक सरसफाइलगायतका सामाजिक कार्यमा युवाहरूलाई संलग्न गराउँछन् ।

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरण:
क्षेत्री समाजको युवा मोर्चाको सांगठनिक क्षमता विकास गर्न केन्द्रित देखिन्छ । आधारस्थल कास्की भएको यस युवा समूहको अन्दाजमा यसमा लगभग केही हजार सदस्यहरू छन् र उनीहरू मातृसंगठन (क्षेत्री समाज) को समेत पूर्णकालिक सदस्य हुन् ।

अन्य टिप्पणी:
क्षेत्री समाज युवा मोर्चाका अध्यक्षले मञ्चको मुख्य जिम्मेवारी "क्षेत्री समाजको लागि समर्थन क्षेत्र विस्तार गर्नु तथा गा.वि.स. तथा वडा तहमा नयाँ शाखा स्थापना गर्नु" रहेको पर्यवेक्षकहरूलाई बताए । उनले थप उल्लेख गर्दै युवा समूह सार्वजनिक छलफल कार्यक्रमहरूको आयोजना गरी जनतालाई जातीयतामा आधारित संघीयताको खतराबारे ज्ञान दिने कार्यमा जिम्मेवार छ र यस विषयमा चेतना जगाउन उनी आफैं घर दैलो जाने गरेको बताए । "किन जातीयतामा आधारित संघीयता राज्यको लागि नराम्रो हुन्छ र यसले कसरी युद्ध र अशान्ति फैलाउँछ भन्ने विषयको अन्तरक्रिया कार्यक्रमहरूको क्रममा गएका दुई महिनामा म कास्कीका विभिन्न ठाउँ पुगेको छु । गएको हप्ता म दाङमा थिएँ र त्यसअघि रोल्पामा । हामीले ती कार्यक्रमहरू क्षेत्रीहरूमाझ मात्र नभै सबै जात र विभिन्न जातीय समूहहरूको साथमा गर्‍यौं ।"

## १३. युवा मोर्चा–ब्राह्मण समाज

राजनीतिक सम्बद्धता:
नभएको

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरण:
ब्राह्मण समाज युवा मञ्च पनि क्षेत्री समाज जस्तै सांगठनिक क्षमता निर्माणमा लागेको देखिन्छ । कास्कीका ब्राह्मण समाज युवा मञ्च प्रतिनिधिको अनुमानमा मञ्चका लगभग ४,००० सदस्यहरू छन् । संगठनले जिल्लाका सबै गा.वि.स.हरूसम्म आफ्नो उपस्थिति पुर्‍याउने प्रयास गरिरहेको र चेतना अभिवृद्धिका लागि सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिरहेको संगठनका महासचिवले पर्यवेक्षकहरूलाई बताए ।

अन्य टिप्पणी:
ब्राह्मण समाज युवा समूहका एक नेताले आफ्ना मुद्दाहरू वैधानिक रूपमा अघि बढाउन असफल भएमा युवा समूह "भूमिगत हुन सक्ने" सम्भावना रहेको उल्लेख गरे ।

## १४. खुम्बुवान स्वयंसेवक– खुम्बुवान राष्ट्रिय मञ्च

राजनीतिक दल सम्बद्धता:
नभएको

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरण:
खुम्बुवान राष्ट्रिय मञ्च खुम्बुवान स्वयंसेवक खोटाङमा अवस्थित पाइयो । त्यहाँका खुम्बुवान प्रतिनिधिहरूले ६,५०० जिल्लास्तरीय खुम्बुवान स्वयंसेवक कार्यकर्ता रहेको र पूर्वाञ्चल क्षेत्रको अरुण नदि पश्चिमका सात जिल्लामा ४५,००० सदस्य रहेको पर्यवेक्षकहरूलाई बताए । उक्त आँकडाको सत्यता पुष्टि गर्न पर्यवेक्षकहरूले नसके पनि क्षेत्रीय जनसांख्यिक तथ्यांकको आधारमा यो संख्या अत्यधिक बढाइचढाइ गरिएको मान्न सकिन्छ ।

अन्य टिप्पणी:
अन्तर्वार्ता गरिएका खुम्बुवान राष्ट्रिय मञ्च प्रतिनिधिले खुम्बुवान स्वयंसेवकको हालको मुख्य गतिविधि शारीरिक तालिम रहेको दावी गरे । नयाँ संविधानले खुम्बुवान राज्यको प्रत्याभुत नगरे खुम्बुवान स्वयंसेवकहरूले सशस्त्र संघर्ष

शुरु गर्ने उनले बताए । अन्तर्वार्ता गरिएका अन्य व्यक्तिहरू भने खुम्बुवान स्वयंसेवकहरूले गरेको आफ्नो युवा समूहको सांगठनिक संरचना विस्तारबाहेक अन्य कुनै गतिविधिप्रति जानकार थिएनन् ।

**१५. युवा मञ्च-तमु धिं गुरुङ**

राजनीतिक दल सम्बद्धताः
नभएको

संगठन आफैंद्वारा दिइएको सदस्यता विवरणः
कास्कीअवस्थित तमु धिं अध्यक्षले समूहका सदस्यहरू १०,००० भन्दा बढी रहेको र गुरुङ युवा मञ्च शाखाका नेताहरूलाई आफ्ना स्थानीय क्षेत्रहरूमा नयाँ शाखाहरू गठन गर्न निर्देशन दिइएको पर्यवेक्षकहरूलाई बताए । युवा मञ्चका अध्यक्षको भनाईमा, "तमु धिं युवा समूह गुरुङ युवाहरूबाट निर्मित छ जो कहिलेकाहीं राजनीतिक दलका युवा समूहहरूमा समेत हुने गर्छन् । हाम्रो युवा समूहको पचास प्रतिशत वाइसिएल, युवा मञ्च तथा तरुण दलजस्ता दलकै युवा समूह सदस्यहरूबाट निर्मित छ । अन्य ५० प्रतिशत तटस्थ छन् ।"

अन्य टिप्पणीः
तमु धिं गुरुङ युवा मञ्च हाल निष्क्रिय देखिन्छ । वर्तमानमा युवा समूहको कुनै गतिविधि नभए पनि यसले आगामी महिनाहरूमा तमुवान राज्यको लागि दवाव दिने कार्यक्रमहरूको योजना बनाइरहेको तमु धिंका अध्यक्षले बताए ।